# सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन

मुन्नु राई

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयको एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका लागि प्रस्तुत लघुशोधप्रबन्ध

फरवरी २०१८

# सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागद्वारा सञ्चालित एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको लागि प्रस्तुत

लघुशोधप्रबन्ध


**शोध - निर्देशक**

प्रो. प्रतापचन्द्र प्रधान

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

मुन्नु राई

एमफिल१६MPNP०४

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत *सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन* शीर्षक यो लघुशोधप्रबन्ध मैले शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेकी हुँ र यो पूर्णत: मौलिक शोधकार्य हो। मैले यो लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र ती स्रोत व्यक्तिहरूप्रति कृतज्ञ पनि छु। यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअधि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छुइनँ। यस लघुशोधप्रबन्धको कुनै पनि अंश वा पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गराएकी छुइनँ। मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धता बिरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

विभाग प्रमुख

मिति- 29/01/2018

शोधार्थी

मुन्नु राई

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India, 2007]*

**DEPARTMENT OF NEPALI**
SCHOOL OF LINGUISTICS & LANGUAGES

*Prof. (Dr) Pratap Chandra Pradhan*

# शोधनिर्देशकको अग्रसारन

**सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन** शीर्षकको यो लघुशोधप्रबन्ध शोधार्थी सुश्री मुन्नु राईले मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । साहित्य र चलचित्रका बिचको अन्तर्विषयक सम्बन्धलाई देखाउँदै नेपाली चलचित्र उद्योगमा सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रलाई चलचित्रका तत्वगत एवम् प्राविधिक आधारमा हेर्ने काम प्रशंसनीय ढङ्गमा भएको छ । प्रस्तुत लघुशोधप्रबन्ध नेपाली चलचित्रको सघन अध्ययनक्रममा एउटा उपलब्धिका साथै थप श्रृङ्खलासमेत बन्न पुगेको छ । यसर्थ म यस लघुशोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष अनुरोधका साथ अग्रसारन गर्दछु ।

दिनाङ्क : 29/01/2018

forwarded
Pradhan
29/01/2018

शोधनिर्देशक

Professor
Department of Nepali
Sikkim University

प्रतापचन्द्र प्रधान

प्रोफेसर/विभाग प्रमुख

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय ।

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251078 (O), Mobile: +91- 94740-24738
Email : dr.pratappradhan@gmail.com, www.sikkimuniversity.ac.in

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य मैले आदरणीय प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा तयार पारेकी हुँ। यस शोधकार्यको तयारी क्रममा अन्य जानकार व्यक्तिहरूबाट पनि आवश्यक सहयोग पाएकी छु। सर्वप्रथम सुझाव र सहयोगको लागि शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत लघुशोधप्रबन्ध लेखनका लागि प्रेरणा र हौसला दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक-प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्न चहान्छु।

शोधकार्यका सन्दर्भमा आवश्यक सामग्री सङ्कलनदेखि लिएर अन्यान्य सहयोगहरू उपलब्ध गराई सहयोग गरिदिनु हुने चलचित्र निर्देशक श्री चुनिलाल घिमिरे, श्रीमती वन्दना गौतम, पि. एच. डी.-का शोधार्थी श्री विवेक छेत्री र श्री सुरज गुरूङ्गप्रति तथा मेरा सम्पूर्ण सहपाठी साथीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। यसै प्रकियामा विशेष सहयोग पुऱ्याउनु हुने सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, निर्माण पुस्तकालयप्रति पनि म आन्तरिक हृदयबाट आभार प्रकट व्यक्त गर्दछु।

मुन्नु राई

एमफिल शोधार्थी

क्रम सङ्ख्या १६MPNP०४

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरू

१. द्वि. सं...................................... द्वितीय संस्करण

२. पृ......................................... पृष्ठ संख्या

३. प्रका......................................... प्रकाशन

४. प्र. सम्पा.................................... प्रमुख सम्पादक

५. प्र. सं......................................... प्रथम संस्करण

६. प्रा. लि........................................ प्राइभेट लिमिटेट

७. प्रो............................................ प्रोफेसर

८. वि.सं........................................ विक्रम संवत्

९. सम्पा........................................ सम्पादक

# विषयसूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| एण्टी प्लेइजरिज्(अ)म् प्रमाणपत्र | क |
| प्रतिबद्धता पत्र | ख |
| शोधनिर्देशकको अग्रसारन | ग |
| कृतज्ञता ज्ञापन | घ |
| लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरू | ङ |
| **पहिलो अध्याय** | **०१-१५** |
| १. शोधको परिचय | |
| १.२. शोधशीर्षक | |
| १.२.१. शोधशीर्षकको परिचय | |
| १.३. शोधको प्रयोजन | |
| १.४. शोधको समस्या | |
| १.५. शोधको उद्देश्य | |
| १.६. पूर्वकार्यको समीक्षा | |
| १.६.१ पुस्तकका आधारमा | |

१.६.२ लघु शोधप्रबन्ध आधारमा

१.६.३ पत्रपत्रिकाका आधारमा

१.७. शोधको औचित्य र महत्त्व

१.८. शोधको सीमाङ्कन

१.९. शोधको विधि

१.९.१. शोधविधि र ढाँचा

१.९.२. शोधको सामग्रीसङ्कलन विधि

१.१०. शोधको अनुमानित अध्याय विभाजन

सन्दर्भग्रन्थसूची

परिशिष्ट

**दोस्रो अध्याय** १६-४४

२. चलचित्रका परिचय, तत्त्वहरू र प्राविधिक पक्ष

२.१ चलचित्रको परिचय

२.१.१ चलचित्रको अर्थ, परिभाषा र स्वरूप

२.१.२ चलचित्रको प्रकार

(क) कथानक चलचित्र

(ख) वृत्तचित्र

(ग) भयानक चलचित्र

(घ) हाँस्य चलचित्र

(ङ) अनुप्राणित चलचित्र

(च) जीवनी चलचित्र

२.२ चलचित्रका प्रमुख तत्त्वहरू

२.२.१ कथा, पटकथा र संवाद

२.२.२ गीत-सङ्गीत

२.२.३ अभिनय

२.२.४ नृत्य

२.२.५ शृङ्गार

२.३ चलचित्रका प्राविधिक पक्ष

२.३.१ छायाङ्कन

२.३.२ प्रकाश

२.३.३ ध्वनि

२.३.४ सम्पादन

२.३.५ निर्देशन

२.४ उपसंहार

**तेस्रो अध्याय** **४५-८१**

३. सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रको विश्लेषण

३.१ चलचित्रको तत्त्वको आधारमा 'साइनो' र 'किन मायामा' कथानक चलचित्रको विश्लेषण

३.१.१ तत्त्वगत आधारमा 'साइनो' कथानक चलचित्रको विश्लेषण

३.१.१.१ कथावस्तु, पटकथा र संवाद

३.१.१.२ गीत-सङ्गीत

३.१.१.३ अभिनय

३.१.१.४ नृत्य

३.१.१.५ शृङ्गार (साज-सज्जा तथा भेषभूषा)

३.१.२ तत्त्वगत आधारमा 'किन मायामा' कथानक चलचित्रको विश्लेषण

३.१.२.१ कथावस्तु, पटकथा र संवाद

३.१.२.२ गीत-सङ्गीत

३.१.२.३ अभिनय

३.१.२.४ नृत्य

३.१.२.५ शृङ्गार (साज-सज्जा तथा भेषभूषा)

३.२ चलचित्रको प्राविधिक पक्षको आधारमा 'लाहुरे' र 'लेटर' कथानक चलचित्रको विश्लेषण

३.२.१ प्राविधिक पक्षको आधारमा 'लाहुरे' कथानक चलचित्रको विश्लेषण

३.२.१.१ छायाङ्कन (कोण र दृश्यांश)

३.२.१.२ निर्देशन

३.२.१.३ प्रकाश

३.२.१.४ ध्वनि

३.२.१.५ सम्पादन

३.२.२ प्राविधिक पक्षको आधारमा 'लेटर' कथानक चलचित्रको विश्लेषण

३.२.२.१ छायाङ्कन (कोण र दृश्यांश)

३.२.२.२ निर्देशन

३.२.२.३ प्रकाश

३.२.२.४ ध्वनि

३.२.२.५ सम्पादन

३.३ उपसंहार

**चौँथो अध्याय** ८२-१०१

४. सिक्किमको सन्दर्भमा नेपाली कथानक चलचित्रका वर्तमान स्थिति, समस्या र चुनौती तथा सम्भावित भविष्य

४.१ सिक्किममा नेपाली कथानक चलचित्रको थालनी र विकास

४.२ सिक्किममा नेपाली कथानक चलचित्रको वर्तमान स्थिति

४.३ सिक्किममा नेपाली कथानक चलचित्रका समस्या र चुनौती

४.४ सिक्किममा नेपाली कथानक चलचित्रको सम्भावित भविष्य

४.५ उपंसहार

**पाँचौं अध्याय** १०२-१०६

५. शोधकार्यको उपसंहार तथा निष्कर्ष

५.१ अध्यायगत उपसंहार

५.२ समष्टि निष्कर्ष

**सन्दर्भग्रन्थसूची** १०७-१०९

**परिशिष्ट क**

चलचित्र निर्देशक चुनिलाल घिमिरेसँग अन्तर्वाता लिँदाको तस्बीर

**परिशिष्ट ख**

निर्देशक चुनिलाल घिमिरेसँगको अन्तर्वार्ता उनको आफ्नै हस्ताक्षरमा

# पहिलो अध्याय

# शोध परिचय

## १.शोधक्षेत्रको परिचय

भाषा, साहित्य, सङ्गीत, नृत्य, ललितकला, मूर्तिकला, चित्रकला, वास्तुकला, ज्ञान-विज्ञान, दर्शन आदिको सङ्गमको रूपमा विकसित एउटा सशक्त, प्रभावकारी र मनोरञ्जक कला नै चलचित्र हो।[१] अङ्ग्रेजी भाषाको मोसन पिक्चर, मूभी, फिल्म, बायोस्कप, सिनेमा आदि शब्दको पर्यायको रूपमा नेपालीमा चलचित्र शब्द प्रयोगमा आएको हो। जीवित तस्वीरका रूपमा विज्ञापन गर्दै सन् १८९५ डिसेम्बर २८- का दिन फ्रान्सका लुई लुमाएर र आगस्त्य लुमाएरले पेरिसको प्रसिद्ध होटेल 'ग्राण्ड केफे' - मा लघु ध्वनिरहित चलचित्रहरू देखाएको ठीक आधा शताब्दीपछि अर्थात् सन् १९५० देखि मात्र नेपाली चलचित्रको इतिहास सुरु भएको पाइन्छ। सन् १९५०- मा नेपाली भाषामा कलकत्ताबाट डी.बी. परियारको निर्देशनमा निर्मित *सत्य हरिषचन्द्र* नामक चलचित्र हिन्दी चलचित्रकै नेपाली रूपान्तर थियो। त्यही चलचित्रको प्रदर्शनसँगै नेपाली चलचित्रको विकास प्रकिया पनि सुरु भएको हो।

---

[१]. लक्ष्मीनाथ शर्मा, (सन् २०१०), **चलचित्रकला सिद्धान्त, शैली र प्रवृत्ति**, ललितपुर: साझा प्रकाशन, पृ.१२।

*सत्य हरिषचन्द्र* प्रदर्शन भएको ११ वर्षपछि मात्र नेपालबाट वृत्तचित्रको रूपमा नेपाली भाषामा चलचित्र निर्माण हुन थाल्यो। त्यसपछि नेपालबाट विभिन्न प्रकारका चलचित्रहरू देखापर्न थाले जस्तै- *आमा* (सन् १९६५), *माइती घर* (सन् १९६६), *हिज आज भोली* (सन् १९६६), *परिवर्तन* (सन् १९७०), *मनको बाँध* (सन् १९७३), *कुमारी* (सन् १९७७), *सिंदुर* (१९७९) आदि।

नेपालबाट *आमा* नामक कथानक चलचित्र प्रदर्शन हुनुभन्दा ३ वर्ष अघि नै दार्जिलिङमा सन् १९६२ जुन ३० तारिखका दिनदेखि प्रताप सुब्बाको निर्देशनमा कथानक चलचित्र *सपना कतिपय*-को निर्माणक्रम र छाँयाङ्कन थालिएको पाइन्छ। तर आगलागीका कारण त्यो चलचित्र पूरा हुन सकेन। सन् १९७८-मा दार्जिलिङबाट प्रताप सुब्बाको निर्देशनमा कथाकार गुरूप्रसाद मैनालीद्वारा लिखित *परालको आगो* कथामा आधारित *परालको आगो* नामक कला चलचित्र निर्माण भयो। त्यसपछि अन्य धेरै चलचित्रहरू निर्माण भई प्रदर्शित भए, जस्तै-*बाँसुरी* (सन् १९८२), *बाँच्न चाहनेहरू* (सन् १९८२), *कहीं अँध्यारो-कहीं उज्यालो* (सन् १९८३), *जार* (सन् १९८७), *अर्को जन्म* (सन् १९८५), *झोडा* (सन् १९८७) इत्यादि। यसरी नेपाली चलचित्रलाई निरन्तरता दिँदै सिक्किमबाट पनि सन् १९८४- मा प्रताप सुब्बाको निर्देशनमा निर्मित *मशाल* नामक चलचित्र निर्माण भएको थियो। यस चलचित्रलाई सिक्किमको पहिलो नेपाली कथानक चलचित्र मानिन्छ। त्यही चलचित्रको

प्रदर्शनदेखि सिक्किमबाट पनि अन्य थुप्रै चलचित्रहरू निर्माण भई प्रदर्शित भए, जस्तै- *साइनो* (सन् १९८७), *लाहुरे* (सन् १९८८), *भूल* (सन् १९९०), *रानी खोला* (सन् १९९८), *मिसन लव इन सिक्किम* (सन् २००७), *किन मायामा (२०११), लेटर (२०१२)* इत्यादि। यसप्रकार नेपाली भाषामा नेपाल लगायत दार्जिलिङ, सिक्किम, बम्बई, कलकत्ता आदि क्षेत्रबाट चलचित्र निर्माणक्रम अघि बढ्दै गएको पाइन्छ।

कथानक चलचित्रहरूको निर्माणक्रमको गति बढ्दै जाँदा सिक्किमबाट पनि त्यस्ता चलचित्रहरू निर्माण हुन थाले। आजको सन्दर्भमा चलचित्र पनि अध्ययनको विषय बन्न पुगेकोले गर्दा सिक्किमबाट निर्मित नेपाली चलचित्रहरू पनि एउटा छुट्टै शोधको विषय हुनाले यस दिशातिर प्रस्तुत शोधकार्य केन्द्रित छ।

### १.२.शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन** हो।

### १.२.१.शोधशीर्षकको परिचय

नेपाली चलचित्रलाई अघि बढाउने क्रममा सिक्किम पनि एउटा चलचित्र निर्माण स्थल हो। नेपाल, दार्जिलिङ हुँदै सिक्किमबाट पनि विभिन्न प्रकारका चलचित्रहरू निर्माण हुन

थालेका छन्। नेपाली चलचित्रको इतिहासमा सिक्किमबाट निर्मित चलचित्रहरू गुणात्मक एवम् सङ्ख्यात्मक रुपमा धेरै देखा परिसकेका छन्। नेपाल र दार्जिलिङबाट निर्माण भएका चलचित्रमाथि प्राय: जसो अध्ययन भए तापनि सिक्किमबाट निर्माण भएको चलचित्रको गहन अध्ययन भएको पाइँदैन। यसैले शोधका लागि यो नौलो विषय भएकोले र त्यसको अभावपूर्तिका निम्ति यस शोधकार्यअन्तर्गत सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन गरिने कार्य भएको छ साथै यस क्षेत्रबाट नेपाली चलचित्रको विकासमा पुगेको सन्दर्भलाई समेत यस शोधकार्यमा समावेश गरिएको छ।

### १.३.शोधको प्रयोजन

**सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन**सम्बन्धी शोधकार्यको अभाव रहेको अनुभव गर्दै आवश्यकतापूर्तिका निम्ति यस विषयको अध्ययन प्रयोजनीय देखिन्छ र साथै सिक्किम विश्वविद्यालयको नेपाली विभागअन्तर्गत एमफिल परीक्षाको निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका निम्ति पनि प्रस्तुत लघुशोधप्रबन्ध तयार पारिएको हो।

## १.४.शोधको समस्या

मूलतः शोधको विषय नै शोधको समस्या रहेको छ। यिनै समस्यामूलक विषयलाई केन्द्र गरी निम्नलिखित बुँदाहरूलाई शोधको समस्या स्वरूप अघि सारिएको छ।

(क) चलचित्रका स्वरूप, तत्त्व र प्राविधिक पक्षहरूलाई छुट्टाउने सैद्धान्तिक आधार के हुन सक्छन् ?

(ख) सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको पृष्ठभूमि के कस्तो छ ?

(ग) सिक्किमबाट निर्मित कथानक चलचित्रको स्तर कस्तो छ र नेपाली चलचित्रको विकासमा सिक्किमको योगदान के कस्तो देखिएको छ?

## १.५.शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उपर्युक्त समस्याहरूको समाधानार्थ अन्तिम निष्कर्षसम्म पुग्नका लागि निम्न लिखित उद्देश्यहरूलाई अघि सार्न सकिन्छ :

(क) चलचित्रका स्वरूप, तत्त्व र प्राविधिक पक्षहरूलाई छुट्टाउने सैद्धान्तिक आधारको अध्ययन गर्नु।

(ख) सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको पृष्ठभूमि पहिल्याउँदै कथानक चलचित्रका स्वरूप निर्धारण गर्नु।

(ग) सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको स्तरनिर्धारण गर्दै नेपाली चलचित्रको विकासमा सिक्किमको योगदान प्रस्तुत गर्नु।

## १.६.पूर्वकार्यको विवरण र समीक्षा

प्रस्तुत शोध विषयमा आजसम्म कुनै पनि शोधकार्य भएको पाइँदैन। कतिपय विद्वानहरूले सिक्किमका नेपाली कथानक चलचित्रबारे छुटपुट लेख लेखेर प्रकाशित गरेको भए तापनि सम्पूर्ण सिक्किमेली नेपाली कथानक चलचित्रमाथि आजसम्म कसैले पनि अध्ययन गरेको जानकारी पाइँदैन। शोध सामग्री सङ्कलनक्रममा शोधसँग सम्बन्धित प्राप्त भएसम्मका प्रकाशित पुस्तक तथा पत्र-पत्रिकामा प्रकाशित लेखहरूको सङ्कलन गरी तिनलाई पूर्वकार्यको विवरण र समीक्षाको रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका सङ्ख्या - १

## पुस्तकका आधारमा तालिकागत विवरण

| क्र.सं | लेखक | प्रकाशन वर्ष | पुस्तक | प्रकाशन स्थान | प्रकाशक |
|---|---|---|---|---|---|
| १. | प्रकाश सायमी | सन् २००४ | चलचित्र: कला र प्रविधि | काठमाडौं | पैरवी बुक्स एण्ड स्टेशनरी |
| २. | माधव ढुङ्गेल | सन् २०१० | चलचित्र सिद्धान्त | काठमाडौं | बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स |
| ३. | राजेन्द्र सुवेदी | सन् २०१२ | चलचित्र सिद्धान्त र नेपाली चलचित्र | बागबजार | कञ्चन प्रिन्टिङ प्रेस |
| ४. | लक्ष्मीनाथ शर्मा | सन् २०१० | चलचित्रकला सिद्धान्त, शैली र प्रवृत्ति | ललितपुर | साझा प्रकाशन |
| ५. | सुभाषचन्द्र न्यौपाने | सन् २०१३ | नेपाली नाटक र चलचित्र सिद्धान्त | धरान | एन्.बी.डी प्रकाशक |

## तालिका सङ्ख्या - २

## लघुशोधप्रबन्धका आधारमा तालिकागत विवरण

| क्र. सं | शोधकर्ता | स्वीकृत वर्ष | शोध शीर्षक | स्थान | विश्वविद्यालय |
|---|---|---|---|---|---|
| १. | वन्दना गौतम | सन् २०१३ | चलचित्रका तत्त्वहरूका आधारमा परालको आगो चलचित्रको प्राविधिक,सांस्कृतिक तथा संरचनाको अध्ययन | गान्तोक | सिक्किम विश्वविद्यालय |

## तालिका सङ्ख्या — ३

## पत्रपत्रिकाका आधारमा तालिकागत विवरण

| क्र.सं= | लेखक | लेखको शीर्षक | पत्र-पत्रिका | वर्ष/अङ्क | सम्पादक | प्रकाशक/ स्थान |
|---|---|---|---|---|---|---|
| १. | चुनिलाल घिमिरे | चलचित्रको संक्षिप्त इतिहास र सिक्किमेली चलचित्रको पृष्ठभूमि | कला अनि कलाकार | २००९, भाग-१ | चुनिलाल घिमिरे | च्यानल ए.सी.ई. प्रेडक्सन्स् नामनांग, गान्तोक |

### **१.६.१ तालिका सङ्ख्या १ मा प्रस्तुत पूर्वकार्यको समीक्षा**

१. प्रकाश सायमीको पुस्तक **चलचित्र कला र प्रविधि** (सन् २००४)- मा विश्व चलचित्र साथै नेपाली चलचित्रको संक्षिप्त इतिहास र विकासक्रमको चर्चा गरिएको छ। यस पुस्तकमा सायमीले चलचित्रका अन्य पक्षहरू जस्तै- क्यामेराका प्रविधिहरू, चलचित्रको निर्माणक्रम, छायाङ्कन स्थलदेखि सिनेहलसम्म कसरी चलचित्र पुग्छ भन्ने कुराहरूको पनि संक्षिप्त रूपमा चर्चा गरेका छन्।

२. माधव ढुङ्गेलले आफ्नो **चलचित्र सिद्धान्त** (सन् २०१०)- नामक पुस्तकमा चलचित्रको परिचय दिँदै यसका अर्थ, परिभाषा र चलचित्रको भाषिक स्वरूपको पनि चर्चा गरेका छन्। उनले चलचित्रलाई सामाजिक यथार्थको वैज्ञानिक अन्तक्रियाद्वारा उत्पादित सर्वाधिक साधन, प्रभावशाली र संवेदनशील दृश्यकला भएको मानेका छन्। चलचित्र संवेदनशील दृश्यकला हुनाका कारण नै यसको निर्माणको बारेमा लेखन, छायाङ्कन, सम्पादन, निर्देशन आदि बारेमा यस पुस्तकमा उल्लेख गरिएको छ। यस पुस्तकमा एउटा पूर्ण चलचित्र बनाउनेक्रममा कस्ता-कस्ता तत्त्वहरूको प्रयोग हुन्छ भन्ने महत्त्वपूर्ण कुरालाई पनि प्रस्तुत गरेका छन्। उनले चलचित्रको तत्त्वलाई दुई किसिममा विभाजित गरेका छन् — सार्वजनिक तत्त्व र स्थानीय तत्त्व। सार्वजनिक तत्त्वमा विचार, चरित्र, वेषभूषा र शृङ्गार,

दृश्यविधान, प्रकाश, ध्वनि र पुँजी आदिलाई राखेका छन् भने स्थानीय तत्त्वहरूमा वातावरण, नाचगान, हँस्यौली र भिडन्त आदिलाई राखेका छन्।

३. राजेन्द्र सुवेदीले आफ्नो पुस्तक **चलचित्र सिद्धान्त र नेपाली चलचित्र** (सन् २०१२)- मा चलचित्र शब्दको निर्माण र तात्पर्यबारे चर्चा गर्दै चलचित्रको आवश्यक तत्त्वहरूको पनि चर्चा गरेका छन्। उनले यस पुस्तकमा नेपाल बाहिर बनेका नेपाली चलचित्रहरूको विवरण गर्दै त्यसमा केही सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रहरूको पनि चर्चा गरेका छन्।

४. लक्ष्मीनाथ शर्माको **चलचित्रकला सिद्धान्त, शैली र प्रवृत्ति** (सन् २०१०) नामक पुस्तकमा नेपाली चलचित्रका प्रारम्भिक स्वरूपहरू भनी चलचित्रको सुरु सन् १८९५ दिसम्बर २८- को दिन फ्रान्सका अगस्ट लुमाएर र लुइ लुमाएरबाट भएको थियो भने नेपाली चलचित्रको सुरु चाहिँ सन् १९६५- मा प्रदर्शित *आमा* चलचित्रबाट भएको उल्लेख गरेका छन्। यसका साथै सिक्किमबाट निर्मित *सम्झना, लाहुरे, साइनो* आदि कथानक चलचित्रहरूको पनि चर्चा गरेको पाइन्छ।

५. सुभाषचन्द्र न्यौपानेले आफ्नो पुस्तक **नेपाली नाटक र चलचित्र सिद्धान्त** (सन् २०१३)- मा चलचित्रको परिचय दिँदै यसको अर्थ, परिभाषा, तत्त्व, विशेषता, प्रकार

आदिबारे चर्चा गरेका छन्। उनले यस पुस्तकमा नेपाली चलचित्रको ऐतिहासिक सर्वेक्षण गर्दै त्यसमा सिक्किमबाट निर्मित केही नेपाली कथानक चलचित्रहरूलाई पनि छुटपुट रूपमा चर्चा गरेको पाइन्छ।

### १.६.२ तालिका सङ्ख्या २ मा प्रस्तुत पूर्वकार्यको समीक्षा

१.वन्दना गौतमको*चलचित्रका तत्त्वहरूका आधारमा परालको आगो चलचित्रको प्राविधिक,सांस्कृतिक तथा संरचनाको अध्ययन* (सन् २०१३) नामक एमफिलको लघु शोधप्रबन्धमा चलचित्रको परिचय दिँदै यसका अर्थ, परिभाषा, तत्त्व, विशेषता र चलचित्रका प्रकारबारे चर्चा गरिएको छ साथै कथानक चलचित्रको सैद्धान्तिक अध्ययन पनि गरिएको छ। उनले यस लघु शोधप्रबन्धमा नेपाली चलचित्रको संक्षिप्त इतिहासबारे चर्चा गर्दै सिक्किमको पहिलो कथानक चलचित्र प्रताप सुब्बाको निर्देशनमा सन् १९८४ निर्मित र प्रदर्शित *मशाल* चलचित्र हो, जसमा सिक्किमका स्थानीय कलाकारहरूका साथमा दार्जिलिङ, नेपाल र बम्बईका केही कलाकारहरू पनि सहभागी थिए भन्ने कुरा बताएकी छिन्।

### १.६.३ तालिका सङ्ख्या ३ मा प्रस्तुत पूर्वकार्यको समीक्षा

१. चुनिलाल घिमिरेले उनको लेख *चलचित्रको संक्षिप्त इतिहास र सिक्किमेली चलचित्रको पृष्ठभूमि*मा चलचित्रमाथि चर्चा गर्दै त्यससम्बन्धी विभिन्न चलचित्रका

इतिहासकारहरूको विचारलाई पनि प्रस्तुत गरेका छन्। उनले यस लेखमा सन् १८९५ डिसम्बर २८ तारिखका दिन फ्रान्सका लुई लुमिएर र आगस्त्य लुमिएरद्वारा पेरिसको प्रसिद्ध होटल ग्राण्ड केफेमा पहिलो चोटि चलचित्र प्रस्तुत गरेको ठिक आधा शताब्दीपछि मात्र नेपाली चलचित्रको उद्योग सुरु भएको उल्लेख गरेको पाइन्छ। घिमिरेले पहिलो नेपाली चलचित्र भारतबाट डी.बी परियारको निर्देशनमा बनिएको *सत्य हरिश्चन्द्र*लाई मानेका छन्। यसै चलचित्रबाट नै नेपाली चलचित्र निर्माणको जग बसेको कुरो पनि उल्लेख गरेका छन्। यसरी उनको प्रस्तुत लेखमा सन् १९८४ सालमा  प्रताप सुब्बाको निर्देशनमा *मशाल* नामक चलचित्रदेखि सिक्किमेली नेपाली चलचित्रको विकासयात्रा सुरु भएको जानकारी पनि दिएको छ। यसका साथै अन्य चलचित्रहरूबारे पनि संक्षेपमा उल्लेख गरेका छन्।

**१.७.शोधको औचित्य र महत्त्व**

आजको सन्दर्भमा चलचित्र एउटा अध्ययनको विषय बनेको छ। अझ साहित्यसँग यसको घनिष्ठ सम्बन्ध रहेको हुनाले पनि सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको औचित्य रहेको छ।

## १.८.शोधको सीमाङ्कन

वर्तमान सन्दर्भमा नेपाली चलचित्रले अध्ययनको व्यापक क्षेत्र ओघटेको छ। समग्रमा चलचित्रको अध्ययन बृहत् विषय भएकाले सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रकोमात्र स्वरूप निर्धारण गरी त्यसका तत्त्व र प्राविधिक पक्षकोआधारमा शोध विषयक अध्ययन केन्द्रित गरी प्रस्तुत शोधकार्य तयार पारिएको छ।

## १.९.शोधको विधि

शोधकार्यलाई वैज्ञानिक र व्यवस्थित बनाउनका लागि निम्नलिखित विधिहरू अपनाइएका छन्।

### १.९.१.शोधविधि र ढाँचा

**सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन**शीर्षकमा शोधकार्य गर्दा परम्परित पद्धतिभित्रको आगमनात्मक शोध पद्धतिको प्रयोग गरी निष्कर्ष निकालिएको छ। यस शोधकार्यमा सर्वेक्षणात्मक र विश्लेषणात्मक दुवै पद्धति ग्रहण गरिएको छ साथै शोधका विभिन्न प्राविधिक पक्षहरू जस्तै व्याकरणात्मक शुद्धाशुद्धि, पादटिप्पणी, चिन्ह प्रयोग, उद्धरण प्रस्तुति, सन्दर्भग्रन्थसूची आदिका लागि **नेपाली लेखन शैली**-लाई मूल आधार बनाइएको छ।

हिज्जे अथवा वर्णविन्यासका लागि **बृहत् नेपाली शब्दकोश** (प्रथम संस्करण)-लाई आधार लिइएको छ।

### १.९.२.शोधको सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति आवश्यक सामग्रीको मुख्य स्रोत प्राथमिक नै रहेको छ, जुन क्षेत्रीय अध्ययनमा केन्द्रित रही आवश्यक सामग्री सङ्कलन गरिएको छ। यस अतिरिक्त प्रकाशित पुस्तक, विद्यूतीय (वेभ) स्रोतका माध्यमद्धारा प्राप्त सामग्रीलाई पनि शोधकार्यका निम्ति आवश्यक सामग्रीको रूपमा लिइएको छ।

### १.१०.शोधको अध्याय विभाजन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यको अध्याय विभाजन निम्नलिखित प्रकारले गरिएको छ-

१.पहिलो अध्याय: शोधको परिचय

२. दोस्रो अध्याय: चलचित्रका परिचय, तत्त्वहरू र प्राविधिक पक्षहरू

३. तेस्रो अध्याय: सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रको विश्लेषण

४. चौथो अध्याय:     सिक्किमको सन्दर्भमा नेपाली चलचित्रको वर्तमान स्थिति, समस्या र चुनौती तथा सम्भावित भविष्य

५.पाचौं अध्याय:     उपसंहार तथा निष्कर्ष

**भावी शोधार्थीका लागि सम्भावित शोधशीर्षकहरू**

(क) सिक्किमबाट निर्मित कथानक चलचित्रको वर्गीकरण र विश्लेषण।

(ख) सिक्किमबाट निर्मित वृत्तचित्रहरूको अध्ययन र विश्लेषण ।

**सन्दर्भग्रन्थसूची**

**परिशिष्ट**

# दोस्रो अध्याय

# २. चलचित्रका परिचय, तत्त्वहरू र प्राविधिक पक्षहरू

## २.१ चलचित्रको परिचय

अन्य विषय क्षेत्रझैं चलचित्र पनि एउटा अध्ययनको विषय हो। यसको सम्बन्ध अन्य विषय गाढा रहेको छ। चलचित्र र साहित्य पनि एकअर्काको निकट सम्बन्धमा रही सम्पूरक बनेका छन्। चलचित्र भन्नाले विभिन्न कलाहरूको एउटा सङ्गम स्थल बुझिन्छ। यसमा साहित्य, संस्कृतिलगायत सङ्गीत, अभिनय, चित्रकला, नृत्यकला, वास्तुकला, गायनकला आदि विविध कलाको समिश्रण पाइन्छ। यति हुँदाहुँदै पनि अन्य कलाको तुलनामा चलचित्र भिन्न किसिमको कला हो। चल+ + चित्रको सङ्गमबाट निर्मित चलचित्र शब्दले चल्ने, गतिवान चित्र बुझाउँछ। त्यसैले यसलाई चलचित्र भनिएको हो र यसका आफ्नै छुट्टै परिभाषा, प्रकार र स्वरूप रहेको हुँदा ती सबैको चर्चा तल गरिन्छ।

### २.१.१ चलचित्रका अर्थ, परिभाषा र स्वरूप

तत्सम शब्द 'चल' र 'चित्र'- को योगबाट चलचित्र शब्दको निर्माण भएको हो।[१] चलको अर्थ नेपाली बृहत् शब्दकोशकाअनुसार चल्ने, काम्ने, हल्लिने, स्पन्दित हुने, हिंडडुल

[१] सुभाषचन्द्र न्यौपाने, (सन् २०१३), **नेपाली नाटक र चलचित्र सिद्धान्त**, धरान : एन.बी.डी प्रकाशन, पृ.१९१।

गर्ने, चलाउन सकिने वस्तु आदि भन्ने बुझिन्छ भने चित्रको अर्थ नक्सा, फोटो, तस्बिर, छाया, चित्रपट, छवि आदि हुन्छ।[२] यी दुवै शब्दहरूलाई संयोग गरेर हेर्दा 'चलचित्र' शब्दको शाब्दिक अर्थ अस्थिर चित्र अथवा गतिशील तस्विर हुन आउँछ। अङ्ग्रेजीमा चलचित्रलाई मोसन पिक्चर, फिल्म, मुभी, सिनेमा, इत्यादि भनिएको पाइन्छ। 'मोसन पिक्चर' अथवा 'फिचर फिल्म'को अर्थ गतिशील क्रियाको चित्र तयार गरिएको रिल भन्ने बुझिन्छ भने 'मुभी' शब्दको अर्थ गतिशील चित्रहरूको शृङ्खला हो।[३] 'सिनेमा' शब्दले विभिन्न प्रकारका चलचित्रको समूहलाई बुझाउँछ।

पूर्वीय तथा पाश्चात्य परम्परामा चलचित्रलाई कलाको रूपमा लिने गरिएको छ। नेपाली साहित्यमा यो सबैभन्दा कान्छो विधा हो। चलचित्र अनेकौं कलाहरूको सङ्गम हो। त्यसैले यो अन्य कलाभन्दा सशक्त, प्रभावकारी र मनोरञ्जनात्मक हुन्छ। चलचित्र मनोरञ्जनको साधन मात्र नभएर यो आत्माभिव्यक्तिको श्रव्य-दृश्य माध्यम पनि हो। चलचित्रलाई सिर्जनात्मकता, रचनात्मकता र प्रभावकारिताका गुणहरू बोकेको सञ्चारको एउटा सबल माध्यम मानिन्छ।[४] विभिन्न सञ्जारका माध्यमहरू जस्तै पुस्तक, चिठ्ठी-पत्र, खबर-कागत, रेडियो, टेलीफोन, टेलेक्स्, इमेल, आदिहरूमध्ये चलचित्रलाई सबैभन्दा सक्षम

---

२. वासुदेव त्रिपाठी (सम्पा), (वि.सं २०४०), **नेपाली बृहत् शब्दकोश** (प्र.सं), काठमाण्डौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ.३५९।

३. सुभाषचन्द्र न्यौपाने, पूर्ववत्, पृ,१९१।

४. लक्ष्मीनाथ शर्मा, (सन् २०१०), **चलचित्रकला सिद्धान्त, शैली र प्रवृत्ति**, ललितपुर: साझा प्रकाशन, पृ.१२।

र प्रभावकारी माध्यमका रूपमा चिनिन्छ। यस माध्यमद्वारा व्यक्तिगत, सामाजिक, राजनीतिक अभिव्यक्तिहरूको मानचित्र दर्शकहरू माझ आकर्षित ढङ्गमा प्रस्तुत गर्न सकिन्छ।

चलचित्रसम्बन्धी पूर्वीय तथा पाश्चात्य विद्वानहरूले आ-आफ्नै दृष्टिकोणअनुसार चलचित्रलाई परिभाषित गरेका छन्। तीमध्ये केही परिभाषाहरू यस प्रकारका छन्:

कार्ल गुस्ताभ जुङले यसो भनेका छन्- *चलचित्र कुनै जासुसी कथा जस्तो हुन्छ, जसले कुनै पनि खतराविना मानिसमा उत्तेजना, प्यास र तिर्सनाजस्ता डरलाग्दा अनुभवहरूलाई विरेचित गरी मानवीय समाजलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउँछ।*[५]

फ्रयाङ्कोइज त्रुफीका अनुसार *चलचित्र बनाउनु भनेको जीवनमा सुधार ल्याउनु हो। आफूलाई सुहाउँदो गरी प्रस्तुत गर्नु हो, कुनै सिर्जनालाई नयाँ तरिकाले प्रभातकालीन सोचहरूजस्तै सुन्दर बनाएर दिगो हुने गरी गमलामा सजाउनु हो।*[६]

सत्यजित रायको विचारमा *चलचित्र समाजको दर्पण हो। यसमा समाजका उज्याला अनुहारहरूमात्र होइन घुर्मौला अनुहारहरू पनि देखिनु पर्दछ। एउटा अघाएको मान्छेको अट्टहासमात्र होइन, एउटा भोको मान्छेको एक चिम्टी खुसी पनि मिसिनु पर्दछ। यसमा*

---

[५]. सुभाषचन्द्र न्यौपाने, पूर्ववत्, पृ.१९२।

[६]. पूर्ववत्।

*देखिने घुमैंला अनुहार र भोका मान्छेका लागि अलिकति सन्देश तथा उज्याला चेहरा र अघाएका मान्छेका लागि अलिकति मनोरञ्जन चलचित्रमा हुनुपर्छ।*[७]

लक्ष्मीनाथ शर्माले चलचित्रका बारेमा यसरी लेखेका छन्- *विश्वमा भाषा, साहित्य, सङ्गीत, नृत्य, विज्ञान, दर्शन, चित्र, वास्तुकला, नाट्यकला आदि कलाहरूको जन्म भइसकेपछि सबै कलाहरूको सङ्गमका रूपमा एउटा सशक्त, प्रभावकारी र मनोरञ्जक कलाको विकास हुन गयो, जसलाई हामी चलचित्र भन्दछौं।*[८]

यी माथिका सबै परिभाषाहरूलाई हेर्दा के बुझिन्छ भने चलचित्र जीवनको यथार्थताको प्रतिविम्बन हो र यसले समाजमा भएको सकारात्मक पक्षहरू मात्र नभएर नकारात्मक पक्षहरूलाई पनि प्रभावकारी ढङ्गमा प्रस्तुत गर्दै मनोरञ्जनका साथ शिक्षा र सन्देशसमेत प्रदान गर्छ भन्ने तथ्य स्पष्ट हुन आउँछ।

### २.१.२ चलचित्रको प्रकार

संसारमा धेरै प्रकारका चलचित्रहरू निर्माण भई प्रदर्शित भएका छन्। बेग्लाबेग्लै कथावस्तुमा बनेको चलचित्रको स्वरूप पनि बेग्लै हुने गर्दछ। धेरै जस्ता चलचित्रहरूको स्वरूप पनि झन्नै एउटै प्रकारको हुन्छ। उस्तै स्वरूप हुनुको कारण ती चलचित्रहरूको

---

७. पूर्ववत्।

८. पूर्ववत्।

विशेषता मिल्दोजुल्दो हुनु हो। दृश्यविधान, कथा, चरित्र, सेटिङ्ग, प्रस्तुति, सङ्गीत तथा कलाकारको प्रयोगले चलचित्रका प्रकार छुट्याउन सकिन्छ, जसमा कथानक चलचित्र, वृत्तचित्र, भयानक चलचित्र, हाँस्य चलचित्र, अनुप्राणित चलचित्र (एनिमेसन), जीवनी चलचित्र (बायोपिक) आदि चलचित्रका प्रमुख प्रकारहरू हुन्। चलचित्रका यी प्रकारहरूको तल संक्षेपमा चर्चा गर्नु उपयुक्त हुनेछ।

**(क) कथानक चलचित्र :** मनोरञ्जन दिने उद्देश्यले कुनै विषय वा पाठलाई लिएर बनाएको फिल्मलाई कथानक चलचित्र भनिन्छ। यसलाई अङ्ग्रेजीमा फिक्सन फिल्म अथवा फिचर फिल्म पनि भनिन्छ। यसलाई कथाको विषयवस्तुकोआधारमा र कथाको स्वभाव र प्रवृत्तिको आधारमा राखेर हेर्न सकिन्छ। कथाको विषयवस्तुको आधारमा सामाजिक, ऐतिहासिक, धार्मिक, जासुसी, पौराणिक, वेस्टर्न (पश्चिम), एक्सन (द्वन्द्व), एडभेन्चर (साहसिक), सस्पेन्स (रहस्यमय), हाँस्य आदि पर्दछन् भने कथाको स्वरूप र प्रवृत्तिको आधारमा सुखान्त र दुःखान्त पर्दछन्। कथानक चलचित्रमा भड्किला दृश्यहरू, जनावरको प्रयोग, हाँस्य कलाकारहरूको प्रयोग, नृत्य, सङ्गीत, हाँसो-रोदन, केही दूरीसम्मको भागदौड आदिको प्रस्तुतिका कारणले चलचित्रलाई रोचक र रोमाञ्चक बनाएको हुन्छ। यस्ता चलचित्रमा यथार्थलाई सोझो रूपले नदेखाएर त्यसलाई अतिशयोक्तिपूर्ण रूपमा देखाएको

हुन्छ। यस किसिमको चलचित्रमा कथानक वास्तविक नभए पनि वास्तविकताको आभास भने अवश्यै पाइन्छ।

कथानक चलचित्र दुई प्रकारका हुन्छन्। कलात्मक चलचित्र र व्यावसायिक चलचित्र। कम्ती लगानीमा यथार्थपरक विषयवस्तुमाथि बनाइने चलचित्रलाई कलात्मक चलचित्र भनिन्छ, जसमा स्थानीय रङ्ग र स्वादको प्रधानता रहन्छ। यसका दर्शकहरू विश्वभरि छरिएर रहेका हुन्छन् र तिनको बौद्धिकस्तर पनि माथिल्लो तहको हुन्छ।[९] कलात्मक चलचित्रहरूमा दृश्यभाषालाई महत्त्व दिइएको हुन्छ। आर्थिक, सामाजिक र राजनीतिक परिस्थितिबाट यसको जन्म भएको हुन्छ। कलात्मक चलचित्रमा आञ्चलिक वा क्षेत्रीय समस्या तथा विषयवस्तुलाई सिर्जनात्मकरूपमा प्रस्तुत गरिएको हुन्छ।[१०] चलचित्रको पूर्ववर्ती परम्पराका विरूद्ध विद्रोह गर्नु कलात्मक चलचित्रको विशेषता हो।[११] यस्ता चलचित्रले अपत्यारिलो प्रस्तुतिका विरूद्ध स्थानीय कथ्यभाषा, भेषभूषा र सामान्य जीवनका यथार्थलाई सोझो रूपमा प्रस्तुत गर्ने काम गर्दछ। कलात्मक चलचित्रमा काल्पनिक तथा अतिशयोक्तिपूर्ण चित्रणको प्रयोग गरिएको हुँदैन।

---

९. पूर्ववत्, पृ.२०८।
१०. पूर्ववत्, पृ.२०९।
११. पूर्ववत्।

मनोरञ्जन दिने उद्देश्यले बनाएको चलचित्र, जो ५००० फूटदेखि लिएर २०,००० फूटसम्मको हुन्छ, त्यसलाई व्यावसायिक चलचित्र भन्दछन्। यस्ता चलचित्रमा रूपवान नायक-नायिका, युद्धको दृश्य, सुन्दर प्राकृतिक दृश्यावली, भड्किलो सेटिङ, अतिशयोक्तिपूर्ण चित्रण, हाँस्य, चमत्कार र आश्चर्यलाग्दा घटनाहरू, गीत, सङ्गीत, नृत्य, नाटकीय संवाद, त्रिकोणात्मक प्रेम, शृङ्गार, वीर र करूण रसको प्रस्तुति, आभिजात्य वर्गको प्रेम र संस्कृति आदिको बढी मात्रामा प्रयोग गरिएको हुन्छ। यस्ता चलचित्र व्यावहारिक पेसाकोलागि बनाइन्छ। कलात्मक चलचित्र र व्यावसायिक चलचित्रको भेद देखाउँदै गेस्टर्न रोबर्ज लेख्छन्- *वास्तवमा कलात्मक चलचित्रले अन्तर्दृष्टि अनुभव प्रदान गर्दछ भने व्यावसायिक चलचित्रले आनन्दपूर्ण अनुभव प्रदान गर्दछ*।[१२]

**(ख) वृत्तचित्र** : कुनै घटनाको वृत्तान्तलाई समावेश गरी निर्माण गरिएको चलचित्रलाई वृत्तचित्र भनिन्छ। यसलाई अङ्ग्रेजीमा 'डक्युमेन्ट्री' (Documentary) भनिन्छ, जुन फ्रान्सेली भाषाको 'दक्युमेन्तेयर' (Documentaire) शब्दबाट आएको हो।[१३] 'डक्युमेन्ट्री' भनी नामकरण गर्ने पहिलो व्यक्ति जन ग्रियर्सन् (John Grierson) हुन्।[१४] उनले सन् १९२६- मा 'डक्युमेन्ट्री' भन्ने शब्द अमेरिकी निर्देशक रबर्ट् फ्ल्याहर्टीको *'मोआना'* (Moana) नामक

---

१२. पूर्ववत्।

१३. लक्ष्मीनाथ शर्मा, पूर्ववत्, पृ.२१६।

१४. पूर्ववत्।

वृत्तचित्र हेरेपछि पहिलो पटक प्रयोग गरेका थिए।[१५] उनको भनाईअनुसार "वास्तविकताको सिर्जनात्मक प्रस्तुतीकरण" गर्नु नै साँचो डक्युमेन्ट्रीको निर्माण गर्नु हो।[१६]

सत्य, यथार्थ र वास्तविकतामाथि केन्द्रित गरी बनाइएको चलचित्रलाई वृत्तचित्र भनिन्छ। यस्ता चलचित्रमा कुनै प्रकारका काल्पनिक कुराहरूको प्रयोग गरिएको हुँदैन। यस प्रकारका चलचित्र प्राय: दैनिक जीवनमा हुने क्रियाकलाप र वास्तविकतालाई नै प्राथमिकता दिएर बनाइएको हुन्छ। अन्य चलचित्रहरूमा झैं अतिशयोक्ति र कृत्रिमताको प्रयोग नगरी स्वाभाविक ढंगमा सत्य तथ्यगत कुराहरूलाई जस्ताको तस्तै चित्रण गर्नु नै साँचो वृत्तचित्रको निर्माण गर्नु हो।

वृत्तचित्र विभिन्न लक्ष्य र उद्देश्यद्वारा प्रेरित भई विभिन्न विषयको आधार लिई बनाइन्छ। जस्तै- उद्योगधन्दा, पर्यटन र वैज्ञानिक विकाससम्बन्धी, शिक्षा, तालिम तथा खेलकुदसम्बन्धी, युद्ध, शान्ति तथा राजनीतिक व्यवस्थाको प्रचारसम्बन्धी, इतिहास, धर्म, कला र संस्कृतिसम्बन्धी, व्यापार विस्तार अथवा विज्ञापनसम्बन्धी महत्त्वपूर्ण घटना र दुर्घटनाहरू तथा कसैको जीवनीसम्बन्धी, प्रकृति, अनुसन्धान एवम् नौलानौला प्रयोगसम्बन्धी

---

१५. पूर्ववत्।

१६. पूर्ववत्।

इत्यादि विषयमा आधारित वृत्तचित्रहरूको निर्माण हुन्छ। वास्तवमा भन्ने हो भने वृत्तचित्र जीवन र जगतसँग सम्बन्धित कुरामा पनि बनाउन सकिन्छ।

चलचित्रको सबल, सक्षम, सशक्त र अत्यन्त प्रभावकारी माध्यमको एउटा मुख्य हाँगो मानिएको वृत्तचित्रले समाजको यथार्थ रूप देखाएर वास्तविकताको बोध गराउँदछ। यसले युद्ध, शान्ति तथा राजनीतिक प्रचारप्रसारको साथमा शिक्षा, स्वास्थ्य, तालिम र खेलकुदहरूको विकासक्रममा पनि महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको हुन्छ।

**(ग) भयानक चलचित्र :** मनोरञ्जनका साथमा भयानक दृश्यहरू पनि देखाएर दर्शकहरूको मनमा त्रास वा डर उत्पन्न गराउने चलचित्रलाई हरर अथवा भयानक चलचित्र भन्दछन्। यस्ता चलचित्रमा डरलाग्दा दृश्यहरूद्वारा दर्शकहरूको मनःस्थिति असन्तुलित हुने, भान्साघर वा कोठाका चिजबिज आफै बज्ने, ढोका-झ्याल आफै खोलिएर मान्छेलाई सताउने जस्ता दृश्यको माध्यमद्वारा दर्शकलाई भयभित र आश्चर्यचकित बनाउनु भयानक चलचित्रको मूल उद्देश्य हो। चमत्कारी दृश्यहरू जस्तै छाँया विस्तारै मान्छे बन्ने, मान्छे विस्तारै छाँया भएर बिलाउने, मान्छे डरलाग्दो जनावरमा परिवर्तन हुने, एउटै मान्छे दुई-तीनजना हुने, आधामान्छे आधापशु हुने, लोकविश्वास वा अन्धविश्वासका कुराहरू जस्तै भूत, भड्किएको आत्मा, काँचो वायु, बोक्सी, डायन, छौडा, चुडेल इत्यादि अवास्तविक र काल्पनिक छाया

प्रस्तुतिहरू यस्ता चलचित्रमा पाइन्छन्। भयानक चलचित्रमा जादु, टुना, तिलस्मी आदिको प्रयोग अधिक मात्रामा गरिने हुँदा यस्ता चलचित्रहरू अतिशयोक्तिपूर्ण हुन्छन्।

**(घ) हाँस्य चलचित्र** : दर्शकहरूलाई हँसाएर मनोरञ्जन दिने उद्देश्यले बनाइएको चलचित्रलाई हाँस्य चलचित्र भन्दछन्। अङ्ग्रेजीमा यस्तो चलचित्रलाई कमेडी फिल्म भनिन्छ। यस्ता चलचित्रमा संवादलाई बढीचलाखीपूर्ण र मनोरञ्जक बनाउने साथै घुमाउरो शब्दहरूको प्रयोग गरी दोहोरो अर्थ दिने प्रयास गरिएको हुन्छ। व्याङ्ग्यात्मक संवादहरूको प्रयोग गर्नु हाँस्य चलचित्रको विशेषता मानिन्छ। हाँस्य चलचित्रमा नायक-नायिकाहरूले भेष बद्लेर बहुरूपी बन्ने तथा झुक्किने र झुक्काउने गरेर दर्शकहरूलाई हँसाउने काम गरिरहेका हुन्छन्। यस्ता चलचित्रले दर्शकहरूलाई हँसाएर मनोरञ्जन दिँदै विभिन्न प्रकारका अभिनयद्वारा व्यङ्ग्यात्मक रूपमा कुनै विशेष वा कुरासम्बन्धी जानकारीका साथै शिक्षा र सन्देश पनि दिइरहेका हुन्छन्। हाँस्य चलचित्रमा दर्शकहरूलाई मनेरञ्जन दिन र चलचित्रलाई विशेष पहिचानसहित प्रस्तुत गर्नका निम्ति नायक-नायिकाले अनुहार विकृत बनाउने, पहिरनमा अनौठोपन ल्याउने, विभिन्न अस्वाभाविक थेगोहरूको प्रयोग गर्ने, मुख बङ्ग्याउने, हातखुट्टा बङ्ग्यउने तथा हिडाइ-बोलाइहरूमा विशिष्टता जोडने आदि जस्ता विभिन्न भाव-भङ्गिमा प्रस्तुत गरेको पाइन्छ।

**(ङ) अनुप्राणित चलचित्र :** हातले कोरेका चित्र तथा रेखाहरूलाई एकएक गरी खिचेर, पात्रका क्रियाकलापहरूको पालैपालो छायाङ्कन गरेर अथवा प्लास्टिक फिल्ममै चित्रका आकारहरू कोरेर निर्माण गरिने चलचित्रलाई अनुप्राणित चलचित्र भनिन्छ।[१७] यसलाई अङ्ग्रेजीमा एनिमेडेट वा एनिमिशन फिल्म भनिन्छ। यस्ता चलचित्र प्राय: बालबालिकाहरूका निम्ति बनाइने गरिन्छ। अनुप्राणित चलचित्रमा कलाकारको रूपमा मानवका साथै पशुपक्षि, निर्जीव वस्तुहरू अनुप्राणितपात्र बनाई प्रस्तुत गरिएको हुन्छ। यस्ता चलचित्र बनाउनका लागि सर्वप्रथम चित्रकार वा एनिमेटर चाहिन्छ। त्यसपछि उनीहरूले कागजमा वा कसैले सोझै रिलमा चित्रहरू कोर्छन्। त्यसपश्चयात् कोरिएका ती चित्रहरूलाई फ्रेममा शृङ्खलाबद्ध रूपमा राखेर स्टिल क्यामेराले पालैपालो खिच्छ। त्यसपछि ती खिचिएका चित्रहरूलाई सम्पादन गरिन्छ र गति पैदा हुने गरी निश्चित क्रममा मिलाएर राखिन्छ। त्यसपछि ती चित्रहरूलाई एउटै सेटिङभित्र नजिकमा राखेर एउटै फ्रेममा क्रम मिलाएर छिटो गतिमा पर्दामा देखाउँदा ती चित्रहरू गतिशील रूपमा चित्रित हुन्छन्। ती गतिशील रूपमा देखिएका चित्रहरूलाई दर्शकहरूले हिडाको, उडेको, मुख चलाएको वा अन्य प्रकारका क्रियाकलाप गरेको जस्तो देख्छन्। यस्ता चलचित्रहरू मुभी क्यामेराले नखिचेर स्टिल क्यामेराले खिच्छ।

---

[१७] पूर्ववत्, पृ.२२६।

संसारमा हुँदै नभएको अवास्तविक, काल्पनिक र आश्चर्य लाग्दा दृश्यहरू यस चलचित्रमा देखाउने गरिन्छ।

**(च) जीवनी चलचित्र :** कुनै व्यक्तिको जीवनीमाथि बनाइएको चलचित्रलाई बायोपिक फिल्म अथवा जीवनी चलचित्र भन्दछन्। 'बायोपिक' शब्द अङ्ग्रेजीको 'बायोग्राफी'बाट आएको हो र यससँग 'पिक्चर' शब्दको समिश्रण हुँदा बायोपिक फिल्म अथवा जीवनी चलचित्र जस्तो शब्दावली बन्दछ।[१८] जीवनी चलचित्र कुनै विशेष व्यक्तित्वको प्रेरणादायी जीवनीमाथि निर्माण गरिएको हुन्छ, जस्तै- अभिनेता, राजनेता, साहित्यकार, सङ्गीतकार, वैज्ञानिक, खेलाडी, कुनै आन्दोलनको अगुवा, कुनै लडाईका बहादुर सेना इत्यादि सम्बन्धी यस्तो चलचित्र निर्माण गरिन्छ। यस्ता चलचित्रमा सुरुदेखि अन्तसम्म नै विशेष व्यक्तिको जीवनी र उसले जीवनमा गरेका सङ्घर्ष, योगदान, बहादुरी आदिलाई देखाइएको हुन्छ। कुनै कुनै जीवनी चलचित्रको सुरूवात् ती विशेष व्यक्तिको बाल्यकालदेखिनै गरिएको हुन्छ भने कुनैको वयस्क अवस्थादेखि सुरु गरिएको हुन्छ। जीवनी चलचित्रमा कुनै प्रकारको काल्पनिक र अवास्तविक कुराको प्रयोग गरिएको हुँदैन। यसमा केवल यथार्थ कुराको मात्र चित्रण गरिएको हुन्छ।

---

[१८]. लक्ष्मीनाथ शर्मा, पूर्ववत्, पृ.२४७।

### २.२ चलचित्रका प्रमुख तत्त्वहरू

चलचित्र निर्माणका निम्ति अन्य विधामाझै यस विधामा पनि कतिपय आवश्यक तत्त्वहरू हुन्छन्। ती तत्त्वहरूको यहाँ चर्चा गरिन्छ।

#### २.२.१ कथा, पटकथा र संवाद

चलचित्रको कथा आदि, मध्य र अन्त्यको शृङ्खलित रूपमा प्रस्तुत गरिएको हुन्छ। यो साहित्यिक कथाभन्दा केही भिन्न रूपको हुँदछ अर्थात् साहित्यिक कथामाभन्दा यसमा घटना र नाटकीयताको प्रचुरता रहेको पाइन्छ। मुख्यतः चलचित्रको कथा प्रमुख चरित्र र घटनासँग सम्बन्धित रहेको हुँदछ। सामान्यतया कुनै घटना, पात्र वा समस्यासँग केन्द्रित कथात्मक अभिव्यक्तिले चलचित्रको कथा निर्माण गर्दछ। चलचित्रको कथालाई अन्य कथासरह द्वन्द्व र कौतुहलका साथ कार्य-कारणद्वारा आरम्भ, विकास र उत्कर्षमा शृङ्खलित रूपले अघि बढाइएको हुन्छ। कथाको कथानकमा एकरूपता हुन आवश्यक हुँदछ अर्थात् कथानक आफैमा सबै कुराको संयोजन हुनु पर्दछ। यसमा अनावश्यक पात्र, घटना, उपकथा आदिको प्रस्तुति हुनुहुँदैन, कारण यसले कथानकको एकरूपतालाई विसृङ्खलित गरिदिन्छ। त्यसैले कथाको कथानक सरल, सोझो र स्वाभाविक हुन अनिवार्य हुन्छ।

पटकथा अङ्ग्रेजीको 'स्क्रिन प्ले'को नेपाली रूपान्तरण हो, जुन घटनालाई पर्दामा जसरी देखाउनु पर्ने हो त्यस घटनालाई कागजमा त्यसरी नै प्रस्तुत गर्ने लेखनकला नै पटकथा लेखन हो।[१९] पटकथा मूल कथाको त्यो रूप हो, जसको आधारमा निर्देशकले निर्माण हुन गइरहेको चलचित्रको अन्तिम स्वरूप थाहा पाउन सक्छ। चलचित्रमा पटकथाको माध्यमद्वारा दृश्य तथा संवाद आदिको जानकारी पाउन सकिन्छ र साथै चलचित्रका मुख्य कलाकार, प्राविधिज्ञ र अन्य कलाकोरहरूले आ-आफ्नो भूमिका पनि थाहा पाउँछन्।

चलचित्र निर्माणमा पटकथाको मुख्य भूमिका रहेको हुन्छ। यसले चलचित्रको प्राविधिक पक्षदेखि लिएर दृश्य संयोजन, कलाकारको भूमिका आदिलाई एउटा व्यवस्थित रूप दिँदै अन्तिम परिणतिमा पुऱ्याएको हुन्छ। यसले चलचित्रको सिङ्गो रूप निर्माण गरेको हुन्छ। चलचित्र निर्माणमा निर्देशकको अभिव्यक्तिको माध्यम पनि पटकथा नै हो। यसले नै चलचित्र क्षेत्रमा निर्देशकको भविष्य निर्धारण गर्दछ भन्ने मान्यता पनि रहेको छ अर्थात् राम्रो चलचित्र भनेको मूलतः राम्रो पटकथा नै हो भन्ने विश्वव्यापी मान्यताका कारण संसारका

---

[१९]. माधव ढुङ्गेल, (सन् २०१०), **चलचित्र सिद्धान्त**, काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि, पृ.४४।

सफल र महान् मानिएका निर्देशकहरू पटकथा लेखनकै चरणदेखि चलचित्र निर्माणक्रममा अत्यधिक मिहिनेत गर्ने गर्छन्।[२०]

पटकथा साधारणतया संवाद र निर्देशनसहित नाटककै शैलीमा लेखिएको हुन्छ। यसैले पटकथा लेखनका निम्ति अनुभवी व्यक्तिको आवश्यकता हुँदछ। अनुभवी व्यक्तिबाट मात्र सफल पटकथाको निर्माण सम्भव हुँदछ। त्यसैकारण पटकथा लेखनका निम्ति चलचित्रको कथा, पटकथा लेखक र पटकथाको त्रयोन्विति हुन आवश्यक छ।

संवाद चलचित्र निर्माणको अर्को एउटा महत्त्वपूर्ण पक्ष हो। यसलाई उद्देश्यपूर्ण भाषा मानिएको पनि पाइन्छ। चलचित्रमा कथानकलाई अघि बढाउने, चरित्र चित्रण गर्ने, कथानकमा नाटकीय मोड ल्याउने, सारवस्तुको अभिव्यक्ति गर्ने आदि कामहरू संवादद्वारा सम्पन्न गरिन्छ। चलचित्रको संवाद परिवेश र पात्रअनुकूल भएन भने सिङ्गो चलचित्रमानै नराम्रो असर पर्दछ।

संवाद भनेको पात्रहरू बिचको कुराकानी हो। यसले पात्रहरूका बिचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र त्यसको परिणामलाई उपयुक्त ढङ्गबाट प्रस्तुत गरेको हुन्छ। चलचित्रका संवाद पात्रको स्तरअनुकूल हुन आवश्यक छ, कारण स्तरीय संवादबाट चलचित्रमा स्वाभाविकता र वास्तविकता प्राप्त हुँदछ। चलचित्रको संवाद सरल, सहज, सोझो

---

२०. पूर्ववत्, पृ.४५।

र स्तरीय भाषामा लेखिएको हुनु पर्दछ, किनभने चलचित्र हेर्दा शिक्षित-अशिक्षित, बाल-वयस्क-प्रौढ, धनी-गरीब सबै वर्गका दर्शकहरूले बुझ्न सक्नु पर्दछ। चलचित्रलाई यथार्थको नजिक बनाउने काम पनि संवादले नै गरेको हुन्छ साथै यसले पात्रलाई वास्तविक जीवनसँग जोड्नमा सहयोग पनि पुऱ्याउँछ। त्यसैले एउटा सफल चलचित्र निर्माण गर्नका लागि चलचित्रको संवाद परिवेश र पात्रअनुकूल हुन आवश्यक छ।

### २.२.२ गीत-सङ्गीत

सांस्कृतिक अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम गीत हो। चलचित्र पनि सांस्कृतिक कला भएकोले यसमा गीतको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। चलचित्र व्यावसयिक कला पनि हो। त्यसले यसलाई विज्ञापन तथा प्रचार-प्रसारको आवश्यकता पर्दछ। प्रचार-प्रसार तथा विज्ञापनको लागि गीत अत्यन्त महत्त्वपूर्ण माध्यम हो। यसलाई विभिन्न सञ्चारको माध्यमबाट चलचित्र प्रदर्शन गर्न अघि नै जनमानसमा सार्वजनिक गरिन्छ, कारण गीतको लोकप्रियताले गर्दा चलचित्र सफल बन्न पुग्छ।

चलचित्रमा गीत हुन आवश्यक हुन्छ कारण गीतले चलचित्रमा घटनाका खण्डहरूलाई जोडेर संयोजकको कार्य गरेको हुन्छ। यसले चलचित्रमा समयको अन्तराललाई जोड्नु पनि सहयोग पुऱ्याउँछ। गीतले चलचित्रमा हुने भावी घटनाका बारेमा सङ्केत दिने र साथै

विगतका रहस्यहरूको उद्घाटन पनि गर्ने गर्छ। सामाजिक, सांस्कृतिक वा औपचारिक वातावरणका कारण कतिपय अभिव्यक्तिहरू चरित्रले खुल्ला रूपमा प्रस्ट पार्न सकिरहेको हुँदैन। यस्तो परिस्थितिमा गीतले त्यस अभिव्यक्तिलाई प्रस्ट पार्न सहयोग पुऱ्याएको हुन्छ। गीत मस्तिष्कभन्दा हृदय पक्षसँग बढी निकट सम्बन्धमा रहेको हुन्छ। त्यसैले दर्शक वा स्रोताहरूलाई गीतले द्रवीभूत तुल्याएर चरम सन्तुष्टिसमेत प्रदान गर्दछ।

चलचित्रको मूल प्राण नै सङ्गीत हो। सङ्गीतविना चलचित्र प्राणहीन हुन्छ। अर्को शब्दमा भन्न खोज्दा सङ्गीतले चलचित्रको प्रतेक दृश्य, घटना अथवा परिवेशलाई जीवन्त बनाउँदछ। चाडपर्व, उत्सव तथा समारोहमा परिवेश र घटनाअनुकूल सङ्गीत प्रस्तुत गरिन्छ भने युद्ध, क्रान्ति आदिमा त्यही अनुरूपको सङ्गीत रचना गरिन्छ। यसै गरी मृत्यु, बिछोड अथवा कुनै शोकको घटना वा दृश्यमा त्यही वातावरणअनुकूलको सङ्गीत संयोजित हुन्छ। यस किसिमको घटना वा परिस्थितिमा सङ्गीतकारले पाश्र्व ध्वनिको रूपमा सङ्गीत भर्दछ, जसले चलचित्रका दृश्य एवम् वातावरणलाई सजीव र जीवन्त बनाउँदछ। यस किसिमले चलचित्रमा गीत-सङ्गीतको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुने हुँदा गीत-सङ्गीतलाई पनि चलचित्रको प्रमुख तत्त्व मान्न सकिन्छ।

### २.२.३ अभिनय

चलचित्रको सफलताको लागि अभिनय एउटा महत्त्वपूर्ण पक्ष हो। यसको माध्यमद्वारा कलाकारहरूले चलचित्रमा स्वाभाविकता र विश्वसनीयता प्रदान गर्नु सक्नु पर्दछ। उत्कृष्ट अभिनयले चलचित्रलाई उत्कृष्ट बनाइदिन्छ। कमजोर कथानक, क्षीण चरित्र तथा कमजोर जीवनदृष्टिले चलचित्रको कलात्मक सौन्दर्यमा गम्भीर क्षति पुऱ्याउँछन्, तर पनि उत्कृष्ट अभिनयले निकै हदसम्म त्यस्ता कमजोरीलाई लुकाउने सामर्थ्य राख्दछ। यसैकारण अभिनय कला चलचित्र जस्तो श्रव्य-दृश्य विधाका लागि प्रमुख आकर्षण बन्न सकेको छ।

### २.२.४ नृत्य

सांस्कृतिक अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम गीत, सङ्गीतबाहेक नृत्य पनि हो। चलचित्र एउटा सांस्कृतिक कला भएको हुनाले यसमा नृत्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नृत्यले चलचित्रमा दर्शकहरूलाई मनोरञ्जन दिने काम गर्दछ। यसले चलचित्रको कतिपय पाटाहरूलाई समेटेको हुन्छ। यसले कलाकारहरूमा भएको आन्तरिक अभिव्यक्तिहरूलाई व्यक्त गर्ने काम गर्दछ। नृत्यले चलचित्रको गतिशीलतालाई बढाउने काम गर्दछ।

### २.२.५ शृङ्गार (साज-सज्जा तथा भेषभूषा)

चलचित्र निर्माणकार्यको अर्को महत्त्वपूर्ण पक्ष हो शृङ्गार। शृङ्गारले पात्रहरूको चारित्रिक विशेषताहरू झल्काउँछ। यसले चलचित्रका स्वरूप र विधिबारे जानकारी दिन्छ। कलाकारहरूलाई गरिने शृङ्गारले पनि कतिपय चलचित्रहरू कस्ता प्रकारका हुन् भन्ने कुरा बताउन सकिन्छ। शृङ्गारकै कारण चलचित्रमा कलाकारहरूको समाज, वर्ग, धर्म, परिवेश आदिको जानकारी प्राप्त हुँदछ। यसरी शृङ्गार गर्दा चरित्रको धर्म, उमेर, पेसा, भूगोल, चरित्र, वर्ग, स्वभाव आदिलाई शृङ्गार निर्देशकले ध्यान दिनु जरूरी हुन्छ। त्यसैले शृङ्गार पनि चलचित्रको महत्त्वपूर्ण र अत्यावश्क तत्त्व हो।

## २.३ चलचित्रका प्राविधिक पक्ष

निम्नलिखित प्राविधिक पक्षहरूलाई चलचित्र निर्माणक्रमका प्रमुख प्राविधिक पक्ष मानिएको छ।

### २.३.१ छायाङ्कन (कोण र दृश्यांश)

चलचित्र निर्माणका विभिन्न चरणहरू हुन्छन्। ती हुन्- (क) छायाङ्कनपूर्व (Pre-Production), (ख) छायाङ्कन (Production) र (ग) छायाङ्कनपश्चात् (Post-Production)। यी चरणहरूमध्ये छायाङ्कन चलचित्र निर्माणक्रमको दोस्रो चरणमा पर्दछ। छायाङ्कनलाई

अङ्ग्रेजी भाषामा सुटिङ (shooting) भन्दछन्। यो कार्य चलचित्र निर्माणको अत्यन्तै महत्त्वपूर्ण प्राविधिक पक्ष हो। छायाङ्कन गर्दा निर्देशक तथा छायाकारले छायाङ्कन स्थलको निरीक्षण र खोजी गरी छायाङ्कन गर्ने स्थलहरू निर्धारित गर्दछन्। यसरी निर्धारित स्थलहरू पनि दुई किसिमका हुन्छन्। जस्तै- बाह्य स्थल (Outdoor Location) र आन्तरिक स्थल (Indoor Location)। यी स्थलहरूमा निर्धारित समय तालिकाअनुसार छायाङ्कन गर्ने कार्य हुन्छ। यस कार्यमा अनेक किसिमका प्रविधिहरू अपनाइने हुँदा यस चरणको कार्यलाई चलचित्र निर्माणको प्राविधिक पक्षको रूपमा लिन सकिन्छ। छायाङ्कन गर्नका लागि चाहिने अत्यन्त महत्त्वपूर्ण सामग्री हो क्यामेरा। क्यामेराबिना कुनै पनि चलचित्रको छायाङ्कन गर्न सम्भव देखिँदैन।

चलचित्र भन्नाले कुनै पनि विषय, घटना, विचार वा तथ्यलाई दर्शकसमक्ष प्रस्तुत गर्ने एउटा सशक्त आधुनिक सञ्चार माध्यम हो।[२१] यसको अभिव्यक्तिका लागि दृश्य र ध्वनिजस्ता आफ्नै माध्यम हुन्छन्। ध्वनिको माध्यमद्वारा घटना सिर्जना गरिन्छ भने दृश्यको माध्यमबाट त्यसलाई साश्वत सत्यमा परिणत गराइदिन्छ। साहित्यको भाषा शब्द हो भने चलचित्रको भाषा क्यामेरा हो। क्यामेरा चलचित्रको भाषा भएको हुनाले यसको पनि आफ्नै विधि वा एकाइहरू छन्। ती विधिहरू निम्न प्रकारका छन्-

---

[२१]. सुभाषचन्द्र न्यौपाने, पूर्ववत्, पृ.२०४।

(क) दृश्यांश : यसलाई फिल्मी व्याकरणमा सट (Shot) भनिन्छ। सट दृश्यको त्यो भाग हो, जहाँ एकपटक क्यामेरा चालु भएर रोकिएसम्मको दृश्याङ्कित गरिन्छ। सट तीन सकेण्डदेखि लिएर पन्ध्र, बिस मिनेटसम्मको पनि हुन्न सक्छ। चलचित्र निर्माणमा सट धेरै प्रकारले लिइन्छ। जस्तै- लङ्ग सट (Long shot), मिडीयम सट (Medium shot), क्लोज अप सट (Close up shot), झुम सट (Zoom shot), पेनोरमिक सट (Panoramic shot), टिल्ट सट (Tilt shot) इत्यादि। यी सटहरू पनि विभिन्न कोणबाट लिइन्छ, जस्तै- स्टैबिलाइजर सट (Stabilizer shot), जिल्टर हेड सट (Zilter head shot), लो एङ्गल सट (Low angle shot), टप एङ्गल सट (Top angle shot), झुम सट (Zoom shot), टिल्ट अप सट (Tilt up shot), टिल्ट डाउन सट (Tilt down shot) आदि। (ख) दृश्य : दृश्यलाई अङ्ग्रेजीमा सीन् (scene) वा भिश्जन् (vision) भनिन्छ। साधारणत: दृश्य भनेको एउटै स्थान, एउटै समयमा हुने घटना भन्ने बुझिन्छ। थुप्रै सटहरू मिलेर दृश्य बन्दछ। दृश्यहरू पनि धेरै प्रकारले खिचिइन्छ, जस्तै- फेडइन ( Fade in), फेडअवट (Fade out), डिजल्व (Dissolve), वाइप (Wipe), स्वीस प्यान (Swish Pan) इत्यादि। (ग) उपसर्ग : कथानक, घटना, अभिनय, संवाद र सबै परिस्थितिको पूर्वापर सङ्गति मिलेको अवस्थालाई उपसर्ग भनिन्छ। यसलाई प्रचलनमा वा फिल्ममा सिक्वेन्स (Sequence) भनिन्छ। क्रमबद्ध दृश्यहरू मिलाएर एउटा सिक्वेन्स बन्दछ।

### २.३.२ प्रकाश

चलचित्र निर्माणमा अर्को अनिवार्य तत्त्वको रूपमा प्रकाशलाई मान्न सकिन्छ। कम प्रकाशमा दृश्याङ्कन वा छायाङ्कन गर्न सकिन्छ, तर प्रकाशको अभावमा चलचित्रको छायाङ्कन गर्न सकिँदैन। चलचित्रमा प्रकाशको व्यवस्था प्राकृतिक प्रकाश र कृत्रिम प्रकाश गरी दुई प्रकारले गरिएको हुन्छ। प्राकृतिक प्रकाशको मूल स्रोत सूर्यलाई मानिन्छ भने कृत्रिम प्रकाशको लागि चम्किला धातुका पाताहरू रिफ्लेक्टर (Reflector)-मा सूर्यको प्रकाशको सहायताले ठूलाठूला बत्तीहरू बालेर उज्यालो पारी दृश्यहरू खिच्ने गरिन्छ। प्राकृतिक प्रकाश खुल्ला क्षेत्र (outdoor) र सफा आकाश रहेको अवस्थामा लिइन्छ भने आन्तरिक क्षेत्र (indoor)-मा दृश्यहरू खिच्ने क्रममा कृत्रिम प्रकाशको प्रयोग गरिन्छ। यस प्रकारको प्राकृतिक र कृत्रिम प्रकाशको व्यवस्थापनमा चलचित्र निर्माण गरिएको हुन्छ।

क्लासिकल हलिउडा चलचित्रहरू थ्री प्वाइन्ट लाइटिङ्गको पद्धतिलाई अपनाएर निर्माण गरिएको हुन्छ। यस पद्धतिभित्र तीन प्रकारका प्रकाशहरू पर्दछन् :

(क) की प्रकाश ( Key Light),

(ख) उज्ज्वल प्रकाश (Fill Light) र

(ग) पार्श्व प्रकाश (Back Light)।

पात्र, वस्तु र त्यस वरिपरिका समग्र परिवेशहरूलाई चम्काउनका लागि प्रयोग गरिने प्रकाशलाई 'कीलाइट'( Key Light) भन्दछन्। यो प्रकाशको प्रयोग गरेर दृश्य खिच्दा वस्तु वा पात्रको पछाडिपट्टि छाया देखिन्छ, त्यो छायालाई हटाउनका निम्ति अर्को सहायक प्रकाशको आवश्यकता पर्ने हुन्छ, जसलाई 'फिल लाइट' (Fill Light) भन्दछन् । कुनै वस्तु अथवा तस्विरलाई गहिराइपूर्वक खिच्ने प्रकाशलाई पाश्र्व प्रकाश (Back Light) भन्दछन्।

प्रकाशलाई प्रभावका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ। ती प्रकाशहरू हाइ की लाइटिङ्ग ( High Key Lighting) र लो की लाइटिङ्ग ( Low Key Lighting) हुन्। अँध्यारो कोठा वा हलको परिवेश र रातको समयमा लिनु पर्ने दृश्यहरूको छायाङ्कन गर्नु छ भने लो की लाइटिङ्ग (प्रकाश)-को प्रयोग गरिन्छ। पात्रहरूको शारीरिक सुन्दरता र तडकभडक, हाउभाउ, आङ्गिक भाषाका अभिव्यक्ति र त्यसका अनुक्रियाद्वारा व्यक्त हुने भावको अभिव्यञ्जन गर्नु परे हाइ की लाइटिङ्ग (प्रकाश)-को प्रयोग गरिन्छ।

चलचित्रको प्रकाशलाई मात्रा, स्रोत, दिशा र रङ गरी चार विशेषताका आधारमा मूल्याङ्कन गर्ने गरिन्छ।[२२] मात्रा भन्नाले प्रकाशको मात्रा चहकिलो वा मधुरो भन्ने बुझिन्छ भने स्रोत्र भन्नाले प्राकृतिक र कृत्रिममध्ये कुन किसिमको प्रकाशको स्रोत हो भन्ने अर्थ लाग्छ। दिशा भन्नाले चाहिँ छाया वा वस्तुलाई तल, माथि, अगाडि, पछाडि, दाया, बाया

[२२]. पूर्ववत्, पृ.१९५।

कताबाट प्रकाश दिने भन्ने हुन्छ भने रङ भन्नाले प्रकाशको उपस्थितिमा देखिने वस्तुको पहिचान वा स्वरूप हो, जो आकारात्मक नभएर प्रभावात्मक हुन्छ। यसरी चलचित्र निर्माणमा प्रकाशको भूमिका अत्यन्तै महत्त्वपूर्ण देखिन्छ।

### २.३.३. ध्वनि

चलचित्र निर्माणको अर्को महत्त्वपूर्ण तत्त्व ध्वनि हो। चलचित्रमा ध्वनिको प्रयोग तीन किसिमले गरिएको हुन्छ, मानवीय ध्वनि, प्राकृतिक ध्वनि र कृत्रिम ध्वनि।[२३] संवाद, सम्भाषण र सङ्गीतहरू मानवीय ध्वनिका रूपमा पर्दछन् भने प्राकृतिक ध्वनिमा पर्यावरणीय ध्वनि तथा ध्वनि प्रभावहरू पर्दछन्। यसैगरी कृत्रिम ध्वनिमा मान्छे, पशुप्राणी तथा प्राकृतिक ध्वनिको नक्कल गरिएको ध्वनि पर्दछ। यस्ता ध्वनिको प्रयोगले चलचित्रको भाषामा अभिव्यक्ति सामर्थ्यको वृद्धिसमेत गराएको हुन्छ।

चलचित्रको रिल वा फिल्मको किनारामा ध्वनि ट्र्याकको व्यवस्था हुन्छ। ध्वनि अङ्कन गर्नका लागि चलचित्रमा दुईवटा विधिहरू अपनाइन्छन्। पहिलो प्रविधिअनुसार छायाङ्कनकै समयमा ध्वनि पनि अङ्कन गरिन्छ र दोस्रो डबिङ (Dubbing) गरेर ध्वनि भरिन्छ। पहिलो विधिअनुसार ध्वनि अङ्कन गर्दा संवादमा स्वाभाविकता त आउँछ, तर त्यसलाई पछि सम्पादन गर्न सकिँदैन अनि दोस्रो विधिद्वारा ध्वनि अङ्कन गर्दा संवादमा

---

[२३]. पूर्ववत्।

स्वाभाविकता ल्याउन गाह्रो हुन्छ, तर बारम्बार अङ्कन गर्न र सम्पादन गर्न सजिलो हुन्छ। ध्वनि ट्र्याक (Sound Track) मा ध्वनि अङ्कन गर्दा फरकफरक ध्वनिहरूलाई भिन्ना-भिन्नै ट्र्याकमा अङ्कन गरिन्छ। रेकर्डिङ, डबिङ, सम्पादन आदिका बेला भिन्ना-भिन्नै ट्र्याकमा रहेका ध्वनिहरूलाई मिक्सिङ (Mixing) का समयमा एकै ठाउँमा ल्याएर मिसाइन्छ र दृश्यसँग तालमेल गराइन्छ। यसो गरेपछि दृश्य र आवाजमा एकरूपता कायम हुन्छ र स्वाभाविकतासमेत देखिन आउँछ।

चलचित्रमा ध्वनिको चर्चा गर्दा संवाद, सङ्गीत र सम्भाषणबाहेक प्रकृतिका अनेकौं ध्वनिहरूको पनि प्रयोग गरिएको हुन्छ। यस्ता ध्वनिका स्रोत पर्दामा देखिन वा नदेखिन पनि सक्छ। चलचित्रमा वास्तविक र अवास्तविक लाग्ने ध्वनिहरूको पनि प्रयोग गरिएको हुन्छ। मानिसका आवाज र विभिन्न वस्तुहरूबाट आउने ध्वनिहरू वास्तविक हुन्छन् भने पार्श्व सङ्गीत वास्तविक हुँदैन। पार्श्व सङ्गीतले अभिव्यक्ति क्षमता र सम्प्रेषणको स्तरलाई उच्च बनाउने काम गर्छ। दर्शकको भावलाई निर्देशनको भावसँग एकाकार गराउनमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

दृश्यका अभाव र अपूर्णतालाई मेटाएर पूर्णता प्रदान गर्ने, भाव अभिव्यक्तिमा अनुकूल वातावरणको निर्माण गरेर भाव सम्प्रेषण गर्ने, दृश्यमा देखाएको हरेक वस्तुको उपस्थितिलाई त्यस वस्तुबाट निस्पन्न आवाजको सहायताले स्थापित गर्ने तथा पर्दामा देखिएका वा देख्न

नपाएका वा सुनिएका आवाजहरूमार्फत् चलचित्रलाई बढी यथार्थपरक बनाई सत्यापनको आभास दिलाउने काम ध्वनिले नै गरेको हुन्छ। चलचित्रमा ध्वनिको प्रयोग यान्त्रिक मात्रै नभएर सिर्जनात्मक पनि हुने गर्दछ। यसप्रकार चलचित्र निर्माणमा ध्वनिको भूमिका महत्त्वपूर्ण रहने हुँदा ध्वनिलाई पनि चलचित्रको एउटा प्रमुख तत्त्व मान्न सकिन्छ।

### २.३.४ सम्पादन

चलचित्रको अर्को महत्त्वपूर्ण प्राविधिक पक्ष हो चलचित्रको सम्पादन। यो पक्ष चलचित्र निर्माणकार्यको तेस्रो चरणमा पर्दछ र यो पक्ष सबैभन्दा मुख्य प्राविधिक पक्ष पनि हो। छायाङ्कनबाट कच्चा सामग्री तयार भएपछि त्यसलाई प्रशोधन गरेर परिमार्जित रूप दिने कार्य सम्पादनले गर्छ। छायाङ्कन स्थलमा खिचिएका दृश्यहरू र दृश्यांशहरूलाई व्यवस्थित पटकथाको प्रवाहअनुसार सिलसिलाबद्ध रूपमा समेट्नु नै सम्पादन कला हो।[२४] सम्पादन छायाङ्कन पछिको त्यो चरण हो, जसले चलचित्रलाई अन्तिम परिणाममा पुऱ्याउँछ। चलचित्र निर्माण गर्नका लागि विभिन्न समय र स्थानमा लिइएको दृश्यांश र दृश्यहरूलाई प्रयोगशालामा लगेर राखिन्छ। त्यसपश्चात् कुन दृश्य कहाँ राख्ने, कुन दृश्य अरूचिपूर्ण छ, त्यसलई झिक्ने-थप्ने काम भने सम्पादकले गर्छन्। संवाद तथा गीतको उच्चारणमा कलाकारहरूको ओठको गतिमा सिन्क (sync) हुनुपर्दछ। यदि सिन्क मिलेको छैन

[२४] प्रकाश सायमी,(सन् २००४),**चलचित्र :कला र प्रविधि**,काठमाडौं: पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर, पृ.७१।

भने त्यो सम्पादकले हेरेर मिलाउने गर्दछ। विभिन्न स्थानमा भिन्नभिनै दृश्यांशहरू लिएका हुन्छन्। ती दृश्यहरूलाई शृङ्खलाबद्ध रूपमा राखेर चलचित्रको दृश्यांशहरूको सिलसिलाबद्ध निरन्तरता (continuity)-लाई ध्यान दिएर सम्पादन गरिएको हुनुपर्दछ। यो कार्य चलचित्र सम्पादकको महत्त्वपूर्ण र साथै चुनौतीपूर्ण कार्य हो। चलचित्रमा दृश्य र ध्वनिको तालमेल भएको हुनुपर्दछ, जसलाई सिनक्रोनाइजेशन (Synchronization) भन्दछन्।[२५] चलचित्र निर्माणकार्यमा सम्पादकले सम्पादन गर्दा ध्वनि र दृश्यको तालमेल हेरेर गर्नुपर्ने हुन्छ। ध्वनि र दृश्यको तालमेल भएन भने त्यो चलचित्र असफल र कमजोर बन्न पुग्छ। त्यसैले चलचित्र निर्माणकार्यमा सम्पादन अत्यन्त महत्त्वपूर्ण र अनिवार्य प्राविधिक पक्ष हो।

### २.३.५ निर्देशन

निर्देशक चलचित्र निर्माण कलाको केन्द्रीय प्राविधिक व्यक्ति हुन्। विशेषत: चलचित्र निर्माणका निम्ति निर्देशकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। चलचित्र व्यक्तिगत सिर्जना नभएर सामूहिक सिर्जना हो। चलचित्र निर्देशक, लेखक, निर्माता, कलाकार, सङ्गीत निर्देशक आदि विभिन्न स्रष्टा एवम् प्राविधिकहरूको संयुक्त भूमिकाको संयोजनबाट चलचित्र निर्माण हुने गर्दछ। यी स्रष्टाहरूमध्ये पनि चलचित्र निर्माणमा चलचित्र निर्देशकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसैले उनलाई चलचित्रको प्राण पनि भनिन्छ। चलचित्रमा सम्पूर्ण

---

[२५] पूर्ववत्, पृ.७३।

सिर्जनात्मक नियन्त्रण चलचित्र निर्देशककै हातमा निहित रहने हुँदा चलचित्र निर्देशक चलचित्रको सर्जक पनि हुन्। निर्देशकमा चलचित्रसम्बन्धी सबै पक्षको सामान्य ज्ञान हुन आवश्यक पर्दछ। निर्देशकले नै कथा, पटकथा, संवाद, गीत, सङ्गीत, भेषभूषा, शृङ्गार आदि जुन अरू निर्देशकहरूले तयार पारेका विधाहरूलाई संयोजन गरी राम्रा चलचित्रको निर्माण गर्नुपर्ने हुन्छ।

चलचित्र सृजनात्मक कला भएको हुनाले निर्देशकमा सृजनशील शक्ति वा प्रतिभा हुन आवश्यक छ। चलचित्रमा प्रयोग गरिने विधि, घटना, आकार, रूपरेखाहरूलाई एक सूत्रमा संयोजन गरेर एउटा सफल परिणाम दिन सक्ने क्षमता निर्देशकमा हुनु अनिवार्य छ। निर्देशकमा कल्पना शक्ति, अभिव्यक्ति कुशलता, व्यावहारिक ज्ञान, प्रतिबद्धता आदि गुणहरू हुनु पनि अनिवार्य छ। चलचित्र सफल बनाउनका लागि विभिन्न क्षेत्रका सह-निर्देशकहरूमा अलगअलग कार्य विभाजन गरिएको हुन्छ। अलगअलग भूमिकामा कार्यहरू विभाजन भए पनि त्यसको नियन्त्रणको केन्द्र भनेको निर्देशक नै हो। त्यसैले चलचित्र सफल वा असफल बनाउनमा पनि निर्देशककै मुख्य भूमिका रहेको हुन्छ। त्यसो हुँदा निर्देशकको निर्देशन पनि चलचित्र निर्माणक्रमको एउटा महत्त्वपूर्ण प्राविधिक पक्ष हो।

## २.४ उपसंहार

प्रस्तुत अध्याय नेपाली चलचित्रको परिचय, तत्त्व र प्राविधिक पक्ष शीर्षकमा आधारित रहेको छ। यसअन्तर्गत चलचित्रको परिचय उपशीर्षकमा केन्द्रित रही चलचित्रको सैद्धान्तिक आधारमा अर्थ र परिभाषा, चलचित्रको प्रकार र स्वरूप, चलचित्रको तत्त्वलगायत चलचित्रको प्राविधिक पक्षसम्बन्धी गम्भीर रूपमा चर्चा गरिने कार्य गरिएको छ। सर्वप्रथम चलचित्रको अर्थ र परिभाषालाई प्रस्तुत गरे पश्चात् चलचित्रको प्रकारबारे चर्चा गरिएको छ। यसअन्तर्गत कथानक चलचित्र, वृत्तचित्र, भयानक चलचित्र, हाँस्य चलचित्र, अनुप्राणीत चलचित्र र जीवनी चलचित्र आदि पर्दछन् र यी चलचित्रहरूको यहाँ छोटो चर्चा प्रस्तुत गरिएको छ। त्यसपछि चलचित्रको तत्त्वहरू जस्तै- पटकथा, कथा र संवाद, गीत-सङ्गीत, अभिनय, नृत्य र शृङ्गार आदि सम्बन्धी चर्चा गरिएको छ। अन्तमा यस अध्यायमा चलचित्रका प्राविधिक पक्षहरूको पनि चर्चा गरिएको छ, जसमध्ये छायाङ्कनः कोण र दृश्यांश, प्रकाश, ध्वनि, सम्पादन, निर्देशन आदि पर्दछन्।

# तेस्रो अध्याय

## ३. सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रको विश्लेषण

सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको विश्लेषणक्रममा मुख्यत: चलचित्रका तत्त्व र प्राविधिक पक्षलाई मूल आधार बनाइएको छ। यही आधारमा प्रस्तुत अध्यायमा सिक्किमका नेपाली कथानक चलचित्रहरूमध्येबाट पनि प्रतिनिधि नेपाली कथानक चलचित्रलाई मात्र नमुनाको रूपमा लिई तिनको विश्लेषण गरिएको छ।

### ३.१ चलचित्रको तत्त्वको आधारमा 'साइनो' र 'किन मायामा' कथानक चलचित्रको विश्लेषण

तत्त्वगत आधारमा कथानक चलचित्रको विश्लेषण गर्ने मुख्य आधारहरूमध्ये कथानक तत्त्व पनि एउटा आधार हो। चलचित्रका तत्त्वहरू भन्नाले विशेषत: कथा, पटकथा, संवाद, गीत-सङ्गीत, अभिनय, नृत्य र शृङ्गार पर्दछन्। यस सम्बन्धमा सिक्किमका प्रतिनिधि दुई कथानक चलचित्रलाई मात्र नमुनास्वरूप छनौट गरी तत्त्वगत आधारमा 'साइनो' र 'किन माया'मा शीर्षक नेपाली कथानक चलचित्रको विश्लेषण तल प्रस्तुत छ।

#### ३.१.१ तत्त्वगत आधारमा 'साइनो' कथानक चलचित्रको विश्लेषण

**३.१.१.१ कथावस्तु, पटकथा र संवाद :** सन् १९८७ सालमा 'साइनो' कथानक चलचित्र सिक्किममै ट्रिप्ल जेम्स् मुभीजद्वारा निर्माण गरिएको हो। यसको कुल समयावधि

दुई घण्टा पैंतीस मिनटको छ र यस चलचित्रका निर्देशक उग्येन छोपेल हुन्। यसको कथा डेनी डेङ्जोङ्पाले लेखेको थिए, जसलाई डेनी, तुलसी घिमिरे र उग्येन छोपेलले पटकथामा परिणत गरेका थिए। उक्त चलचित्रमा प्रमुख नायक-नायिकाका रूपमा डेनी, तृप्ती नासकर, भुवन के.सी र बाल कलाकारमा रक्षा रहेका छन्।

सरल कथामा आधारित चलचित्र 'साइनो' एउटा सामाजिक विषयवस्तु बोकेको चलचित्र हो। यस चलचित्रले मूल रूपमा समाजमा भइरहने घटनाहरूलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरेको छ। सहर र गाउँका जीवनशैलीगत भिन्नता, प्रेम, स्वार्थ, डाह, षड्यन्त्र, विरह, वेदना आदि कुराहरू वहनगरेको 'साइनो' चलचित्रको कथावस्तु पूर्ण रूपले सामाजिक स्वरूपको छ। सामाजिक घेरोभित्र रहेरै मानवीय सम्बन्धलाई अर्थ र मूल्य प्रदान गर्नु यस चलचित्रको मूल उद्देश्य रहेको छ। कथावस्तुको आधारमा यस चलचित्रलाई पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा छुट्याएर हेर्न सकिन्छ। पूर्वार्धमा नायक आकाश (भुवन केसी) र नायिका तृप्ती (तृप्ती)—को पारिवारिक जीवन, उनीहरूबिचको प्रेम र सानो सुखी संसारलाई देखाइएको छ। सहरको व्यस्त र यन्त्रवत् जीवनसँग दिक्क भएर आकाश र तृप्तीले आफ्नो सानो छोरो बिनुलाई लिएर गाउँ फर्किने निर्णय गर्नु, गाउँमा सानोतिनो व्यवसाय र खेतीपाती गरेर जीवन चलाउनु, गाउँमा मदन बाबूजस्ता खराब प्रवृत्तिको मान्छेसँग आकाशको हेमखेम बढ्नु, मदन बाबुले तृप्तीमाथि कुदृष्टि राख्नु, यस बिच आशा नाम भएकी युवतीसँग आकाशको

भेट हुनु र उनीहरूमाझ अवैद्य सम्बन्ध कायम हुनु र साथै आकाशको दुर्घटनावश मृत्यु हुनु आदि घटनाहरूको संयोजनबाट चलचित्रको पूर्वार्ध भाग निर्माण भएको छ। सोही क्रममा तृप्ती विधवा हुनु, ऊमाथि खराब प्रवृत्ति भएको मदन बाबुको लोभी नजर पर्नु, ठेगानाहीन परदेशीको रूपमा डेनी डेङ्जोङ्पाको प्रवेश हुनु, संयोगवश तृप्तीको घरमा शरण लिनु, यसैबिच परदेशी र नानी बिनुको बिचमा अटुट मैत्रिक सम्बन्ध स्थापित हुनु, तृप्तीसँग पनि प्रेमको सम्बन्ध बढ्दै जानु, गाउँ समाजका मान्छेहरूले मदन बाबुको कुरामा लागेर परदेशी र तृप्तीको सम्बन्धबारे खै गर्नु र अन्तमा आकाशको मृत्युको कारण परदेशीको हात रहेको रहस्योद्घाटन हुनु आदि घटनाहरू उत्तरार्ध भागमा प्रदर्शन गरिएको छ। यस चलचित्रमा नेपाली समाजका साधारण व्यक्तिहरूको मार्मिक कथाको प्रस्तुति स्वाभाविक छ। यसको कथामा सामाजिक यथार्थलाई बढी महत्त्व दिइएको पाइन्छ।

चलचित्र साइनोका कथानकमा प्रस्तुत गरिएको प्रत्येक घटना वास्ताविक देखिन्छ। यस चलचित्रमा पाइने पात्रहरूको संवादबाट ग्रामीण परिवेशको चित्रण गर्दै चलचित्रलाई काल्पनिक रूपमा नभएर यथार्थपरक तरिकाले प्रस्तुत गरिएको छ। दिनभरि काम गरेर राती थकाई मेटाउन भट्टीमा गएर मद-मदीरा पिएर मनोरञ्जन गर्नु, खेत जोत्नु, घास-दाउराकाट्नु, नेपाली समाजमा महिलाहरूले पुरूषहरूको अन्याय-अत्याचार सहनु र सहन नसके गाउँ छोडेर जानु, स्त्रीमात्र भएको घरमा पुरूष बस्दा नराम्रो दृष्टिले हेर्नु, षडयन्त्र रच्नु, तमाखु खुवाउनु र

खानु, माछा मार्न जानु, दुध बेच्नु आदि जस्ता घटनाहरूले ग्रामीण वातावरण, चालचलन र रीतिरिवाज, ग्रामीण प्रवृत्ति तथा ग्रामीण मानसिक अवस्थाको चित्रण गरेका छन्।

चलचित्र दृश्यविधा भएको हुनाले यसको संरचनामा संवाद तत्त्व एक अभिन्न अङ्गको रूपमा देखापर्छ। यो पनि नाटकझै बहुपात्रीय संकथन हुने हुँदा यसमा संवाद तत्त्वले पात्रको चारित्रिक विकासमा वा पात्रलाई चिनाउनेक्रममा तथा कथावस्तुको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। चलचित्रमा चित्रवत् प्रदर्शित पात्रहरूको बिच कुराकानी वा वार्तालाप हुनु स्वाभाविक देखिन्छ। खास गरी संवादले नै चलचित्रलाई जीवन्त र स्वाभाविक बनाउँछ। पात्र गतिशील वा स्थिर, गोलो (Round) वा चेप्टो (Flat) कुनै पनि किसिमको हुनसक्छ। संवादले नै यस्ता पात्रको स्वभाव र प्रवृत्तिगत भिन्नता छुट्टाउँदछ। चलचित्रका संवाद लेखकले पात्रको स्तरअनुकूल संवाद लेख्नु आवश्यक छ। प्रस्तुत चलचित्र 'साइनो'मा संवादको प्रयोग पात्रको मानसिक र बौद्धिक स्तरअनुकूल देखिन्छ। यस चलचित्रमा पात्रहरूको संवादमार्फत् पात्र कुन देश (स्थान), कुन वर्ग र कुन जातको हो भन्ने कुराको जानकारी खुलस्तरूपमा प्रस्तुत गरिएको छ, जस्तै- पाला पात्रको संवादलाई हेरौं- *"खै के भनु र! आकास नानी, येलाई स्कूलमा हालेर अलिक पढेर उमो लागोस् बनेको, हुदेना। यो म जस्तो जार-राक्सी बेच्छ। कती राम्रो तपाईको बीनुले त बाईबाई बन्छ, मेरो पाछा यती पनि जादेना टाटा पनि भनु जादेना।"* यस प्रकारको संवादबाट पात्र नेपाली समाजमा बसोबास गर्ने

शेर्पा जातिको व्यक्ति हो भन्ने बुझिन्छ। उसले बोलेको संवादबाट ग्रामीण समाजको अशिक्षित व्यक्ति पनि हो भन्ने बुझिन्छ। यस्तै प्रकारले यस चलचित्रमा संवादहरू कतै छोटाछोटा छन् भने कतै लामालामा पनि रहेको देखिन्छ। प्रस्तुत चलचित्रमा पात्रहरूले पात्रअनुरूपको संवादहरूको प्रयोग गरेका छन्, जस्तै- साधु कान्छाको संवाद *'कोइ छ मसंग खेल्ने'*। यस संवादबाट पात्र मातेको छ भन्ने बुझिन्छ साथै मान्छे मात्दा कस्तो प्रकारको कराउँदै हिड्छ भन्ने कुरा देखाइएको छ। अर्को दृश्यांशमा एउटा मिठाई दोकानको सौजीको संवाद *'नही हजुर, उ त हाम्रो दोकानमा मातेको छैन, उ त गड्डीमा मातीहालेर मेरो दोकानमा मिठाई खाको*।' यस संवादबाट पात्र बिहारी रहेछ र बिहारीले नेपाली कसरी बोल्छ भन्ने कुरा बुझिन्छ। यस प्रकारका संवादहरूका कारण प्रस्तुत चलचित्र एउटा सफल चलचित्र बन्न पुगेको छ। यस चलचित्रका अभिनेताको संवाद र अन्य कलाकारहरू (पात्रहरू)- को हाउभाउले यस चलचित्रलाई यथार्थ अर्थात् प्रस्तुत चलचित्रलाई वास्तविक बनाउने काम पनि भएको छ। चलचित्रका पात्रहरूका बिचको संवाद ज्यादै पात्रअनुकूल, स्वाभाविक र ग्रामीण परिवेशको रहेको छ।

**३.१.१.२ गीत-सङ्गीत :** चलचित्र एउटा सांस्कृतिक कला पनि हो। यसमा गीत/सङ्गीतको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यो तत्त्व चलचित्रको एउटा अनिवार्य तत्त्व हो। गीत अत्यन्त संवेदनशील कला भएको कारणले चरम सुख वा चरम दुःख अभिव्यक्तिका

लागि यो उपयुक्त माध्यम हो। प्रस्तुत चलचित्र 'साइनो'-मा रनजीत गजमेरको गीत/सङ्गीत रहेको छ भने उदीत नारायण झा, आशा भोसले, कुमार कान्छा, मुरलीधर, दीपा झा र डेनी डेङ्जोङ्पा आदिले स्वर दिएका छन्। यस चलचित्रमा जम्मा पाँचवटा गीतहरू छन्। चलचित्रको पहिलो पूर्ण गीत *नयाँ-नयाँ सजाऊ है संसार...* हो। यस गीत चलचित्रका प्रमुख नायक-नायिका सहरको व्यस्त र यन्त्रवत् जीवनसँग दिक्क भएर सानो छोरो बिनुलाई लिएर आफ्नो गाउँ फर्कँदा गाइएको युगल गीत हो। यस गीतमा चलचित्रका नायक-नायिकाले सहरिया जीवनलाई त्यागेर एउटा सुदूर गाउँमा आई गाई पालेर दूध बेची आफ्नो पारिवारिक जीवन बिताइरहेको दृश्य देखाइएको छ। यस चलचित्रको दोस्रो पूर्ण गीत *आमैले भन्थे धाराको पानी सारैमा चिसो नखाउँ नानी. . .* हो। यस गीतमा त्यति बेलाको समयका मानिसहरूले दिनभरि काम गरेर राती थकाई मेटाउन भट्टीमा गएर मद-मदीरा पिएर मनोरञ्जन गरेको दृश्यलाई प्रस्तुत गरिएको छ। यस गीतका माध्यमबाट प्रदर्शित दृश्यांशले सिक्किममा धेरै जात-जातिका मानिसहरू एक-अर्कामा मिलेर बस्ने गर्छन् भन्ने कुरालाई पनि देखाइएको छ। यस चलचित्रको तेस्रो पूर्ण गीत हो *फेरि आयो त्यो कालो रात, निष्ठुरीको लिएर सम्झना....* । प्रस्तुत गीत तृसीको लोग्ने आकाशको मृत्युपछि छोरोले आमालाई बाबा कहिले आउँछ भनेर सोध्दा, छोरोलाई सान्तावना दिनुका लागि गाइएको एकल गीत हो। यस गीतको माध्यमबाट नायिका तृसीले मृत लोग्नेलाई सम्झेर आफ्नो मनको बह

पोखेकी छन्। यस गीतमा लोग्नेको मृत्युपछि स्वास्नीले घरका सबै जिम्मेवारी लिनुपर्दा ऊमाथि आईपरेका समस्या, बाधा र परिस्थितिहरूलाई देखाइएको छ। यस गीतको प्रत्येक शब्दले नायिकाले नायकको मृत्युपछि भोग्नुपरेका दुःख, कष्ट, पीडा र उसको कारूणिक भावको अभिव्यक्तिलाई स्वाभाविक रूपमा प्रस्तुत गरेको छ। यस गीतको अभिव्यक्तिद्वारा तृप्तीको मनःस्थितिलाई देखाइएको छ। उक्त चलचित्रको चौथो वा अन्तिम पूर्ण गीत *सुन कथा एउटा गीत, हार मेरो हो कि जीत...*हो। प्रस्तुत चलचित्रको नामसँग आधारित रहेको यो गीत मूल कथानकसँग पनि सम्बन्धित रहेको छ। यस गीतले परदेशी (डेनी) र तृप्तीको छोरो बीनुमाझमा रहेको अटुट मित्रताको साइनोलाई देखाएको छ।

यस चलचित्रमा नेपाली समाजमा बसोबासो गर्ने नेपाली जातिको जीवनचर्यालाई चलचित्रको गीतद्वारा प्रस्तुत गरिएको छ। त्यसैले यस चलचित्रका सम्पूर्ण गीतहरूमा नेपाली लोक तत्त्वहरू पाइन्छन्। गीतले चलचित्रमा घटनाका खण्डहरूलाई जोडने काम गर्दछ। सांस्कृतिक अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम नै गीत/सङ्गीत हो। चलचित्र 'साइनो'मा जीवन भोगाइ अर्थात् जीवनको हर्ष तथा विषादका उपल्ला अनुभूतिहरूलाई अनुभव गराएर त्यस भावात्मक क्षणमा लोक लयमा आधारित आधुनिक गीतहरूको रचना गरिएको छ।

**३.१.१.३ अभिनय** : चलचित्रको सफलताको लागि अभिनय एउटा अत्यन्तै महत्त्वपूर्ण पक्ष हो। यसका माध्यमद्वारा कलाकारहरूले चलचित्रमा स्वाभाविकता र वास्ताविकता प्रदान

गर्दछन्। प्रस्तुत चलचित्र 'साइनो'मा संलग्न कलाकारहरूले एकदमै राम्रो र जीवन्त अभिनय गरेका छन्। घटना र परिवेशको आधारमा निर्देशकले निर्देश गरेअनुसार कलाकारहरूको अभिनय कथानकसँग मिल्दोजुल्दो देखिन्छ। यस चलचित्रका कलाकारहरूले स्वाभाविक र वास्तविक अथवा पत्यारिलो ढङ्गमा अभिनय गरेका छन्, जसले गर्दा उक्त चलचित्र एउटा सफल चलचित्र बन्न पुगेको छ।

**३.१.१.४ नृत्य :** सांस्कृतिक अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम गीत/सङ्गीतको अतिरिक्त नृत्य पनि हो। नृत्यले चलचित्रमा दर्शकहरूलाई मनोरञ्जन दिने काम गर्दछ। यसले चलचित्रलाई बढी सान्दर्भिक, यथार्थपरक र सौन्दर्यपूर्ण पनि बनाउँछ। चलचित्रमा नृत्य हुनै पर्छ भन्ने कुनै नियम छैन। पश्चिमी चलचित्रहरूमा नृत्य बिना नै चलचित्रहरू प्रशस्तै मात्रामा सफल भएको पाइन्छ, तर यता भारतीय र नेपाली चलचित्र जगत्मा भने नृत्य बिनाको चलचित्र अधुरो देखिन्छ। उक्त चलचित्र 'साईनो'मा कुनै प्रकारका नेपाली लोक नृत्यहरू प्रस्तुत गरेको पाइँदैन। यसमा खाली व्यावसायिक नृत्यको प्रस्तुति मात्र पाइन्छ, जसले दर्शकलाई मनोरञ्जन दिने काम मात्र गरेको छ।

**३.१.१.५ शृङ्गार (साज-सज्जा तथा भेषभूषा) :** चलचित्रका निर्माणकार्यमा अर्को महत्त्वपूर्ण तत्त्व हो शृङ्गार। यसले पात्रहरूको चारित्रिक विशेषतालाई झल्काउँछ। कलाकारहरूलाई गरिने शृङ्गारले पनि कतिपय चलचित्रहरू कस्ता प्रकारका हुन् भन्ने कुरा

बताउँछ। प्रस्तुत चलचित्र 'साइनो'का कलाकारहरूले गरेको शृङ्गारबाट यो चलचित्र आधुनिक नेपाली समाजका एउटा सामाजिक विषयवस्तु बोकेको नेपाली कथानक चलचित्र हो भन्ने बुझिन्छ। यसका हरेक कलाकारले परिवेश तथा स्थानअनुकूलको शृङ्गार गरेका छ। जस्तै- चलचित्रका नायिका तप्तीको शृङ्गार- निधारमा टीका, कपाल छोडेकी, सारी लगाएकी, गलामा माला, कानमा कुण्डल, हातमा बाई, औलामा औठी जस्ता शृङ्गार-सामग्रीबाट ऊ आधुनिक नेपाली समाजकी नारी हो भन्ने सहजै अनुमान गर्न सकिन्छ। यसरी शृङ्गार गर्दा चरित्रको धर्म, उमेर, पेशा, भूगोल, वर्ग, स्वभाव आदिलाई ध्यान दिएर गर्नु पर्छ र यस चलचित्रका शृङ्गार निर्देशकले पनि यी सबै कुरालाई ध्यान दिएर नै कलाकारहरूको शृङ्गार गरेका छन्। त्यसैले शृङ्गार चलचित्रको अत्यन्त महत्त्वपूर्ण र अत्यावश्क तत्त्व हो।

### ३.१.२ तत्त्वगत आधारमा 'किन मायामा' कथानक चलचित्रको विश्लेषण

**३.१.२.१ कथावस्तु, पटकथा र संवाद :** सिक्किमबाट निर्मित विविध विषयक नेपाली चलचित्रहरूमध्ये *किन मायामा* सन् २०१२ मा निर्माण गरिएको नेपाली कथानक चलचित्र हो। यस चलचित्रका पटकथाकार तथा निर्देशक चुनिलाल घिमिरे हुन्। च्यानल एसी प्रोडक्शनको व्यानरमा निर्मित यस चलचित्रको कथावस्तु एड्स जस्तो प्राणघातक रोग र यस रोगबाट प्राप्त हुने नकारात्मक एवम् दुःखान्त परिणाममा आधारित छ। यसैले एकजना प्रतिष्ठित कलाकार युवक र कलाको कदर गर्ने एकजना कलाप्रशंसक युवतीको प्रणय

सम्बन्धमा आधारित कथावस्तु भए तापनि चलचित्रको केन्द्रीय भाव भने एड्स जस्तो सङ्क्रामक रोगबारे समाजलाई सचेत गराउनु रहेको छ। यस दृष्टिले हेर्दा आलोच्य चलचित्र केवल सस्तो मनोरञ्जन वा व्यावसायिक उद्देश्यका लागि तयार पारिएको चलचित्र नभएर जनहितका निम्ति तयार पारिएको सामाजिक सचेतनामूलक चलचित्र पनि हो। यस चलचित्रले एड्स जस्तो रोगबारेको नकरात्मक सामाजिक धारणा विपरीत सत्यतथ्यको मार्ग अनुसरण गरेर समाजलाई यस रोगको वास्तविकताबारे अवगत गराउने काम गरेको छ। यसबाहेक नारीसुलभ ईर्ष्याको प्रसङ्गलाई पनि चलचित्रमा प्रत्यक्ष रूपले भित्र्याइएको छ।

एड्स (एक्वायर्ड इम्युनो डेफिसेन्सी सिन्ड्रम) एउटा सरुवा रोग हो। यो रोग ह्युमेन इम्युनो डेफिसेन्सी भाइरसको कारण रगत सङ्क्रमित हुनाले एउटा यौन सम्पर्क तथा अन्य माध्यमबाट एक मान्छेदेखि अर्को मान्छेमा सर्दछ। असुरक्षित यौन सम्बन्ध, जताभावी सुईंको प्रयोग, रगत प्रत्यारोपन (परिवर्तन) अथवा आनुवंशिक स्थिति आदि एड्स सङ्क्रमित हुनुका मूलभूत कारणहरू हुन्। समाजमा यस रोगलाई यौनजन्य अपराधको परिणाम मानेर घृणाको दृष्टिले हेर्ने गरिन्छ। यस किसिमको सामाजिक धारणाको सिकार बनेर एड्स सङ्क्रमित रोगीहरू रोगको कारणभन्दा पनि धेरै मान्छेहरूले आफूप्रति गर्ने नकारात्मक व्यवहारको कारण जिउँदै मरेको अवस्थामा पुग्दछन्। यही नै चलचित्र *किनमायामा*-ले ओगटेको

कथावस्तुको परिधि हो। एड्स भन्ने बित्तिकै यौन अपराध हो भन्ने अर्थ लगाउने सामाजिक सोचको विघटन गर्नु नै यस चलचित्रको मूल उद्देश्य रहेको छ।

युगौंदेखि नेपाली समाजले विवाहपूर्व हुने यौन सम्बन्धलाई अनैतिक क्रियाकलापको रूपमा स्वीकार गर्दै आएको छ। यस प्रकारको कर्मलाई सामाजिक मर्यादामा हानी पुऱ्याउने पापकर्म वा अपराधकर्म भन्ने अर्थमा ग्रहण गरिँदै आएको छ। यसैको फलस्वरुप एड्स् जस्तो असुरक्षित यौन सम्बन्ध साथै अन्य कारणहरूले गर्दा हुने रोगलाई पनि केवल अनैतिक रूपमा गरिएको पाप वा अपराधकर्म भन्ने अर्थसँग जोडेर हेर्ने धारणा समाजमा स्थापित छ। यिनै विषयलाई टिपेर चलचित्र *किन मायामा*-को कथावस्तु निर्माण गरिएको छ।

प्रस्तुत चलचित्र *किन मायामा* मूलतः एउटा घटनाप्रधान चलचित्र हो। यसमा एकपछि अर्को घटनाको शृङ्खलाद्वारा क्रमबद्ध रूपमा चलचित्रको कथालाई उत्कर्ष प्रदान गरिएको छ। काठमाडौंबाट प्रख्यात गायक रवि (प्रशान्त तामाङ) सिक्किममा साङ्गीतिक कार्यक्रम गर्न आउने खबर सुनेर सिक्किमकी कलाप्रशंसक युवती गरिमा (सुमिना घिमिरे)—को व्यग्रता बढेको घटना (दृश्यांश)- बाट चलचित्रको कथावस्तु अघि बढेको छ। यसरी गायक रविको कार्यक्रममा जसरी भए पनि जाने अठोट गरेकी गरिमा साथी रञ्जनाको कुरामा लागेर टिकटको लागि खलनायक चरित्रको पैसावाल रमेशको जन्मदिनको पार्टीमा जानु, त्यहाँ उसलाई बेहोश हुने दबाई खुवाएर रमेशले उसको इज्जतमाथि खेलवाड गर्न

खोज्नु र बेहोसी अवस्थामा विनयले गरिमाको उद्धार गर्नु आदिले पहिलो चरणको घटनालाई देखाएको छ। दोस्रो चरणको घटनामा गरिमा र रविको बिच परिचय र सम्बन्ध बढ्नु, दार्जिलिङमा हडताल भएको कारण रवि काठमाडौं फर्कन नसक्नु, गरिमाले रविलाई सिक्किम घुमाउनु, यस्तैमा ती दुईबिच यौनसम्बन्ध स्थापित हुनु, आफूले धोका नदिने भरोसा दिलाएर रवि काठमाडौं फर्किनु र त्यसपछि तिनीहरूबिच सम्पर्क टुट्नु आदि घटनाहरू क्रमशः आएका छन्। रवि र गरिमाकोबिच धेरै दिनसम्म सम्पर्क हुन नसकेको कारणबाट ती दुईका बिच असम्झदारी पैदा हुनु, गरिमाले आफू दुई जिउकी भएको बोध गर्नु, यस्तैबिच अचानक साथी दुर्घटनामा परेको कारण रगत दिनुपर्दा गरिमाको रगतमा एच आई भी सकारात्मक रहेको थाहा पाउनु र रविबाट उसलाई यो रोग सरेको हो भन्ने भ्रम हुनु आदि तेस्रो चरणका घटना शृङ्खलामा जोडिन आएका छन्। यसरीनै एड्स लागेको थाहा पाएपछि गरिमाको मानसिक स्थिति पनि बिग्रिँदै जानु, आफ्नै साथीभाइहरूबाट पनि ऊ लाञ्छित र तिरस्कृत हुँदै जानु, उसको परिवार नै समाजबाट अपमानित हुनु, उता रविले गरिमासँग सम्पर्क गर्ने प्रयास गर्नु र गरिमाले फोन नउठाएको कारण निराश हुनु आदिबाट चौथों चरणको घटना शृङ्खलालाई देखाइएको छ। यसपछि रवि र गरिमाको बिचमा फोन सम्पर्क हुनु, रविले गरिमालाई आफूबाट एड्स लागेको बारे थाहा पाउनु, आफ्नो निर्दोषिता प्रमाणित गर्नलाई रगतको जाँच गरेको रिपोर्टसँगै रवि सिक्किम आउनु, रविकै कारण आफूलाई एड्स भएको

भन्ने सोचेर भ्रममा परेकी गरिमाको गलत सोचाईको अन्त हुनु, रविलाई गरिमाका मामाले गुण्डाहरू लगाएर मार्न खोज्नु, एकजना अपरिचित एडिक्ट मान्छेले आएर रविलाई बँचाउनु साथै रवि र गरिमाका बिच सिर्जित भ्रमहरू साम्य हुनु आदि पाँचौं चरणको घटना शृङ्खलामा प्रस्तुत छन्। अन्तिम एवम् छैटौं चरणको घटना शृङ्खलाको रूपमा एड्स भएको थाहा भएर पनि रविले गरिमालाई बिहा गर्ने निधो गर्नु, यसका साथै रविले गरिमालाई एड्स कसरी भयो भन्ने सत्यको खोजी पनि निरन्तर गर्नु, गरिमाकी साथी रञ्जनाले नै ईर्ष्यावश एकजना एड्स सङ्क्रमित एडिक्टलाई पैसा दिएर गरिमालाई बेहोस हुने सुईं लगाउन अऱ्याउनु र एडस् सङ्क्रमित एडिक्टले आफूलाई पहिला सुईं लगाएर त्यही सुईं गरिमाको शरीरमा पनि लगाइ दिएको सत्य उजागर हुनु साथै नानी जन्माए पछि गरिमाको मृत्यु हुनु आदि रहेका छन्।

यसरी हेर्दा चलचित्र *किन मायामा*-ले मूल रूपमा उठान गरेको दुईवटा केन्द्रीय विषय भनेकै एड्स रोगको प्रभाव, परिणाम र यसप्रतिको सामाजिक दृष्टिकोण एउटा हो भने अर्को नारीसुलभ ईर्ष्या हो। एउटी नारीले ईर्ष्याको कारण कुन हदसम्म पार गर्न सक्छ भन्ने कुराको चित्रण चलचित्रमा व्यवस्थित ढंगले गरिएको छ। रूप, रङ, गुण, प्रतिभा सबैले आफूभन्दा अब्बल रहेकी गरिमाप्रतिको ईर्ष्याभावले रञ्जनालाई अन्तमा एउटी खलनायिकाको रूपमा प्रस्तुत गरिएको छ। यसबाट एउटी नारी नै अर्की नारीको बर्वादीको कारण हुँदछ

भन्ने यथार्थ पनि उजागर भएको छ। आफूले सबैभन्दा मिल्ने र माया गर्ने नजिककी साथी रञ्जनाको सङ्कीर्ण सोचकै कारण गरिमाको जिन्दगी बर्वाद हुन पुगेको सत्यलाई चलचित्रमा देखाइएको छ।

अन्तमा भन्नुपर्दा प्रस्तुत *किन मायाम*मा समसामयिक विषयवस्तुलाई कथाको रूपमा विस्तार गरेर तयार पारिएको नेपाली कथानक चलचित्र हो। कथावस्तुका दृष्टिले यस चलचित्रको मूल्य र महत्त्व गरिमामय र सफल समेत बनेको छ।

बृहत् नेपाली शब्दकोशअनुसार संवाद भनेको परस्परको कुराकानी, वार्तालाप वा बातचित हो।[१] चलचित्रको क्षेत्रमा पनि संवादको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। कलाकारहरूमाझमा भएको कुराकानी वा बातचित नै संवाद हो। नाटकमाझैं चलचित्रमा पनि यो एउटा अभिन्न तत्त्व पनि हो। प्रस्तुत चलचित्र 'किन मायामा'- को संवाद मुक्ति उपाध्याय र प्रकाश आङ्देम्बेले लेखेका हुन्। यस चलचित्रमा कलाकारहरूले आफ्नो विचार र भावनाहरूलाई प्रस्तुत गर्ने क्रममा कतै लामालामा र कतै छोटाछोटा संवादहरूको प्रयोग गरेका छन्। उक्त चलचित्रमा संवाद योजना पात्रहरूको स्तरअनुकूल प्रयोग गरिएको छ। अझ कतिपय ठाउँमा संवादकै माध्यमद्वारा पात्र कस्तो धरातलको हो भन्ने कुरा पनि

---

[१]. वासुदेव त्रिपाठी (सम्पा), (वि.सं २०४०), **नेपाली बृहत् शब्दकोश (सातौं संस्करण)** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ.१२०७।

देखाइएको छ, उदाहरणका निम्ति खल्बलेको संवादलाई हेरौं- *'गरीमा ! मेरो भान्जी, तिम्रो जीन्दगीमा खल्बल गर्नु आउँदैछ यो मामा, अब अमेरिकाजाने सपना देख्नथाल।'* उसको] यस संवादमा खल्बले एउटा षड्यन्त्रकारी व्यक्ति हो भन्न सकिन्छ अर्थात् ऊ एउटा स्वार्थ{पन बोकेको, केवल आफ्नो बारेमामात्र सोच्ने व्यक्ति हो भन्ने कुरा प्रस्तुत संवादमा देखाइएको छ। उक्त चलचित्रमा संवादलाई स्वाभाविक बनाउन कतैकतै उखानको पनि प्रयोग गरिएको छ जस्तै-*कसैलाई केको धन्दा घर ज्वाईलाई खानुको धन्दा, रातभरि रूङ्गयो बुढी त जिउँदै, ढुङ्गा खोज्दा देउतै पायो* इत्यादि। चलचित्रमा संवाद पात्रको स्तरअनुकूल हुन आवश्यक हुन्छ। यस सन्दर्भमा हेर्दा कतिपय ठाउँमा चलचित्रकी नायिकाले बोलेको] संवाद चलचित्रको कथानकसँग सान्दर्भिक देखिँदैन, कारण चलचित्रको कथानकमा नायिका सिक्किममा बसोबास गर्ने एउटी स्त्रीको रूपमा देखाइएको छ, तर उसले प्रयोग गरेको संवादमा भने सिक्किमेली नेपाली समाजमा प्रयोग हुने भाषिक विशेषता पाइँदैन, जस्तै- हजुर, साहेब, ज्यू आदि सिक्किमेली बोलीमा त्यति प्रयोग भएको पाइँदैन। प्रस्तुत चलचित्रका पात्रहरूले कतै स्वाभाविक, प्रभावकारी, सरल र कतै उच्च स्तरीय, साहित्यिक र आलङ्कारिक संवादको प्रयोग गरिएको देखिन्छ, तर चलचित्रका कतिपय दृश्यहरूमा उच्च स्तरीय, साहित्यिक, आलङ्कारिक र लामालामा संवादको प्रयोगले गर्दा दर्शकलाई अलिक झिझो लाग्ने सम्भावना पनि देखिएको छ।

**३.१.२.२ गीत-सङ्गीत :** गीत-सङ्गीत जीवनको भोगाइका क्रममा प्राप्त विभिन्न भाव र अनुभूतिको कलात्मक अभिव्यक्ति हो।[२] यसमा भाव र कलापक्षको मिश्रित रूप पाइन्छ। त्यसैले यो हृदयपक्षसँग सम्बन्धित हुन्छ। यो सांस्कृतिक अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम पनि हो। प्रस्तुत चलचित्र 'किन मायामा' मा महेश खर्काको सङ्गीत रहेको छ भने यसका प्रमुख गीतकार पुष्कर पराजुली र चुनीलाल धिमिरे हुन्। पार्श्व गायकहरूमा अन्जु पन्त, दीपक लिम्बू, प्रमोद खरेल, कर्म ग्यालसेन बोम्जन र योगिता मोक्तान रहेका छन्। उक्त चलचित्रमा जम्मा चारवटा पूर्ण आधुनिक गीतहरू छन्। यसको प्रत्येक गीतले दर्शकहरूलाई चलचित्रको कथानकसँग जोडने काम गरेको छन्। चलचित्रमा दुई प्रकारका गीत हुन्छन्, (क) नाच्ने गीत र (ख) सुन्ने गीत। चलचित्रको पहिलो पूर्ण गीत चलचित्र सुरू भएको ठीक तीन मिनटमा गाइएको छ, जुन *'धिङ्ताङ्-धिङ्ताङ् बजाऊ न मादल, तिरीरी मुरली धुनैमा'* बोलमा रहेको एकल गीत हो। यो गीत नाच्ने गीत हो। उक्त गीतमा चलचित्रकी नायिका गरीमाले आफूले मनपराएको गायक रवी किरणलाई सम्झिँदै सपनामा ऊसँग नाचेको दृश्यलाई देखाइएको छ। गीतले चलचित्रका कलाकारहरूको भाव अभिव्यक्तिको उद्घाटन गर्ने काम गर्छ। *'चौरी लेक मै छोडदे, घरसँग नाता तोडदे'* बोलको गीत प्रस्तुत चलचित्रको दोस्रो आधुनिक तामाङ् सेलो गीत हो। यस गीतअन्तर्गत नायक

---

[२]. मोहनहिमांशु थापा, (सन् २००९), **साहित्य परिचय (पाँचौं संस्करण)**, काठमाडौं: साझा प्रकाशन, पृ.४४।

पहिलो पल्ट सिक्किम आएर लाइव कन्सर्ट गरेको दृश्य देखाइएको छ। चलचित्रको तेस्रो पूर्ण गीत *'चौरी चड्ने भिर खर्का, माया लाउन के को डर त'* बोलको गीत हो। प्रस्तुत गीत पनि तामाङ् सेलोमानै आधारित छ। यो गीत चलचित्रका नायक र नायिकामाझ प्रेम हुँदा गाइएको गीत हो। उक्त गीत प्रेमप्रति समर्पित छ। *'डुब्यो घाम जिन्दगीको, भयो अँध्यारो अँध्यारो'* बोलको गीत चलचित्रको चौंथो वा अन्तिम पूर्ण गीत हो। यस गीतले चलचित्रकी नायिका गरीमाले जब आफू एच.आइ.भी. भिक्टिम भएको कुरा थाहा पाउँछे, त्यसबेला उसले अनुभूत गरेका विषाद अनुभूतिहरूलाई देखाएको छ। यस गीतका शब्दहरूले नायिका गरीमाको मनःस्थितिलाई प्रस्तुत गरेका छन्।

प्रस्तुत चलचित्रका सम्पूर्ण गीतहरू सिक्किमका विभिन्न धार्मिक, ऐतिहासिक, पौराणिक आदि पर्यटन स्थलहरूमा छायाङ्कन गरिएको छ, जस्तै- छाङ्गु लेक, सामडुपश्ये, तिमी चियाकमान, झाँक्री फल्स्, सरमसा आदि। उक्त गीतमा पर्यटन स्थलका साथमा सिक्किममा प्राकृतिक सुन्दरता, शान्त वातावरण र यहाँका समाजमा बसोबास गर्ने विभिन्न जनजाति जस्तै- भोटे, लाप्चे र नेपालीको अन्तरसांस्कृतिक सम्बन्धलाई पनि देखाइएको छ।

**३.१.२.३ अभिनय:** अभिनय चलचित्रको अनिवार्य र आवश्यक तत्त्व हो। अभिनयको अभावमा चलचित्र सजीव बन्न सक्दैन। चलचित्रका कलाकारहरूले प्रत्यक्ष रूपमा गरिने क्रियाकलाप नै अभिनय हो। आधुनिक शैलीमा बनेका 'किन मायामा' चलचित्रमा अभिनयको

कुरा गर्नुपर्दा प्रस्तुत चलचित्रका कलाकारहरूले राम्रो अर्थात् स्वाभाविक अभिनय गरेका छन्। उनीहरूले गरेको अभिनयकै कारण प्रस्तुत चलचित्र एउटा सफल चलचित्र बन्न पुगेको छ। चलचित्रमा अभिनयले दुईवटा कुरालाई निर्देश गरेको हुन्छ। पहिलो कलाकारको अभिनयद्वारा उनीहरूको भविष्यको निर्धारण गर्नु र अर्को कलाकारको अभिनयद्वारा चलचित्रको सफलता र असफलताको निर्धारण गर्नु। यस आधारमा हेर्दा प्रस्तुत चलचित्रका कलाकारहरूले गरेको अभिनयले उनीहरूको भविष्य उज्जवल छ भन्न सकिन्छ, कारण उनीहरूले गरेको अभिनयले दर्शकहरूलाई आफूपट्टि आकर्षित गर्न र दर्शकलाई साधारणीकरणको स्थितिमा पुऱ्याउन सक्ष्म बनाएको छ। चलचित्रको विचारलाई बोक्न सक्ने र दर्शकसमक्ष पुऱ्याउन सक्ने सक्षम कलाकारको अभिनयको अपेक्षा दर्शकले गरेको हुन्छ। त्यसैले चलचित्रका कलाकारहरू सुन्दर, शारीरिक रूपमा स्वस्थ, आकर्षक व्यक्तित्व भएको, अभिनयमा कुशल र प्रभावकारी भएको हुनुपर्दछ। यस आधारमा हेर्ने हो भने प्रस्तुत चलचित्रका कलाकारहरूमा यी सम्पूर्ण गुणहरू भएको देखिन्छ साथै उनीहरूले चलचित्रको वास्तविकतालाई आफ्नो अभिनयद्वारा स्वाभाविक र प्रभावकारी ढङ्गमा प्रस्तुत गरेका छन्। त्यसैले अभिनयको दृष्टिमा हेर्दा उक्त चलचित्र 'किन मायामा' मार्मिक, प्रभावकारी र सफल चलचित्र हो भन्न सकिन्छ।

**३.१.२.४ नृत्य :** चलचित्र पनि एउटा सांस्कृतिक कला भएकोले गर्दा यसमा नृत्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। चलचित्रमा समयको अन्तराललाई जोड्नु पर्दा, कथानकले नाटकीय मोड लिनु पर्दा, घटनाको परिणति, चरित्रको अवचेतनको खुलासा गर्दा, सामाजिक, साँस्कृतिक परिस्थितिहरूको उद्घाटन गर्नुपर्दा नृत्यको प्रयोग गरिन्छ। यो चलचित्रको एउटा अनिवार्य तत्त्व हो कारण यसले दर्शकहरूलाई मनोरञ्जन दिनका साथै चलचित्रलाई बढी सान्दर्भिक, यथार्थपरक र सौन्दर्यपूर्ण बनाउनमा सहयोग पुऱ्याउँछ। उक्त चलचित्र 'किन मायामा'- मा पनि थुप्रै किसिमका नेपाली लोक नृत्यहरूको प्रस्तुति भएको देखिन्छ, जस्तै- मारूणी नाँच, डम्फू नाँच, टयाम्को नाँच, सेलो नाँच इत्यादि। यी नाँचहरूले प्रस्तुत चलचित्रमा चलचित्रको घटनाका खण्डहरूलाई जोड्ने, दर्शकहरूलाई मनोरञ्जन दिने, चरित्रको मूल भावको उद्घाटन गर्ने आदि काम गरेका छन्। यस चलचित्रका नाँचहरूको छायाङ्कन सिक्किममा नै गरिएको छ। यस चलचित्रको प्रत्येक गीत र नृत्यको छायाङ्कनमा सिक्किमको प्राकृतिक सुन्दरताको झलक पाइन्छ।

**३.१.२.५ शृङ्गार (साज-सज्जा तथा भेषभूषा) :** चलचित्रमा शृङ्गार, साज-सज्जा तथा भेषभूषालाई महत्त्वका साथ लिने गरिन्छ। यसका कारण चलचित्र अर्थात् कलाकारहरू कुन समाजको, कुन वर्गको, कुन युग र पेसाको भन्ने जानकारी मिल्दछ। यसले चलचित्रको साँस्कृतिक जीवन र निर्देशकको रूचिलाई सङ्केत गर्दछ। चलचित्रमा पात्रहरूको पहिलो

परिचय नै उसको पहिरनबाट प्राप्त हुँदछ। उसको पहिरन देख्ने बित्तिकै दर्शकले ऊ कुन समाजको, कुन वर्गको, कस्ता खाले पात्र हो भन्ने अनुमान लगाउन सक्छ। त्यसैले चलचित्रमा शृङ्गार र भेषभूषाको प्रयोग सावधानीका साथ प्रस्तुत गरिएको हुनुपर्दछ। प्रस्तुत 'किन मायामा' चलचित्रका पात्रहरूले गरेको शृङ्गार, साज-सज्जा तथा भेषभूषा चलचित्रको घटना र परिवेशअनुसार सान्दर्भिक देखिन्छ। उक्त चलचित्र आधुनिक विषयवस्तुमा आधारित रहेको कारणले यसको प्रत्येक पात्रले आधुनिक ढाँचाका पहिरन र सोहीअनुरूपको शृङ्गार तथा साज-सज्जावट पनि गरेको छ, जस्तै- स्त्री पात्रहरूले लगाएका भेषभूषा र उनीहरूले गरेका शृङ्गार- प्यान्ट-भेष्ट, जामा, कुर्ता, मेडी, छोटोछोटो कपाल छोडेको, कानमा विभिन्न किसिमका झुम्का, गलामा सुनको चेन्, आँखामा गाजल, ओठमा लिपिस्टिक, गालामा लालीपाउडर, हात्तमा बाजु (bracelet), औंलामा औंठी जस्ता सज्जावट र पहिरनबाट प्रस्तुत चलचित्र एउटा आधुनिक समाजको विषयवस्तु बोकेको चलचित्र हो भन्ने बुझिन्छ। मानिस जस्तो वातावरणमा हुर्किएको हुन्छ, सोहीअनुरूपको सौन्दर्य चेतनाको विकास उनमा भएको हुन्छ। कुनै पनि जातिको अस्तित्व उसको भेषभूषाबाट थाहा पाउँछ। प्रस्तुत 'किन मायामा' चलचित्रमा पनि पात्रहरूले नेपाली जातिको अस्तित्व वा चिन्हारी झल्काउन नेपाली जातिको साँस्कृतिक भेषभूषा लगाएर यहाँ नृत्य प्रस्तुत गरेका छन्। उनीहरूले नृत्य प्रस्तुत गर्दा लगाएका भेषभूषाहरू चौबन्दी चोलो, ढाका सारी, पटुका, दौरासुरवाल, फेटा, ढाका टोपी,

बख्खु, पाङ्देन, गादा, हन्जु, फरिया-चोली आदि हुन्। पात्रहरूले पहिरिएको यस प्रकारका भेषभूषाबाट सिक्किमको नेपाली समाजमा बसोबास गर्ने मानिसहरूको परिचय पाइन्छ।

### ३.२ चलचित्रको प्राविधिक पक्षको आधारमा 'लाहुरे' र 'लेटर' कथानक चलचित्रको विश्लेषण

चलचित्रको प्राविधिक पक्ष भन्नाले छायाङ्कन (क्यामेरा र दृश्यांश), निर्देशन, प्रकाश, ध्वनि, सम्पादन आदि पर्दछन्। यसै आधारमा 'लाहुरे' र 'लेटर' कथानक चलचित्रको विश्लेषण तल प्रस्तुत छ।

#### ३.२.१ प्राविधिक पक्षको आधारमा 'लाहुरे' कथानक चलचित्रको विश्लेषण

चलचित्र 'लाहुरे' कञ्चनजङ्गा फिल्मसद्वारा निर्मित नेपाली कथानक चलचित्र हो। उक्त चलचित्रको निर्माण सन् १९८८-मा भएको थियो। यसका निर्देशक तुलसी घिमिरे र निर्माता श्रीमती सो. लामा र श्रवण घिमिरे हुन्। उक्त चलचित्रको कथा, पटकथा र संवाद स्वयम् निर्देशक घिमिरेले तयार पारेका हुन् साथै यसको सम्पादन समेत उनले नै गरेका हुन्। यस चलचित्रमा कुसुम गजमेर र तुलसी घिमिरेका गीत अनि लुई बेंक्स र मनोहरी सिंहका सङ्गीत रहेका छन्, जम्मा दुई घण्टा सत्ताइस् मिनटको प्रस्तुत चलचित्रको प्रमुख नायक र नायिकाका रूपमा श्रवण घिमिरे, तृप्ती नासकर र तुलसी घिमिरे रहेका छन्।

**३.२.१.१ छायाङ्कन (कोण र दृश्यांश) :** एउटा पूर्ण चलचित्र निर्माण गर्नका लागि विभिन्न चरणहरू पार गर्नु पर्ने हुन्छ। यी मध्ये लेखन सबैभन्दा पहिलो चरण हो। त्यसपछि दोस्रो चरणमा छायाङ्कन गर्ने काम सुरु हुन्छ। कथाको परिवेशअनुसार छायाङ्कन गर्ने स्थल (लोकेशन) पनि दुई किसिमका हुन्छन्- आन्तरिक स्थल (इनडोर) र बाह्य स्थल (आउटडोर)। प्रस्तुत चलचित्र 'लाहुरे' आन्तरिक स्थलमा भन्दा बाह्य स्थलमा बढी मात्रामा छायाङ्कन गरिएको छ। यसको छायाङ्कन सिक्किमको पान्थाङ् पुलिस क्याम्प, नाम्ची, तिमी चियाबारी, दामथाङ र कतै-कतै दार्जिलिङ, खरसाङमा भएका छन्। साहित्यको भाषा शब्द हो भने चलचित्रको भाषा क्यामेरा हो।[३] क्यामेरा चलचित्रको भाषा भएको हुनाले यसको पनि आफ्नै विधि वा एकाइहरू छन् र ती हुन् दृश्यांश (Shot), दृश्य (Scene) र उपसर्ग ( Sequence)।[४] प्रस्तुत चलचित्र 'लाहुरे' मा क्यामेराका विभिन्न कार्य प्रविधिलाई प्रयोग गरिएको पाइन्छ। चलचित्र निर्माणकार्यमा दृश्यांशलाई चलचित्रको भाषाको एकाइ मानिन्छ। दृश्यांश चलचित्रको त्यो भाग हो, जहाँ एक पटक क्यामेरा चालु भएर रोकिएसम्मको दृश्याङ्कित गरिन्छ। यी भिन्नभिन्न दृश्यांशहरू भिन्नभिन्न कोण र गतिबाट लिइएका हुन्छन्। प्रस्तुत चलचित्र 'लाहुरे' मा क्यामेराका विभिन्न कार्यप्रविधि (Technique)-

---

[३]. प्रकाश सायमी, (सन् २००४), **चलचित्र :कला र प्रविधि**, काठमाडौं :पैरवी बुक्स एन्ड स्टेशनरी सेन्टर, पृ.५३।

[४]. पूर्ववत्।

हरूअन्तर्गत विभिन्न दृश्यांशहरूमा लङ्ग सट (Long Shot), मिडियम सट (Medium Shot), क्लोजअप सट (Close Up Shot), एक्सट्रिम लङ्ग सट (Extreme Long Shot), झुम सट (Zoom Shot) आदि सटहरूको प्रयोग भएका छन्। लङ्ग सटले दृश्यको सम्पूर्ण आकार र दुरी बुझाउँछ। जस्तै- मञ्जरी र डल्ले दाइ भागेर एउटा सानो बजारमा पुगेको एउटा दृश्य, जहाँ एकातिर सूर्य गाडीमा चडेर गइरहेको दृश्य देखाइएको छ भने अर्कोतिर मञ्जरी र उसको पछि डल्ले दाइ कुदिरहेको दृश्यलाई क्यामेराभित्र एकै साथ कैद गरिएको छ। यसरी खिचिएको दृश्यलाई स्टैब्लिस्ड सट (Established Shot) पनि भनिन्छ, किनकि यसले दृश्यका स्थिति, वातावरण र महत्त्व दर्शाउने काम गर्दछ। अर्थात् यसको उद्देश्य बहुसङ्ख्यक पात्रहरूको पूरा परिचय दिनु हो। यस्तै प्रकारले क्लोज सट (Close Shot) मा क्यामेराले दृश्यलाई केन्द्रीकरण गरेर यो धेरै नजिकसम्म जान्छ र कुनै व्यक्ति वा वस्तुको निकटतम भाग (अनुहार, शरीर, घर) आदिलाई नजिकबाट देखाइन्छ। यस्तो दृश्यांशलाई क्लोज अप सट (Close up Shot) भनिन्छ। यस प्रकारका दृश्यांशहरूले पात्रको अनुहारको मनोदशा (Facial Expression), स्थिति (Condition) र कुनै नयाँ पात्रको आगमनलाई क्यामेराभित्र लिइएको हुन्छ। उदाहरणका निम्ति- जब मञ्जरी मेनेजरको घरमा काम गर्न गएकी हुन्छे, त्यति बेला मेनेजरले ऊ माथि जबरजस्ती यौनदूर्व्यवहार गर्नु खोज्दा उसलाई जुन रिस उठेको हुन्छ त्यो रिस उनको अनुहारमा देखाउनका लागि क्लोज अप सटको प्रयोग गरिएको

छ। यस चलचित्रमा अन्य दृश्यांशहरूमध्ये एक्सट्रिम लङ्ग सट (Extreme Long Shot)-को पनि प्रयोग गरिएको देखिन्छ, जसमा दृश्यहरूलाई एकदमै टाडाबाट खिचिएको हुन्छ र पात्रहरू ठिम्याउन पनि गाह्रो पर्ने हुन्छ। जस्तै- कमानमा कुल्लीहरू चिया टिप्न जाँदै गरेको दृश्यांश, पल्टनमा लाहुरेहरूमाझ लडाई हुँदै गरेको दृश्यांश, मञ्जरी र डल्ले दाइ गाउँ छोडेर भागेको दृश्यांशहरूमा एक्सट्रिम लङ्ग सटको प्रयोग गरिएको छ। दृश्य परिवर्तनको आधारमा प्रस्तुत चलचित्रमा प्रकटन (Fade In), विलोपन (Fade Out), डिजल्भ (Dissolve), वाइप (Wipe), स्वीस प्यान (Swish Pan) आदि दृश्यांशहरूको पनि प्रयोग गरिएको पाइन्छ। क्यामेराको परिचालनअन्तर्गत क्यामेरालाई तल, माथि, दायाँ-बाँया, अघाडि-पछाडि गरेर गतिशील बनाउनका लागि यस चलचित्रमा टिल्ट् अप (Tilt up) र टिल्ट् डाउन (Tilt down) क्यामेरा तकनिकीको प्रयोग गरी विस्तृत क्षेत्रको दृश्याङ्कन गरिएको छ। यस किसिमको दृश्यांशको मूल उद्देश्य पात्रलाई उठाउनु, ठूलो आकारको र शक्तिशाली देखाउनका लागि प्रयोग गरिन्छ। यस चलचित्रमा फ्लयास ब्याक (Flash back) र फ्लयास फर्वड (Flask forward) तकनिकीको पनि प्रयोग गरिएको पाइन्छ।

**३.२.१.२ निर्देशनः** प्रस्तुत चलचित्र 'लाहुरे' दर्शकहरू माझ निकै नै लोकप्रिय बन्न पुगेको तथा व्यावसायिक पक्षमा समेत सफल बन्न पुगेको चलचित्र हो। स्वयम् निर्देशक लेखक, अभिनेता, सम्पादक पनि भएकाले यस चलचित्रका निर्देशक तुलसी घिमिरे एक

बहुआयमिक व्यक्तित्व भएका निर्देशक हुन् भन्न सकिन्छ। प्रस्तुत चलचित्रमा निर्देशकले आफ्नो कलाको राम्रो प्रस्तुति दिएका छन्। एकजना लाहुरेको जीवन भोगाई र लाहुरेको वीरतासँग गाँसिएको एउटा सुन्दर गाथालाई दृश्यकाव्य बनाएर निर्देशकले पर्दामा उतार्ने जुन प्रयास गरेका छन् त्यो एकदमै प्रशंसनीय देखिन्छ। युद्धको पृष्ठभूमिमा आधारित रहेको यस चलचित्र 'लाहुरे' मा निर्देशक घिमिरेले युद्धसम्बन्धी चित्रणलाई अत्यन्त स्वाभाविक ढंगमा कुशलतापूर्वक प्रस्तुत गरेका छन्। सन् १९८८- मा बनिएको यस चलचित्रमा नयाँ तकनिकीहरूको प्रयोग नभए तापनि चलचित्रमा सामान्य रूपमा प्रयोग हुने क्यामेराका कार्यव्यवहारहरूमाथि निर्देशकले निकै ध्यानपूर्वक कार्य गरेको देखिन्छ। निर्देशनको पक्षबाट हेर्ने हो भने उक्त चलचित्र 'लाहुरे' एउटा सफल व्यावसायिक कथानक चलचित्र हो भन्न सकिन्छ।

**३.२.१.३ प्रकाश :** चलचित्रको निर्माणमा अतिआवश्यक प्रविधिको रूपमा प्रकाश पनि हो। कम प्रकाशमा दृश्याङ्कन गर्न सकिएला तर प्रकाशको अनुपस्थितिमा खालि अँध्यारो मात्र खिच्न सकिन्छ, कुनै दृश्य खिच्न सकिँदैन। चलचित्रमा प्राकृतिक र कृत्रिम गरी दुई प्रकारको प्रकाश व्यवस्था गरिएको हुन्छ।[५] प्राकृतिक प्रकाशको स्रोत सूर्यलाई मानिन्छ भने कृत्रिम प्रकाशको स्रोत विद्यूत तथा रिफ्लेक्टरलाई मानिन्छ। चलचित्र 'लाहुरे'मा

---

[५] सुभाषचन्द्र न्यौपाने, (सन् २०१३), **नेपाली नाटक र चलचित्र सिद्धान्त**, धरान : एन.बी.डी. प्रकाशन, पृ.१९५।

पनि प्रकाशका स्रोतहरूमा प्राकृतिक र कृत्रिम दुवै स्रोतको प्रयोग गरिएको पाइन्छ। प्रस्तुत चलचित्रमा कृत्रिम प्रकाशको प्रयोग कम्ती मात्रामा गरिएको देखिन्छ र प्राय: जसो चलचित्र दिउँसो सूर्यको उज्यालोमा नै छाँयाङ्कन गरिएकोले गर्दा यसमा प्राकृतिक स्रोतको प्रकाशनै बढी मात्रामा प्रयोग भएको छ। धेरै जस्तो अवस्थामा अर्थात् खासगरी रातको दृश्य लिनु पर्दा र कोठाभित्र खिचिने दृश्यांशहरूमा प्राकृतिक स्रोतको प्रकाश चलचित्रका लागि अपर्याप्त हुँदा यहाँ कृत्रिम स्रोतको प्रकाश प्रयोग गरेर प्रकाशको अभावलाई पूर्ति गरिएको छ। आलोच्य चलचित्र 'लाहुरे'मा प्राकृतिक र कृत्रिम प्रकाश बाहेक अन्य प्रकारका प्रकाशहरूको पनि प्रयोग गरिएको छ, जस्तै- की लाइट (Key light), फिल लाइट (Fill light), पार्श्व प्रकाश (Back light), हाइ की लाइट (High Key light) र लो की लाइट (Low key light) आदि। चलचित्र निर्माणकार्यमा प्रकाशको प्रयोगमा रङ्गको भूमिका एकदमै महत्त्वपूर्ण रहेको हुन्छ। रङ्ग भनेको प्रकाशको उपस्थितिमा देखिने वस्तुको परिचय वा स्वरूप हो, जुन आकारात्मक नभएर प्रभावात्मक हुने गर्दछ।[६] यसले परिवेशमा आकर्षण र उदास मन:स्थितिको भावलाई दर्शाउने काम गर्दछ। रङ्ग पनि दुई प्रकारका हुन्छन्- प्राकृतिक र कृत्रिम। प्रस्तुत चलचित्रमा परिवेशअनुसार रङ्गको प्रयोग वास्ताविक र स्वाभाविक देखिन्छ। यहाँ कृत्रिम रङ्गको भन्दा प्राकृतिक रङ्गको प्रयोग ज्यादा मात्रामा गरिएको छ।

---

[६] पूर्ववत्।

**३.२.१.४ ध्वनि :** चलचित्र निर्माणको अर्को महत्त्वपूर्ण प्राविधिक पक्ष ध्वनि हो। चलचित्रमा मानवीय, प्राकृतिक र कृत्रिम गरी तीन किसिमका ध्वनिहरूको प्रयोग गरिएको हुन्छ। मानवीय ध्वनिका रूपमा संवाद, सम्भाषण र गीत पर्दछन् भने प्राकृतिक ध्वनिका रूपमा पर्यावरणीय ध्वनि तथा ध्वनि प्रभावहरू पर्दछन्। यसैगरी कृत्रिम ध्वनिमा मान्छे, पशुप्राणी तथा प्राकृतिक ध्वनिहरूको नक्कल गरिएको ध्वनि र सङ्गीत पर्दछन्। प्रस्तुत चलचित्र 'लाहुरे'मा उक्त चर्चित तीनै प्रकारका ध्वनिहरूको प्रयोग भएको देखिन्छ। संवाद, सङ्गीत र सम्भाषणबाहेक यस चलचित्रमा कृत्रिम ध्वनिको प्रयोग कम मात्रामा गरिएको छ भने प्राय: जसो प्राकृतिक ध्वनिहरूकै प्रयोग भएको पाइन्छ, जस्तै-हल्लाको आवाज, भाले बासेको आवाज, चरा-चरूङ्गीको आवाज, नदी, हुरीबतास, झ्याल ढोकाखोल्दा र थुन्दाको आवाज, भाँडा-कुँडाको आवाज इत्यादि।

आलोच्य चलचित्रमा ध्वनि अङ्कनका दुवै विधिको प्रयोग गरी दृश्य र ध्वनिमा एकरूपता कायम भएको छ र यसैकारण चलचित्रमा अझ स्वाभाविकता पनि थपिएको छ। यसमा कतिवटा ध्वनिहरू डबिङ् गरेर पनि भरिएको छ, जस्तै- लडाई भइरहेको दृश्यमा बन्दुक पडकाएको आवाज, बम पडकेको आवाज, नानी रोएको आवाज आदि। प्रस्तुत चलचित्रमा पार्श्वसङ्गीतको लेपनद्वारा परिवेशअनुकूलको मनोभाव सृजना गर्न वा कुनै विशेष किसिमको भाव व्यक्त गर्नमा सहयोग पुऱ्याएको छ।

**३.२.१.५ सम्पादन :** चलचित्रको छायाङ्कन पश्चातको अर्को चरण अर्थात् अन्तिम चरण सम्पादन हो। यसलाई प्रयोगशालयीय कार्य पनि भन्दछन्। यो कार्य प्राविधिक पक्षको सबैभन्दा मुख्य चरण पनि हो। यसमा छायाङ्कन स्थलमा खिचिएका दृश्यहरू र दृश्यांशहरूलाई व्यवस्थित पटकथाको प्रवाहअनुसार सिलसिलाबद्ध रूपमा समेट्ने काम गरिन्छ। सम्पादन छायाङ्कन पछिको त्यो चरण हो, जसले चलचित्रलाई अन्तिम परिणाममा पुऱ्याउँछ। प्रस्तुत चलचित्र 'लाहुरे'को सम्पादन स्वयम् चलचित्रका निर्देशक तुलसी घिमिरेले गरेका हुन्। यस चलचित्रको सम्पादन पक्ष अत्यन्तै प्रशंसनीय छ। यसमा चलचित्रका सम्पादकले दृश्यांशको क्रमिकता (Continuity) र ध्वनिको तालमेल (Synchronization) माथि एकदमै राम्रो ध्यान पुऱ्याएर कार्य गरेका छन्, जस्तै- भाइ टीकाको दिन बहिनीले घरमा पल्टनमा भएको दाजुको फोटो राखेर टीका-माला लगाउँदै, *'मेरो माइतीको सधैं नैं जीत होस्'* भन्दा अर्को दृश्यको सुरूमै सूर्यले आफ्नो दुश्मनको हत्या गरी विजय हासिल गरेको देखाइएको छ। चलचित्र निर्माणकार्यमा ध्वनि र दृश्यको मेल हुन अत्यन्तै आवश्यक हुन्छ कारण यसको तालमेल भएन भने त्यो चलचित्र स्पष्ट रूपमा कमजोर र असफल बन्न पुग्छ। यस चलचित्रमा ध्वनि र दृश्यको सम्पूर्ण रूपमा मेल भएको देखिन्छ। कलाकारको प्रवेश-प्रस्थान कहाँ-कसरी राख्ने, कथाको उतार-चढाव कसरी कायम राख्ने भन्ने विषयमा पनि चलचित्र सम्पादकले राम्रो कार्य गरेका छन्। सन् १९८०- को दशकमा कतिवटा

प्राविधिकहरूको कमिकमजोरी हुँदाहुँदै पनि यस चलचित्रको सम्पादन पक्षमा सम्पादकले एकदमै ध्यानपूर्वक कार्य गरेको पाइन्छ।

### ३.२.२ प्राविधिक पक्षको आधारमा 'लेटर' कथानक चलचित्रको विश्लेषण

चलचित्र 'लेटर' सिक्किमको फ्लाइयिङ फिश् फिल्मस् प्रडक्सनद्वारा निर्मित नेपाली कथानक चलचित्र हो। उक्त चलचित्रको निर्माण सन् २०१२- मा भएको हो। यसका निर्देशक सामतेन भोटिया र निर्माता अरूण रेग्मी र मनोज गजमेर हुन्। यसको कथा, पटकथा र संवाद सामतेन भोटियाले नै लेखेको हो भने गीत/सङ्गीत सत्यराज आचार्य र स्वरूपराज आचार्यको रहेको छ। जम्मा दुई घण्टा पाँच मिनट अवधिको यस चलचित्रमा प्रमुख नायक र नायिकाको रूपमा उत्तम प्रधान, विशाल चामलिङ्ग र एनी जिम्बा रहेका छन्। यसलाई सम्पादन गर्ने काम चाहिँ अनन्त थपलियाले गरेका छन्।

**३.२.२.१ छायाङ्कन (कोण र दृश्यांश) :** एउटा पूर्ण चलचित्र निर्माण गर्दा त्यहाँ विभिन्न चरणहरू पार गर्नुपर्ने हुन्छ। ती चरणहरू हुन्- छायाङ्कन पूर्व (Pre-Production), छायाङ्कन (Production) र छायाङ्कन पश्चात् (Post-Production)। यी चरणहरूमध्ये छायाङ्कन चलचित्र निर्माणक्रमको दोस्रो चरण हो। यस चरणमा चलचित्र निर्माणसँग सम्बन्धित निर्देशक, व्यवस्थापक, कलाकार, प्राविधिक आदि सबैको अनुकूल समय एकै

पटक पारेर छायाङ्कनको काम थालिन्छ। यो कार्य चलचित्र निर्माणको अत्यन्तै महत्त्वपूर्ण चरण हो। यस चरणमा निर्देशकले गरेको दृश्यांश विभाजनअनुसार छायाकारले चित्र उतार्ने काम गर्दछ। कथाको दृश्यांशले माग गरे अनुसारको परिवेशअनुकूल छायाङ्कन गर्ने स्थल (Location) पनि दुई किसिमका हुन्छन्। ती हुन्- आन्तरिक स्थल (Indoor Location) र बाह्य स्थल (Outdoor location)। प्रस्तुत चलचित्र 'लेटर' आन्तरिक स्थलमा भन्दा प्राय: बाह्य स्थलमा नै बढी मात्रामा छायाङ्कन गरिएको छ। यसको छायाङ्कन सिक्किम र नेपालको काठमाडौंका केही ठाउँहरूमा भएका छन्। छायाङ्कन गर्दा क्यामेरा परिचालनको सन्दर्भमा विभिन्न प्रकारका प्राविधिक पक्षहरूलाई लिएर गरिन्छ। त्यसरी नै उक्त चलचित्रमा पनि क्यामेरा परिचालनको सन्दर्भमा विभिन्न प्रकारका प्राविधिक पक्षहरूलाई प्रयोग गरी चलचित्र निर्माण गरिएको देखिन्छ। चलचित्रको पहिलो दृश्यमा नै नायक-नायिकाबिचको संवादक्रममा ट्रली सट (Trolly Shot) को प्रयोग गरिएको छ। यसमा ट्रलीलाई पछिल्तिर (Backward) - बाट अधिल्तिर (Forward) लीक (Track) बिच्छाएर त्यसमाथि सानो गाडी (Dolly) गुडाएर दृश्य लिइएको छ। यसमा ट्रली सटद्वारा नायक-नायिकाको भाव प्रस्तुतिलाई राम्ररी देखाइएको छ, तर संवाद भने अत्यन्त लामो भएको हुँदा त्यहाँ दर्शकलाई झिझो लाग्ने प्रशस्त सम्भवना देखिएको छ। यी बाहेक पनि क्यामेरा सञ्चालनका अनेक प्राविधिक पक्षहरू देखेका छन्। जस्तै- प्यानरामिक सट (Panoramic Shot)-ले टाडाका दृश्यहरूलाई

सुन्दर ढङ्गले प्रस्तुत गरेको छ भने इन्सर्ट सट (Insert Shot)-ले दृश्यको प्रदर्शन हुँदाहुँदै बिचमा अर्को पूरक दृश्य थप्नमा सहयोग गरेको छ, उदहारणस्वरूप पत्र पढिरहेको दृश्यमा पत्रमा लेखिएको अक्षर समेतलाई झूम गरेर देखाइएको छ। प्रस्तुत चलचित्र 'लेटर' मा टिल्ट अप सट (Tilt Up Shot), टिल्ट डाउन सट (Tilt Down Shot) र कतैकतै फेड इन (Fade In) र फेड आउट (Fade Out) जस्ता सटहरूले पनि दृश्य परिवर्तन र कथावस्तुको प्रस्तुतिमा ठूलो भूमिका खेलेको पाइन्छ। यसका साथसाथै प्रस्तुत चलचित्रको कास्टिङको (Casting) प्रस्तुतिमा दृश्यांशहरू स्थिरछाया (Photography)-को माध्यमबाट दृश्याङ्कृत गरेको पाइन्छ भने त्यसमा गतिशील क्यामेरा (Movie Camera)-को प्रयोग गरिएको पाइँदैन।

**३.२.२.२ निर्देशन :** प्रस्तुत चलचित्र 'लेटर' सामतेन भोटियाको निर्देशनमा निर्मित नेपाली कथानक चलचित्र हो। चलचित्र निर्माणका निम्ति विशेषत: निर्देशकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। चलचित्र प्रदर्शनमा व्यक्ति प्रतिभाको नभएर सामूहिक प्रतिभाको योगदान रहेको हुन्छ। चलचित्र निर्देशक, लेखक, निर्माता, कलाकार, सङ्गीत निर्देशक, शृङ्गार निर्देशक, सम्पादक आदि विभिन्न स्रष्टा एवम् प्राविधिकहरूको संयुक्त भूमिकाको संयोजनबाट चलचित्र निर्माण हुने गर्दछ। यी स्रष्टाहरू आ-आफ्नो क्षेत्र अथवा विधाको निर्देशक हुन्छन्। तीमध्ये पनि चलचित्र निर्माणमा चलचित्र निर्देशकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। चलचित्र निर्देशकमा बहुआयामिक व्यक्तित्व हुन आवश्यक छ, कारण

निर्देशकले नै कथा, पटकथा, संवाद, गीत, सङ्गीत, भेषभूषा, शृङ्गार आदि जुन अरू निर्देशकहरूले तयार पारेका विधिहरूलाई संयोजन गरी राम्रा चलचित्रको निर्माणमा आफ्नो परिपक्व निर्देशन दिनु पर्ने हुन्छ। यस सन्दर्भमा हेर्दा सामतेन भोटियाद्वारा निर्देशित चलचित्र 'लेटर'मा निर्देशकले आफ्नो कलाको राम्रो प्रस्तुति दिएका छन्। यसको कथा, पटकथा र संवाद लेखनको कार्य पनि निर्देशक आफैले लेखेका हुन्। प्रस्तुत चलचित्र मानसिक सन्तुलन ठिक नभएको एउटा व्यक्तिको कथामा आधारित छ, जसलाई अङ्ग्रेजीमा Split Personality Disorder भनिन्छ। मुख्यत: यो कुनै प्रकारको मानसिक आघात वा बाल्यकालमा भएको कुनै प्रकारका दुर्घटनाको कारणले गर्दा हुन्छ। मानसिक रोग लागेको व्यक्ति कस्तो हुन्छ, उसले कस्तो किसिमको व्यवहार गर्छ भन्ने कुरालाई निर्देशकले आफ्नो काल्पनिक र सृजनशील शक्तिका माध्यमद्वारा वास्तविक रूपमा पर्दामा ल्याउने कोशिष गरेका छन्। यस चलचित्रमा निर्देशकले आफ्नो दृष्टिकोण, चाहना, कल्पना, सन्देश आदि नयाँ साङ्केतिक अभिव्यक्तिमार्फत् प्रस्तुत गरेका छन्, उदाहरणका लागि एक जासुस अधिकारी (डिटेक्टिभ अफिसर) ले जाँच कक्षा (इनभेस्टिगेटिभ रूम) मा नायकलाई सोधपुछ गर्दा नायकले देखाइएको हाउभाउ नै साङ्केतिक अभिव्यक्ति हो।

**३.२.२.३ प्रकाश :** चलचित्र 'लेटर'मा पनि प्रकाशका स्रोतहरूमा प्राकृतिक र कृत्रिम दुवै स्रोतको प्रयोग भएको देखिन्छ। यस चलचित्रमा कृत्रिम प्रकाशको प्रयोग कम्ती मात्रामा

गरिएको छ, किनभने यस चलचित्रका प्राय: जसो दृश्यहरू दिनको उज्यालोमा नै छायाङ्कन गरिएको हुँदा यस चलचित्रमा प्राकृतिक स्रोतको प्रकाश नै बढी मात्रामा प्रयोग भएको पाइन्छ। प्रस्तुत चलचित्रमा पनि वस्तु र परिवेशअनुसार रङ्गको प्रयोग राम्रो र स्वाभाविक रूपमा प्रयोग गरिएको छ। यस चलचित्रमा कृत्रिम रङ्ग र प्राकृतिक रङ्ग दुवैको प्रयोग गरिएको देखिन्छ।

प्रस्तुत चलचित्रमा प्राकृतिक र कृत्रिम प्रकाशबाहेक अन्य धेरै प्रकारका प्रकाशहरूको पनि प्रयोग गरिएको देखिन्छ, जस्तै- पात्र, वस्तु र त्यस वरिपरिका समग्र परिवेशहरूलाई चम्काउनका लागि *'की लाइट'* (की प्रकाश)-को प्रयोग र पात्र वा वस्तुको पछाडिपट्टिको छायालाई हटाउनका निम्ति *'फिल लाइट'* (उज्जवल प्रकाश)-को प्रयोग गरिएको छ भने कुनै वस्तु अथवा तस्वीरलाई गहिराइपूर्वक खिच्नका लागि *'व्याक लाइट'* (पार्श्व प्रकाश)-को प्रयोग पनि गरिएको पाइन्छ। यस चलचित्रमा *लो की लाइटिङ्ग* र हाइ की लाइटिङ्ग प्रकाशको माध्यमद्वारा पनि दृश्याङ्कन गरिएको छ। जस्तै- अँध्यारो कोठा वा हलको परिवेश र रातको समयमा लिइएका दृश्यहरूको छायाङ्कन *लो की लाइटिङ्ग* प्रकाशको माध्यमद्वारा लिइएको छ भने कति ठाउँमा पात्रहरूको शारीरिक सुन्दरता र तडकभडक, हाउभाउ, आङ्गिक भाषाको अभिव्यक्ति आदि दृश्याङ्कनहरू लिंदा *हाइ की लाइटिङ्ग*

प्रकाशको प्रयोग गरिएको छ। यस्ता विभिन्न प्रकारका प्रकाशको व्यवस्थापनमा प्रस्तुत चलचित्र 'लेटर'को निर्माण भएको छ।

**३.२.२.४ ध्वनि :** प्रस्तुत चलचित्र लेटरमा मानवीय, प्राकृतिक र कृत्रिम यी तीनै प्रकारका ध्वनिहरूको संयोजन भएको छ। संवाद, सङ्गीत र सम्भाषणबाहेक यस चलचित्रमा कृत्रिम ध्वनिको प्रयोग कम मात्रामा गरिएको छ भने प्रायः जसो प्राकृतिक ध्वनिहरूकै प्रयोग भएको पाइन्छ। जस्तै- हल्लाका आवाज, रोएको आवाज, गाडीको आवाज, चरा-चरूङ्गी, नदी, हुरीबतास, झ्याल-ढोकाको आवाज, गाडाङ्गुरूङ्को आवाज, भाँडाकुँडा, कीरा-फटेङ्ग्रा, जीव-जन्तु, एम्बुलेन्शको साइरणको आवाज, बन्दुक पडकेको आवाज इत्यादि।

चलचित्रको रिल वा फिल्मको किनारामा ध्वनि ट्र्याकको व्यवस्था हुन्छ। ध्वनि अङ्कन गर्नका लागि चलचित्रमा दुईवटा विधिहरू अपनाइन्छन्। पहिलो प्रविधिअनुसार छायाङ्कनकै समयमा ध्वनि पनि अङ्कन गरिन्छ र दोस्रो डबिङ गरेर ध्वनि भरिन्छ। पहिलो विधिअनुसार ध्वनि अङ्कन गर्दा संवादमा स्वाभाविकता त आउँछ, तर त्यसलाई पछि सम्पादन गर्न सकिँदैन अनि दोस्रो विधिद्वारा ध्वनि अङ्कन गर्दा संवादमा स्वाभाविकता ल्याउन गाह्रो हुन्छ, तर बारम्बार ध्वनि अङ्कन गर्न र सम्पादन गर्न सजिलो हुन्छ। प्रस्तुत चलचित्रमा यी दुवै विधिको प्रयोग गरी दृश्य र आवाजमा एकरूपता कायम भएको कारणले यसमा अझ बढी स्वाभाविकता झल्किएको छ। यसमा धेरै जस्ता आवाजहरू डबिङ गरेर

ध्वनि अङ्कन गरिएको छ, जस्तै- फोटो खिच्दा आएको क्यामेरा फ्लासको आवाज, सी.सी. क्यामेरा लगाउँदा बोलेका विद्यूतीय ध्वनि आदि। ठाउँ-ठाउँमा *ओभरल्यापिङ्* ध्वनिले पार्श्व ध्वनिमा नयाँ प्रभाव पारेको छ भने पार्श्व सङ्गीतले पात्र र परिवेशलाई जीवन्त पनि बनाएको छ। घटना र परिवेशअनुसार पार्श्व सङ्गीतको प्रयोग यस चलचित्रमा सान्दर्भिक देखिन्छ।

**३.२.२.५ सम्पादन :** चलचित्रको विभिन्न चरणहरूमध्ये सम्पादन पनि एउटा हो। यो चलचित्र निर्माणकार्यको तेस्रो चरणअन्तर्गत पर्दछ साथै यो चलचित्रको सबैभन्दा मुख्य चरण पनि हो। यसअन्तर्गत छायाङ्कन स्थलमा खिचिएको दृश्यांशहरूलाई सिलसिलाबद्ध रूपमा समेट्ने काम गरिन्छ। सम्पादन छायाङ्कन पछिको त्यो चरण हो, जसले दृश्यांशहरूको छानबीन गरेर शृङ्खलाबद्ध रूपमा दृश्यांशहरूलाई जोडेर चलचित्रलाई अन्तिम परिणाममा पुऱ्याउँछ। प्रस्तुत चलचित्र 'लेटर' को सम्पादन अनन्त थपलियाले गरेका हुन्। यस चलचित्रको सम्पादन पक्ष एकदमै प्रशंसनीय छ। यसमा *कट टु कट* सिन (Cut to Cut Scene)- ले दृश्यहरूलाई प्रभावकारी बनाएको छ। दृश्यांशको क्रमिकता (Continuity), दृश्य र ध्वनिको तालमेल (Synchronization) आदिलाई सम्पादकले चलचित्रमा ध्यानपूर्वक हेरेर सम्पादन गरिएको छ। यस चलचित्रमा ध्वनि र दृश्यको सम्पूर्ण रूपमा मेल भएको देखिन्छ। यसका सम्पादकले चलचित्रमा घटनावलीलाई गैरनेपाली दर्शकसमक्ष राम्ररी प्रस्तुत

गर्नका लागि संवादलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी पर्दामा क्याप्शन (Caption)-को प्रयोग पनि गरेका छन्। प्रस्तुत चलचित्रमा घटना र परिवेशअनुकूल पार्श्व ध्वनिको प्रयोग गरिएको देखिन्छ। सम्पादनको पक्षबाट हेर्ने हो भने आलोच्य चलचित्र 'लेटर' एउटा सफल व्यावसायिक कथानक चलचित्र हो।

## ३.३ उपसंहार

प्रस्तुत अध्याय सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रको विश्लेषण शीर्षकमा केन्द्रित छ। यसअन्तर्गत चलचित्रका तत्त्वगत र प्राविधिक पक्षलाई आधार बनाई सिक्किमबाट निर्मित कथानक चलचित्रहरूमध्ये चारवटा चलचित्रहरूको अध्ययन विश्लेषण गरिएको छ। *साइनो* र *किन मायामा* कथानक चलचित्रलाई चलचित्रको तत्त्वगत आधारमा अध्ययन विश्लेषण गरिएको छ भने *लाहुरे* र *लेटर* कथानक चलचित्रलाई चलचित्रको प्राविधिक पक्षको आधारमा अध्ययन-विश्लेषण गरिएको छ। चलचित्रको तत्त्वगत आधारअन्तर्गत कथावस्तु, पटकथा र संवाद, गीत-सङ्गीत, नृत्य, अभिनय र शृङ्गार पर्दछ भने प्राविधिक पक्षअन्तर्गत छायाङ्कन (कोण र दृश्यांश), निर्देशन, प्रकाश, ध्वनि र सम्पादन पर्दछन्। प्रस्तुत अध्यायमा यी चारवटा चलचित्रहरूलाई तत्त्वगत आधारमा र प्राविधिक पक्षको आधारमा विभाजन गरेर अध्ययन गरिएको छ। यीमध्ये तत्त्वगत आधारमा पनि एउटा पारम्परिक सोच र मान्यता बोकेको र अर्को नवीन विषय र कलात्मक प्रस्तुति भएको

चलचित्रहरूको अध्ययन गरिएको छ। यसरी नै प्राविधिक पक्षको आधारमा पनि दुईवटा चलचित्रहरूमध्ये एउटा पारम्परिक प्राविधिक विशेषता भएको र अर्को नवीन प्राविधिक विशेषता रहेको चलचित्रहरूको अध्ययन-विश्लेषण प्रस्तुत गरिएको छ।

# चौंथो अध्याय

## ४. सिक्किमको सन्दर्भमा नेपाली कथानक चलचित्रको वर्तमान स्थिति, समस्या र चुनौती तथा सम्भावित भविष्य

साहित्य, कला र विज्ञानको सङ्गम तथा आमसञ्चारको अत्यन्त सबल र प्रभावकारी माध्यम नै चलचित्र हो।[१] यो मनोरञ्जनको एउटा साधन मात्र होइन, जीवन र जगत्\का गहन, गम्भीर विषयवस्तु प्रस्तुत गर्ने महत्त्वपूर्ण माध्यम पनि हो।[२] चलचित्रलाई समाजको दर्पण पनि भनिन्छ, कारण यसले समाजमा भएको राम्रा र नराम्रा दुवै पक्षलाई पर्दामा उतार्ने काम गरेको हुन्छ। यसलाई साहित्यको सबैभन्दा कान्छो विधा मानिन्छ र साहित्यिक पाठसँगको अन्तर्सम्बन्धको कारण यो एउटा अन्तर्विषयक विधा पनि हो।

### ४.१ सिक्किममा नेपाली कथानक चलचित्रको थालनी र विकास

सिक्किममा नेपाली चलचित्र निर्माणको इतिहास त्यति लामो छैन। यहाँ नेपाली फिल्म हेर्न थालेको झण्डै तीस-पैतीस वर्ष मात्र पुग्दैछ। डी.बी. परियारले सन् १९५० सालमा कलकत्ताबाट *सत्य हरिश्चन्द्र* नामक पहिलो नेपाली चलचित्र निर्माण गरेको लगभग ३० वर्षपछि मात्र सिक्किमबाट पहिलो नेपाली कथानक चलचित्र निर्माण भएको पाइन्छ।

---

[१]· लक्ष्मीनाथ शर्मा, (सन् २०१०), **चलचित्रकला सिद्धान्त, शैली र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, पृ.१२।
[२]· पूर्ववत्।

सन् १९८४-मा सिक्किम फिल्मस् करपोरेशनबाट निर्मित *मशाल* नामक चलचित्र नै सिक्किमको चलचित्र इतिहासको पहिलो नेपाली कथानक चलचित्र हो।[३] यसका निर्देशक प्रताप सुब्बा थिए भने यसमा रन्जित गजमेरको सङ्गीत रहेको थियो। यस चलचित्रको कथा किसान रोकाद्वारा लेखिएको थियो। यसै चलचित्रका माध्यमबाट तत्कालीन बलीहुड चलचित्र जगत्\का महान हस्तीहरू डेनी डेङ्जोङ्पा र सुनील थापाले नेपाली चलचित्रमा पदार्पण गरेका थिए। ती बाहेक यस चलचित्रमा अभिनय गर्ने कलाकारहरूमा तेज रसाइली, रमला रूम्बा, लामू, साम्तेन, के.बी. मोक्तान, पुण्यप्रभा लोहार, सी.के. श्रेष्ठ, निर्मला छेत्री र मुख्य नायिकाको रूपमा बलीहुडकी नायिका रजनी शर्मा थिए। यस चलचित्रको छायाङ्कन सिक्किमकै पाखा-पखेरूमा गरिएको पाइन्छ साथै यस चलचित्रले सिक्किमकै रैथाने सम्प्रदाय (भोटे, लाप्चे र नेपाली)-को सरल जीवन पद्धतिलाई चलचित्रमा उतारेको छ। यति हुँदाहुँदै पनि कतिपय अमिल्दा कुराहरूले गर्दा प्रस्तुत चलचित्र व्यावसायिक रूपमा सफल हुन सकेन।

यसपछि सिक्किमका युवा निर्देशक उगेन छोपेलको निर्देशनमा ट्रिपल जेम्स मुविजको व्यानरमा सन् १९८७- मा *साइनो* कथानक चलचित्र निर्माण भएको देखिन्छ, जसले एउटा व्यावसायिक रूपमा सफलता हासिल गरेको पाइन्छ। यसको कथा डेनी डेङ्जोङ्पाले लेखेका

---

[३]· चुनिलाल घिमिरे, (सन् २००८), *"चलचित्रको संक्षिप्त इतिहास र सिक्किमेली चलचित्रको पृष्ठभूमि"*, **कला अनि कलाकार भाग-१,** चुनिलाल घिमिरे (सम्पा), गान्तोक :च्यानल ए.सी.ई. प्रोडक्सन्स्, पृ.१४।

थिए भने यसलाई तुलसी घिमिरे, डेनी र उगेन छोपेलले पटकथामा परिणत गरेका थिए। यसको छायाङ्कन दक्षिण सिक्किमको राबोङमा भएको थियो। यसमा डेनी डेङ्जोङ्पा, तृसी नासकर, भुवन के.सी, पुकार गुरूङ, मुरलीधर र बाल कलाकारमा रक्षा मार्क, बिमल सुब्बा, दिलु जैरू आदिले अभिनय गरेका छन्। यो चलचित्र भारत र नेपालमा सर्वाधिक सफल भएको नेपाली कथानक चलचित्र हो। यसरी नै यसै साल अर्थात् \१९८७- मा खेचीपेरी फिल्म प्रोडक्सन्सले *निष्ठुरी* नामक चलचित्रको मुहर्त गरेर केही दृश्यहरू पनि छायाङ्कन गरेको थियो, तर निर्माताहरूका बिच केही मनमुटाव भएको कारणले यो चलचित्रको निर्माण पूरा हुन सकेन। यसपछि सन् १९८८- मा कञ्चनजङ्घा फिल्मसको प्रथम प्रस्तुतिका रूपमा तथा तुलसी घिमिरेको निर्देशनमा *लाहुरे* नामक चलचित्र निर्माण भयो। यस चलचित्रको सम्पूर्ण छायाङ्कन गान्तोक र नाम्ची बजारमा गरिएको थियो। यस चलचित्रमा गोर्खालीहरूको वीरतासँग गासिएको एउटा सुन्दर गाथालाई प्रस्तुत गरिएको छ। दर्शकहरू माझ निकै नै लोकप्रिय बन्न पुगेको तथा व्यावसायिक पक्षमा समेत सफलता हासिल गर्न पुगेका उक्त चलचित्रको कथा, पटकथा, संवाद लेखन र सम्पादनसमेत स्वयम् निर्देशक तुलसी धिमिरे]ले गरेका थिए। यस चलचित्रमा अभिनय गर्ने कलाकारहरूमा श्रवण घिमिरे, तृसी नासकर, तुलसी घिमिरे आदि थिए भने यसमा रन्जित गजमेरको सङ्गीत रहेको थियो। सन् १९९०- मा श्याम प्रधानको निर्देशनमा *भूल* नामक चलचित्रको निर्माण भएको पाइन्छ।

यसको छायाङ्कन सिलगढीमा भएको थियो साथै यसमा अभिनय गर्ने कलाकारहरूमा राजेश हमाल, सृजना बस्नेत, सर्जु शर्मा, पुजा चन्द, मदनदास श्रेष्ठ, माया प्रधान, पुकार गुरूङ, शान्ती प्रधान आदि थिए।

*भूल* चलचित्र निर्माण भएपछि लगभग ८ वर्षको अन्तरालमा मात्र सन् १९९८- मा पाकिमको एडभेञ्चर फिल्मस् कृतको व्यानरमा प्रकाश सायमीको निर्देशनमा अर्को चलचित्र *रानी खोला* नामक चलचित्र निर्माण भएको देखिन्छ। यस चलचित्रका कथा पटकथा र संवाद ध्रुव लोहागणले लेखेका हुन् भने यसमा शक्ति बल्लभको सङ्गीत रहेको छ। मेलिना मानन्धर, मुना कार्की, जगत राजथला, ध्रुव लोहागण, लक्ष्मी गिरी, मार्शल राठौर, सुजीत घिमिरे आदि यस चलचित्रका कलाकारहरू हुन्। *रानी खोला* निर्माण भएको फेरि ८ वर्षको अन्तरालपछि मात्र सन् २००६- सालमा राधे श्याम फिल्मसको व्यानरमा *सञ्जीवनी* नामक चलचित्र निर्माण भएको पाइन्छ। उक्त चलचित्रका निर्देशक श्याम प्रधान हुन् भने यसको कथा सङ्गीता प्रधानले लेखेका थिए। यसमा अभिनय गर्ने कलाकारहरूमा सुशिल छेत्री, झर्ना बज्रचार्य, गणेश उप्रेती, अमृत जङ्ग बस्नेत, रिद्धि चरण श्रेष्ठ, सुभधर अधिकारी आदि थिए। यसरी नै सन् २००७ तिर एस.जी. फिल्मसको व्यानरमा विजय केरूङ्गको निर्देशनमा *आमाको काख* नामक चलचित्र निर्माण भएको थियो। यसको कथा स्वयम्\ निर्देशकले लेखेका थिए र यसको सम्पादन बनिश शाहले गरेका थिए भने सम्भु राईले सङ्गीत दिएका

थिए। यसमा अभिनय गर्ने कलाकारहरूमा राजेश हमाल, निखेल उप्रेदी, तृप्ती नासकर, निरूता सिंह, सज्जा मैनाली, हेमन्त बुढाथोकी, दिनेश शर्मा आदि थिए। यो चलचित्र व्यावसायिक रूपमा त्यति सफल हुन नसकेको देखिन्छ। त्यसपछि सन् २००७- मा आयुष फिल्मस् प्रा.लीको व्यानरमा सोभित बस्नेतको निर्देशनमा *मिसन लव इन सिक्किम* नामक चलचित्र निर्माण भयो। यसमा बिकरन्त बस्नेत, जय किशान बस्नेत, रूशमा राई, नगेन्द्र रिझाल, भानु गुरूङ, पवित्र भट्टराई आदिले अभिनय गरेका थिए। यसरी नै निर्वाणा फिल्मस् प्रोडक्सन्सद्वारा सन् २००९- मा बन्नि प्रधानको निर्देशनमा *प्रियतमा* नामक चलचित्र निर्माण भएको पाइन्छ। यसका कथा, पटकथा र संवाद अमर रसाइलीले लेखेका हुन्। यसमा सुरेन्द्र राणा र धनेन्द्र बिमलको सङ्गीत रहेको छ भने प्रकाश श्रेष्ठ, आनन्द कार्की, राजेश पायाल, थुपदेन भोटिया, सरीता प्रधान, सपना श्री र लोरेटो सिंहको स्वर रहेको छ। दर्शकहरू माझ निकै नै लोकप्रिय बन्न पुगेको तथा व्यावसायिक पक्षमा पनि सफल साबित हुन पुगेको उक्त चलचित्रका सम्पादन बिपेन मल्लले गरेका हुन्। यसमा अभिनय गर्ने कलाकारहरूमा दिलीप रामाझी, रेखा थापा, चुनिलाल घिमिरे, दिनेश शर्मा, बसुन्धरा भूसाल, गोपाल भूटानी, ओमप्रकाश श्रेष्ठ, राजेन्द्र खड्गी आदि थिए।

यसरी नै सन् २०११- मा च्यानल एसी प्रोडक्सन्सद्वारा निर्मित चुनिलाल घिमिरेको निर्देशनमा *किन मायामा* नामक चलचित्र निर्माण भएको थियो। समसामयिक विषयवस्तुलाई

कथाको रुपमा विस्तार गरेर तयार पारिएको यस चलचित्रको कथा निर्देशक आफैले लेखेका हुन् भने यसका पटकथा र संवाद मुक्ति उपाध्याय र प्रकाश आङ्देम्बेले तयार पारेका थिए। यसमा मुकेश खर्काको सङ्गीत रहेको छ भने यसलाई अन्जु पन्त, दिपक लिम्बू, योगिता मोक्तान, कर्म ग्यालसेन बमजन र प्रमोद खरेलले स्वर दिएका छन्। यस चलचित्रको सम्पादन आनन्त थपलियाले गरेका छन्। यसमा अभिनय गर्ने कलाकारहरूमा प्रशान्त तामाङ, सुमिना घिमिरे, चुनिलाल घिमिरे, विक्रम पराजुली, पुनम गुरूङ, विक्रम गौतम, आकाश बाबु, हेमन्त आदि थिए। चुनिलाल घिमिरेको प्रस्तुत चलचित्र *किन मायामा* व्यावसायिक रूपमा सफल भएको देखिन्छ। यसपछि सन् २०१२-मा फ्लाइयिङ फिश् फिल्मस् प्रडक्सनद्वारा निर्मित *लेटर* नामक चलचित्र निर्माण भएको पाइन्छ। यसका निर्देशक सामतेन भोटिया हुन्। यसको सम्पादन आनन्त थपलियाले गरेका थिए भने यसको कथा, पटकथा र संवाद स्वयम्\ निर्देशकले तयार परेका थिए। यसमा उत्तम प्रधान, एनी जिम्बा, बिशाल चामलिङ, निति राई आदिको अभिनय रहेका छन्। यसै वर्ष बिनोद सेरिङ्को साइना कमर्शियल प्रा.ली. व्यानरबाट *अँगालो यो मायाको* नामक चलचित्र निर्माण भयो। सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत चलचित्रमा प्रशान्त तामाङ, हरसिका श्रेष्ठ, महेन्द्र गुरूङ, बिजयता बराइली आदिको अभिनय रहेको छ। यसरी नै सन् २०१३- मा सिक्किमबाट तीनवटा कथानक चलचित्रहरू निर्माण भएको पाइन्छ। अनुसी फिल्मस् प्रा.लीको व्यानरमा

साबीर श्रेष्ठको *इशारा,* जय सिक्किम फिल्मसको व्यानरमा लय संगौलाको *चिनारी* र नन-स्टभ कृएसनको व्यानरमा महेशप्रसाद डुङ्गेलको *शीशा* नामक चलचित्र निर्माण भएको पाइन्छ। *चिनारी* र *शीशा*-भन्दा नारीवादी सिद्धान्तमा केन्द्रित रहेको *इशारा* धेरै दृष्टिले सफल रहेको देखिन्छ। यस चलचित्रमा किरण खरेलको गीत रहेको छ भने महेश खर्काको सङ्गीत रहेको छ। यसको कथा सिभ्म अधिकारीले लेखेका थिए। यस चलचित्रमा अभिनय गर्ने कलाकारहरूमा रेखा थापा, उत्तम प्रधान, भूपेन चन्द, उमा बेबी, हेमन्त बूढाथोकी, रमेश अधिकारी, कुन्त प्रधान, रश्मी भट्ट, चुनिलाल घिमिरे, बिशाल चामलिङ आदि थिए। यसरी नै सन् २०१६- मा ठाकुर आचार्यको निर्देशनमा आर क्युभ फिल्मसद्वारा निर्मित *दर्पण सिक्किमको* नामक अर्को नेपाली कथानक चलचित्र निर्माण भएको पाइन्छ। यसको कथा ठाकुर आचार्यले लेखेका थिए भने यसको गीत पवन कुमार चामलिङ्ले लेखेका थिए। यसमा अभिनय गर्ने कलाकारहरूमा महेन्द्र, रञ्जीत, कला, डी. के.(मनु), नारद, रेवती, नारायण दास, ठाकुर आचार्य, समीर राज, अनुप, कर्मा, राकेश, दिपक, इतिशा, रबिना, दिलीप राजमाझी, उत्तम प्रधान आदि थिए। यी बाहेक अज्ञात निर्देशकहरू र अज्ञात सालको पनि एक-दुईवटा चलचित्रहरू फेला परेका छन्, जस्तै- *के साइनोले बोलाऊँ, म कसरी भनौं, कथा* आदि।

## ४.२ सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रहरूको तालिकागत विवरण

| क्रम सङ्ख्या | चलचित्र | निर्माण संस्था | निर्देशक | प्रकाशन साल (सन्) |
|---|---|---|---|---|
| १ | मशाल | सिक्किम फिल्मस् करपोरेशन, गान्तोक | प्रताप सुब्बा | १९८४ |
| २ | साइनो | ट्रिपल जेम्स मुविज, गान्तोक | उगेन छोपेल | १९८७ |
| ३ | निष्ठूरी | खेचीपेरी फ्रिल्म प्रोडक्सन्स, गान्तोक | अज्ञात | १९८७ |
| ४ | लाहुरे | कञ्चनजङ्घा फिल्मस्, गान्तोक | तुलसी घिमिरे | १९८८ |
| ५. | भूल | अज्ञात | श्याम प्रधान | १९९० |
| ६ | रानी खोला | एडभेञ्चर फिल्मस् कृत, पाकिम | प्रकाश सायमी | १९९८ |
| ७ | सञ्जीवनी | राधे श्याम फिल्मस् | श्याम प्रधान | २००६ |
| ८ | आमाको काख | एस.जी. फिल्मस्, गान्तोक | विजय केरूङ्ग | २००७ तिर |

| | | | | |
|---|---|---|---|---|
| ९ | मिसन लव इन सिक्किम | आयुष फिल्मस् प्रा.ली | सोभित बस्नेत | २००७ |
| १० | प्रियतमा | निर्वाणा फिल्मस् प्रोडक्सन्स, गान्तोक | बन्नि प्रधान | २००९ |
| ११ | किन मायामा | च्यानल एसी प्रोडक्सन्स, गान्तोक | चुन्निलाल घिमिरे | २०११ |
| १२ | लेटर | फ्लाइयिङ फिश् फिल्मस् प्रडक्सन, गान्तोक | सामतेन भोटिया | २०१२ |
| १३ | अँगालो यो मायाको | साइना कमर्शियल प्रा.ली. | बिनोद सेरिङ् | २०१२ |
| १४ | इशारा | अनुसी फिल्मस् प्रा.ली, गान्तोक | साबीर श्रेष्ठ | २०१३ |
| १५ | चिनारी | जय सिक्किम फिल्मस, गान्तोक | लय संगौला | २०१३ |
| १६ | शीशा | नन-स्टभ कृएसन | महेशप्रसाद डुङ्गेल | २०१३ |

| | | | | |
|---|---|---|---|---|
| १७ | दर्पण सिक्किमको | आर क्युभ फिल्मस् | ठाकुर आचार्य | २०१६ |
| १८ | के साइनोले बोलाऊँ | अज्ञात | अज्ञात | अज्ञात |
| १९ | म कसरी भनौं | अज्ञात | अज्ञात | अज्ञात |
| २० | कथा | अज्ञात | अज्ञात | अज्ञात |

## ४.३ सिक्किममा नेपाली कथानक चलचित्रको वर्तमान स्थिति

सिक्किममा प्रारम्भिक अवस्थाका नेपाली कथानक चलचित्रहरूको तुलनामा वर्तमान कथानक चलचित्रहरूको अवस्था सुधारात्मक रहेको पाइन्छ। समसामयिक विषयलाई कथानकको रूपमा प्रस्तुत गर्ने, अभिनय क्षमतामा सुधार ल्याउने तथा प्राविधिक पक्षलाई ध्यान दिने आदि कुराहरूमा सिक्किमका वर्तमान नेपाली कथानक चलचित्रहरू विकसित अवस्थामा रहेका छन्। यसरी चलचित्रका निम्ति उपयुक्त हुने तत्त्व कथानक, अभिनय र संवाद आदिमा उत्तरोत्तर प्रगति गरेर वर्तमानमा सिक्किमका नेपाली कथानक चलचित्रहरूले समय सान्दर्भिक विशेषताहरूलाई ग्रहण गरेका छन्। यसमा अझ प्राविधिक पक्षको विकासमा पनि सिक्किमको नेपाली कथानक चलचित्र उद्योगले गति समातेको छ। आजको सन्दर्भमा नेपाली कथानक चलचित्रहरू पारम्परिक सोच र मान्यतादेखि पर नितान्त भिन्न भावभूमिका

साथ प्रस्तुत भइरहेको देखिन्छ। यस दृष्टिले नेपाली कथानक चलचित्रको अवस्था उर्वर भइरहेको छ। नेपाली चलचित्र भन्ने बित्तिकै पारम्परिक मान्यताका साथ प्रस्तुत हुने साथै ग्रामीण परिवेशमा चित्रित हुने गरीब चरित्रहरूको वर्णन भएको चलचित्र भनेर बुझ्ने प्रथाको अन्त भइसकेको देखिन्छ। आजको नेपाली चलचित्रहरू नवीन विषयवस्तु र कलात्मक प्रस्तुतिका साथ नौलो रूपमा प्रस्तुत भएको पाइन्छ। सामाजिक यथार्थलाई जस्तो छ उस्तै रूपमा प्रस्तुत गरेर यथार्थवादी धाराको नवीन प्रयोग आजको चलचित्रहरूमा देखिन्छन्। प्राविधिक पक्षको विकाससँगै कलात्मक पक्ष पनि विकसित भइरहेको छ। अभिनय पक्षलाई समेत केवल अभिनयकै रूपमा मात्र स्विकार नगरेर आजका नेपाली चलचित्रहरूले यथार्थको नयाँ मार्ग अनुसरण गरेका छन्। सिक्किमको सन्दर्भमा भन्नुपर्दा नेपाली कथानक चलचित्रले वर्तमान अवस्थामा धेरै नै उपलब्धिहरू प्राप्त गरिसकेको देखिन्छ। यसकारण सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रहरूको आफ्नै मूल्य र मान्यता स्थापित भएको पाइन्छ।

पारम्पारिक सोचदेखि हटेर नवीन प्रस्तुति दिने सिक्किमका नेपाली कथानक चलचित्रहरूमा *किन मायामा, लेटर, प्रियतमा, इशारा, अँगालो यो मायाको* आदि चलचित्रहरूको नाम लिन सकिन्छ। यी चलचित्रहरूका कथावस्तु, संवाद प्रस्तुति, अभिनय कला, सम्पादन कार्य, प्राविधिक पक्ष आदि समयअनुकूल रहेको पाइन्छ, यद्यपि चलचित्र निर्माणको निम्ति लाग्ने खर्चको अभावले गर्दा भनेको जस्तो प्राविधिक विकास भने हुन

सकिरहेको छैन। यसका साथै चलचित्रको आन्तारिक स्थल (Indoor shooting) छायाङ्कनका निम्ति उचित स्थानको अभाव पनि रहेकै देखिन्छ। सिक्किममा नेपाली कथानक चलचित्रलाई अग्रगति प्रदान गर्नमा तथा विकासको चरम विन्दुमा पुऱ्याउनमा चलचित्रकर्मीहरू लागिपरिरहेकै छन्। यसमा चुनिलाल घिमिरे, उगेन छोपेल, प्रशान्त रसाइली, साम्तेन भोटिया, सोभित बस्नेत, विनोद सेरिङ आदिले चलचित्रका निम्ति समयअनुकूल परिस्थिति सृजना गर्ने प्रयास गरिरहेका छन्। चलचित्रको सम्बन्ध केवल मनोरञ्जन दिनु र अभिनय कलालाई प्रकाशमा ल्याउनु मात्र नभएर पेशागत रूपमा पनि प्रतिभाहरूलाई सम्मिलित गराउनु हो। यसको निम्ति चलचित्रलाई व्यावसायिकीकरण गर्नु आवश्यक छ। कुनै पनि चलचित्रलाई व्यावसायिकीकरण गर्नका निम्ति चलचित्र उद्योगको स्थापना सबैभन्दा ठूलो समस्याको रूपमा देखा पर्दछ। सिक्किममा चलचित्रका निम्ति उद्योग स्थापना हुन सकेको छैन। यसले गर्दा चलचित्रकर्मीहरू आर्थिक चपेटामा पर्ने{ समस्या बेग्लै छ। यसैको फलस्वरूप सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले सिक्किममा नेपाली कथानक चलचित्रहरूको निर्माण हुन सकिरहेको छैन, तथापि आजसम्म जति पनि चलचित्रहरू निर्माण भएका छन्, त्यसलाई हेर्दा सिक्किमको नेपाली कथानक चलचित्रको वर्तमान अवस्था समृद्ध नै मान्नु पर्ने हुन्छ। प्रविधि, वातावरण र फिल्म स्टिडियोहरूको कमीमा पनि सिक्किमले

राम्राराम्रा कलाकारहरूलाई प्रोत्साहन दिएर उत्कृष्ट विषयवस्तुका साथ उत्कृष्ट चलचित्रहरूको निर्माण गरिरहेको पाइन्छ।

सिक्किममा चलचित्रकर्मीहरूलगायत प्रतिभाशाली अभिनेता-अभिनेत्रीहरूको उत्साह र जागर देख्दा आजसम्म धेरै संख्यामा चलचित्रहरूको निर्माण भइसकेको हुनुपर्ने थियो। यद्यपि आर्थिक अवस्था नै प्रमुख कारण देखा परेकोले गर्दा यहाँ वर्तमान अवस्थामा नेपाली कथानक चलचित्रहरूको सङ्ख्या न्यून रहेको पाइन्छ।

### ४.४ सिक्किममा नेपाली कथानक चलचित्रको समस्या र चुनौती

सिक्किममा नेपाली कथानक चलचित्रको परम्परा र ऐतिहासिक विकासक्रमलाई नियालेर हेर्दा यसले समयअनुरूप विकासशील स्वभावलाई आत्मसात् गर्दै आइरहेको छ। सुरुदेखि आजसम्मको अवस्थामा सिक्किमको नेपाली कथानक चलचित्रहरू समसामयिक दृष्टिले उत्कृष्टतातिर उन्मुख भइरहेको पाइएतापनि यस क्षेत्रमा अनेकौं समस्या र चुनौतीहरू पनि देखा परेका छन्। ती समस्या र चुनौतीहरूमा दर्शक दीर्घको अभाव, चलचित्र प्रदर्शनी भवनको अभाव, सुव्यवस्थित प्राविधिक पक्षको अभाव, उचित प्रचार-प्रसारको अभाव, उत्कृष्ट अभिनयको तालिम केन्द्रको अभाव, फिल्म स्टिडियोको अभाव आदि प्रमुख रहेका छन्।

चलचित्र भनेको मनोरञ्जनको साधनमात्र नभएर बृहत् रूपमा सामाजिक समसामयिक विषयहरूको सम्प्रेषण पनि हो। यो एउटा व्यावसायिक क्षेत्र पनि हो, जसले पेशागत रूपमा

कलाकारहरूभित्र निहित प्रतिभाको संरक्षण र सम्बर्द्धन पनि गर्दछ। यसैले चलचित्र निर्माण हुन मात्र ठूलो कुरो नभएर व्यापक रूपमा यसबाट आर्थिक उन्नति हुन पनि अनिवार्य रहेको देखिन्छ। चलचित्रबाट आर्थिक विकास गर्ने माध्यम भनेकै दर्शक दीर्घ हो। कुनै पनि चलचित्र निर्माण भएपछि सर्वप्रथम त्यसलाई दर्शक दीर्घको अघि कसरी पुऱ्याउने भन्ने समस्या आन्तरिक रूपमा चलचित्रकर्मीहरू माझ विद्यमान रहेकै हुन्छ। यसकारण पनि चलचित्रलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरेर दर्शकहरूको मन आकर्षित गर्नु अनिवार्य विषय ठहर्दछ। सिक्किममा नेपाली कथानक चलचित्रको सन्दर्भबारे भन्नुपर्दा यसले भोगिरहेको विकट समस्या भनेकै दर्शकहरूको अभाव हो। चलचित्रकर्मीहरूले दु:ख-सुख व्यवस्था मिलाएर चलचित्र निर्माण र प्रदर्शन गर्ने परम्परालाई यथावत राखिरहेका छन्, तर भने जस्तो दर्शक दीर्घको अभावले गर्दा ती चलचित्रहरूले आर्थिक लाभ भने प्राप्त गर्न सकिरहेका छैनन्। यस दृष्टिले दर्शकहरूको अभाव एउटा टडकारो समस्या रहेको छ भने ती दर्शकहरूलाई कसरी आकर्षित गर्ने भन्ने विषय चुनौतीको रूपमा रहेको छ।

यसरी नै चलचित्र उद्योगलाई व्यवस्थित ढङ्गले दर्शक दीर्घमाझ पुऱ्याउनका निम्ति चलचित्र प्रदर्शनी भवनको आवश्यकता हुँदछ। सिक्किममा चलचित्र प्रदर्शनी भवनहरूको स्थापना व्यावसायिक दृष्टिले हुन सकेको छैन। सिक्किमको नेपाली कथानक चलचित्र जगतमा देखा परेको एउटा समस्या यही नै हो। उचित स्थानमा व्यावसायिक रूपले चलचित्र

प्रदर्शनी भवनहरूको निर्माण हुन सके सिक्किममा नेपाली कथानक चलचित्रलाई लिएर धेरै उन्नति गर्न सक्ने सम्भावना रहेको छ। यद्यपि चलचित्र प्रदर्शनी भवनहरूको निर्माण एउटा समस्याको रूपमा देखे तापनि उक्त समस्या पूर्ति हुन साथ चलचित्र उद्योग विकासशील अवस्थामा पुग्छ भन्न सकिँदैन। चलचित्र प्रदर्शनी भवनहरूको अभाव एउटा समस्या मात्र हो। यो अभाव पूरा भए पनि ती भवनहरूसम्म दर्शकहरूलाई ल्याउन सक्नु चाहिँ चुनौतीको रूपमा देखा परेको छ। यसका निम्ति चलचित्र प्रदर्शनी भवनहरूको निर्माणसंगसंगै दर्शकहरूलाई आकर्षित गर्ने किसिमका चलचित्रहरू पनि निर्माण गरेर यी दुवै समस्या र चुनौतीको समाधान खोज्नु पर्ने आवश्यकता सिक्किमको नेपाली कथानक चलचित्र जगत्मा देखापरेको छ।

माथिका समस्या र चुनौतीहरूबाहेक प्राविधिक पक्षको समुचित विकास हुन नसक्नु पनि समस्या र चुनौतीकै रूपमा रहेको छ। मूलत: सिक्किमको नेपाली कथानक चलचित्र जगत् उद्योगको रूपमा स्थापित हुन नसकिरहेको कारण भने जस्तो प्राविधिक विकासलाई पनि यसले अपनाउन सकिरहेको छैन। एउटा चलचित्र निर्माण गर्दा जे-जति प्राविधिक सुविधाहरू उपलब्ध हुनुपर्ने त्यति सुविधा सिक्किममा उपलब्ध छैन। गुणस्तरीय छायाङ्कनका निम्ति चाहिने सर-साधनहरूको अभावले गर्दा गुणस्तरीय चलचित्र निर्माणमा खोट देखापरिरहेको छ। यसले गर्दा भने जस्तो सम्पादन कार्य साथै सिनेमेट्रोग्राफीको अभाव

सिक्किमबाट निर्मित नेपाली चलचित्रहरूमा देखा परिरहेका समस्या र चुनौती दुवै हुन्। प्राविधिक पक्षको विकासले अग्रगति प्राप्त गर्न नसक्नु यसको समस्या हो भने प्राविधिक पक्षको विकास भए पनि त्यसलाई सञ्चालन गर्ने व्यक्तिको अभाव यसको चुनौती हो। यसका मूल कारणहरूमध्ये सिक्किममा चलचित्र निर्माण प्रक्रियालाई लिएर तालिम केन्द्रहरूको स्थापना हुन नसक्नु हो। प्राविधिक विकासका निम्ति पनि जुन तालिम केन्द्रको आवश्यकता पर्छ त्यस किसिमको तालिम केन्द्र सिक्किममा निर्माण हुन सकेको छैन। यसले गर्दा प्राविधिक पक्षको विकाससँगसँगै यसलाई उचित रूपमा सञ्चालन गर्नका निम्ति तालिम प्राप्त अनुभवी व्यक्तिहरूको अभाव पनि पुरा हुनुपर्ने आवश्यकता सिक्किममा रहेको छ।

चलचित्र जगतमा उत्कृष्ट एवम् गुणस्तरीय चलचित्र निर्माणसँगै यसको व्यावसायिकीकरणको निम्ति विज्ञापन वा प्रचार-प्रसार पनि आवश्यक हुँदछ। दर्शकहरूलाई आकर्षित गर्ने एउटा सरल र सशक्त माध्यम भनेकै प्रचार-प्रसार हो। यसको निम्ति विभिन्न सामाजिक सञ्जालयुक्त सेलहरूको गठन, विभिन्न वेभ पेजहरूको निर्माण प्रक्रिया साथै युट्युव, हटस्टार आदिको सदुपयोग आजको समयमा उपयोगी रहेका छन्। यी माध्यमहरूको उपयोग गरेर नवनिर्मित वा निर्माण हुन लागिरहेको चलचित्रबारे प्रचार-प्रसार गर्न सकिन्छ। यसो हुँदा व्यापक मात्रामा दर्शकहरू चलचित्रतिर आकृष्ट हुन पुग्दछन्। प्रचार प्रसारका कारण कुनै पनि चलचित्रलाई जिज्ञासाको रूपमा प्रस्तुत गरेर दर्शकहरूको मन खिच्न

सकिन्छ। यसरी सिक्किममा विज्ञापन वा प्रचार-प्रसारको बारेमा माथि उल्लिखित साधनहरूको अभाव रहेको देखिन्छ। यसले गर्दा उक्त अभावहरू समस्या र चुनौतीका रूपमा देखा पर्न आउँछन्। यसमा सिक्किमले बितेका ३८ सालदेखि नेपाली कथानक चलचित्रहरूको निर्माणमा भरसक योगदान पुराउँदै आए तापनि प्रचार-प्रसारको उचित व्यवस्थापन हुन नसक्नु एउटा समस्याको विषय बन्न पुगेको देखिन्छ। यसरी प्रचार-प्रसारका निम्ति गतिशील रूपले माध्यमहरूको छनौट गर्न नसक्नु यस क्षेत्रमा देखा परेको अर्को चुनौती हो।

माथि उल्लिखित विभिन्न प्रकारका समस्या र चुनौतीहरूसँगै उत्कृष्ट अभिनय पक्षको अभाव पनि एउटा प्रमुख समस्या र चुनौतीको रूपमा देखिन्छ। विशेष गरेर सिक्किममा नेपाली कथानक चलचित्र जगतलाई व्यावसायिक दृष्टिले उद्योगको रूपमा स्थापित गर्न नसक्नुले प्रतिभाशाली कलाकारहरूलाई पेशागत रूपमा चलचित्रसँग संलग्न गराउन सकिएको पाइँदैन। कलाकारहरूले पनि चलचित्रमा अभिनय गर्नुलाई केवल अंशकालीन कार्यको रूपमा मात्र अपनाइएको पाइन्छ। यसो हुँदा कलाकारहरूभित्र रहेको प्रतिभा पूर्ण रूपमा प्रस्फुटित हुन सकेको छैन। यसैकारण पनि सिक्किमको चलचित्र जगतमा अभिनय पक्षको न्यूनता रहेको पाइन्छ। यसरी अभिनयका दृष्टिले चलचित्रलाई गुणस्तरीय रूपमा प्रस्तुत गर्न नसक्नु सिक्किमको नेपाली चलचित्र जगतमा देखा परेको मूलभूत समस्या हो भने प्रतिभाशाली

कलाकारहरूलाई पूर्णकालिक पेशाको रूपमा संलग्न गराउन नसक्नु यसको चुनौती हो। उक्त समस्या र चुनौतीबाट उन्मुक्त हुनका निम्ति सिक्किममा नेपाली कथानक चलचित्रको व्यावसायिकीकरण हुन आवश्यक देखिन्छ।

## ४.५ सिक्किममा नेपाली कथानक चलचित्रको सम्भावित भविष्य

सिक्किममा नेपाली कथानक चलचित्रको वर्तमान परिप्रेक्ष्यलाई हेर्दा यसको भविष्य उज्जवल नै रहेको अनुमान लगाउन सकिन्छ। आजको सन्दर्भमा सिक्किम जस्तो एउटा सानो भूपरिवेष्टित राज्यबाट पनि चलचित्र निर्माण गर्ने कार्यलाई अग्रगति प्रदान गर्दै नयाँनयाँ प्रविधि र प्रयोगका साथ सिक्किमका चलचित्र कर्मीहरूले निरन्तर प्रयास गरिरहेका छन्। समसामयिक विषयहरूलाई टिपेर चलचित्रको विषयवस्तु बनाएर नेपाली कथानक चलचित्रमा नवीन प्रस्तुतिहरू देखा परिरहेका छन्। अभिनयको क्षेत्रमा पनि धेरै नै प्रगति र परिवर्तन आइसकेको छ। सिक्किमले चलचित्र निर्माणलाई लिएर प्राविधिक पक्षमा पनि धेरै नै उन्नति गरिसकेको छ। यसरी हेर्दा सिक्किममा नेपाली कथानक चलचित्रले व्यावसायिक रूपमा आफ्नो छुट्टै पहिचान, मूल्य र मान्यता स्थापना गर्न सक्ने सम्भावनाहरू प्रशस्तै देखा परेका छन्, यद्यपि नेपाली चलचित्र निर्माणको कार्यमा देखापरेका समस्या र चुनौतीहरू पनि प्रशस्तै छन्। यी समस्या र चुनौतीहरूलाई विशेष ध्यान दिएर अघि बढन सकिएमा सिक्किमले चलचित्र निर्माणमा उत्तरोत्तर प्रगति गरेर जाने कुरा पनि निश्चित छ। मूलतः सिक्किममा

नयाँनयाँ प्रविधियुक्त व्यावसायिक चलचित्रहरू प्रदर्शन गर्न सक्ने किसिमका प्रदर्शनी भवनहरूको निर्माण, छायाङ्कनका निम्ति उचित स्थानको व्यवस्था, तकनिकी विकास, प्राविधिक पक्षमा तालिम दिने केन्द्रहरूको स्थापना आदि कुरामा सरकार एवम् सम्बन्धित निकायहरूले ध्यान दिएर कार्य गर्नु आवश्यक छ। यी विषयहरूलाई गम्भीरतापूर्वक लिएर काम गर्न सकियो भने सिक्किममा नेपाली कथानक चलचित्रले फस्टिने अवसर पाउने छ। यस दिशामा सिक्किमका चलचित्र निर्माता, चलचित्रकर्मी, कलाकार, विभिन्न सङ्घ-संस्था र सरकारी निकाय आदिको सक्रियता दिन्दिनै बढदै गइरहेकोले पनि भविष्यमा सिक्किमले यस दिशामा धेरै उन्नति गर्न सक्ने सम्भावनाहरू देखापरेका छन्।

## ४.६ उपसंहार

प्रस्तुत अध्याय **सिक्किमको सन्दर्भमा नेपाली कथानक चलचित्रको वर्तमान स्थिति, समस्या र चुनौती तथा सम्भावित भविष्य** शीर्षकमा केन्द्रित रही विमर्श गरिएको छ। यस शीर्षकअन्तर्गत सिक्किमका नेपाली कथानक चलचित्रहरूको ऐतिहासिक अवलोकनका साथै यसको वर्तमान स्थितिबारे पनि चर्चा गरिएको छ। सिक्किममा नेपाली कथानक चलचित्रको परम्परा र ऐतिहासिक विकासक्रमलाई नियालेर हेर्दा यसले समयअनुरूप विकासोन्मुखदिशालाई आत्मसात् गर्दै आइरहेको देखिन्छ। सुरुदेखि आजसम्मको अवस्थामा सिक्किमका नेपाली कथानक चलचित्रहरू समसामयिक दृष्टिले उत्कृष्टतातिर उन्मुख भइरहेको

पाइए तापनि यस क्षेत्रमा अनेकौ समस्या र चुनौतीहरू पनि देखा परेका छन्। ती समस्या र चुनौतीहरूको पनि प्रस्तुत अध्यायमा संक्षेपमा चर्चा गरिएको छ र साथै सिक्किमको सन्दर्भमा नेपाली कथानक चलचित्र निर्माणको सम्भावित उज्जवल भविष्यको पनि छोटो चर्चा गरिएको छ।

# पाँचौं अध्याय

## ५.शोधकार्यको उपसंहार तथा निष्कर्ष

यस अध्यायमा शोधकार्यको प्रत्येक अध्यायको उपसंहारका साथै सम्पूर्ण शोधको निचोड स्वरूप समष्टि निष्कर्ष निम्नलिखित उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ।

### ५.१ अध्यायगत उपसंहार

**सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रको अध्ययन** शीर्षकको प्रस्तुत लघुशोधप्रबन्धमा जम्मा पाँचवटा अध्यायहरू संयोजित छन् र प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका रूपमा प्रस्तुत छ।

पहिलो अध्यायको शीर्षक **शोधको परिचय** रहेको छ। यस अन्तर्गत विभिन्न उपशीर्षकहरूमा शोधकार्यको विधिपरक परिचय प्रस्तुत छ, जसमा शोधको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरणर समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको विधि, ढाँचा र सामग्री सङ्कलन विधि, शोधको सीमाङ्कन र शोधको अध्याय विभाजन लगायत भावी शोधार्थीका निम्ति सम्भावित शोध शीर्षकहरू समाविष्ट छन्।

दोस्रो अध्यायमा **नेपाली चलचित्रको परिचय, तत्त्व र प्राविधिक पक्ष** शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू रहेका छन्, जसअन्तर्गत चलचित्रको परिचय दिँदै चलचित्रका सैद्धान्तिक

आधारमा यसका अर्थ, परिभाषा र प्रकारसमेत प्रस्तुत गर्दै चलचित्रसम्बन्धी सकेसम्म गम्भीर रूपमा अध्ययन गरी चलचित्रका तत्त्व र प्राविधिक पक्षलाई चिनाउने प्रयास गरिएको छ।

तेस्रो अध्याय **सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रको विश्लेषण** शीर्षकमा केन्द्रित छ। यसअन्तर्गत चलचित्रका तत्त्वगत र प्राविधिक पक्षलाई आधार बनाई सिक्किमबाट निर्मित कथानक चलचित्रहरूमध्ये चारवटा मुख्य-मुख्य चलचित्रहरूको अध्ययन र विश्लेषण गरिएको छ। *साइनो* र *किन मायामा* कथानक चलचित्रलाई चलचित्रको तत्त्वगत आधारमा अध्ययन-विश्लेषण गरिएको छ भने *लाहुरे* र *लेटर* कथानक चलचित्रलाई चलचित्रको प्राविधिक पक्षको आधारमा अध्ययन-विश्लेषण गरी उपसंहारसमेत प्रस्तुत गरिएको छ।

चौथो अध्याय **सिक्किमको सन्दर्भमा नेपाली कथानक चलचित्रको वर्तमान स्थिति, समस्या र चुनौती तथा सम्भावित भविष्य**-मा केन्द्रित रहेको छ। यस शीर्षकअन्तर्गत सिक्किमका नेपाली कथानक चलचित्रको थालनी र विकासको संक्षिप्त इतिहास, वर्तमान स्थिति, सिक्किमको चलचित्र उद्योगमा देखापरेका समस्या र चुनौतीहरूका साथै तिनका सम्भावित भविष्यजस्ता उपशीर्षकहरूमा विस्तृत चर्चा गरिएको छ।

पाँचौं अध्याय **अध्यायगत सारांश र निष्कर्ष** गरी दुई उपशीर्षकमा केन्द्रित रही शोधको सम्पूर्ण निचोड प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

यस अन्तिम अथवा पाँचौं अध्यायमा शोधकार्यका समष्टि निष्कर्ष प्रस्तुत छ। प्रस्तुत उक्त शोधकार्यमा चलचित्रका तत्त्वगत र प्राविधिक पक्षलाई आधार बनाई सिक्किमबाट निर्मित प्रतिनिधि नेपाली कथानक चलचित्रहरूको अध्ययन र विश्लेषण गरिएको छ। तत्त्वगत आधारमा कथानक चलचित्रको विश्लेषण गर्ने मुख्य आधारहरूमध्ये कथा, पटकथा, संवाद, गीत-सङ्गीत, अभिनय, नृत्य र शृङ्गार पर्दछन्। यस सम्बन्धमा सिक्किमका प्रतिनिधि दुईवटा कथानक चलचित्र 'साइनो' र 'किन मायामा'-लाई मात्र नमुनास्वरूप छनौट गरी तत्त्वगत आधारमा अध्ययन-विश्लेषण गर्ने कार्य भएको छ। तत्त्वगत आधारमा चलचित्रहरूको अध्ययन गर्दा यी दुवैवटा चलचित्रको कथावस्तुको प्रस्तुति पनि भिन्न रहेको देखिन्छ। 'साइनो' चलचित्रको कथावस्तुमा पारम्परिक सोच र मान्यताका साथै एउटा ग्रामीण परिवेशको चित्रण पाइन्छ भने 'किन मायामा' चलचित्रको कथावस्तुमा सामाजिक सचेतनामूलक विचार रहेको छ। यस अतिरिक्त प्रस्तुत चलचित्रमा आधुनिक युगमा बाँचेर पनि कसरी हाम्रो जातिको सोच अझै पुरातनवादी विचारधारामा अडिएर बसेको छ भन्ने कुरालाई प्रशंसनीय रूपमा देखाइएको छ। यी दुवै चलचित्रहरू भिन्नभिन्नै विषयवस्तु प्रस्तुत

गर्नमा सफल पनि भएका छन्। 'साइनो' चलचित्रले पारम्परिक रूपमा सामाजिक विषयवस्तुलाई प्रस्तुत गरेको छ। यसले नेपाली समाजमा बसोबास गर्ने साधारण मानिसहरूको जीवनशैलीलाई पर्दामा उतारेको छ साथै सिक्किमको अन्तरजातिय सम्बन्धलाई पनि देखाएको छ। चलचित्र 'किन मायामा'-ले आधुनिक ढाँचाको सामाजिक सचेतनामूलक विषयवस्तुलाई प्रस्तुत गरेको छ। यो चलचित्र व्यावसायिक उद्देश्यले मात्र तयार पारिएको नभएर जनहितका निम्ति तयार पारिएको जनचेतनामूलक चलचित्र पनि हो। यी दुई चलचित्रलाई हेर्दा के स्पष्ट हुन्छ भने अहिलेघरि सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रले पारम्पारिक सोच र मान्यतालाई हटाएर नवीन कथावस्तुको प्रस्तुति दिन थालेको पनि अनुभव हुन्छ।

चलचित्रको प्राविधिक पक्ष भन्नाले छायाङ्कन (क्यामेरा र दृश्यांश), निर्देशन, प्रकाश, ध्वनि, सम्पादन आदि बुझिन्छ। यस आधारमा 'लाहुरे' र 'लेटर' कथानक चलचित्रको विश्लेषण नमुनास्वरूप प्रस्तुत गरिएको छ। 'लाहुरे' चलचित्र पारम्परिक प्रविधिमा केन्द्रित रहेको चलचित्र हो भने 'लेटर' चलचित्र नवीन प्रविधिको प्रयोग गरिएको चलचित्र हो। यी दुई चलचित्रहरूमध्ये 'लाहुरे' चलचित्रभन्दा 'लेटर' चलचित्र नयाँ प्राविधिक उपकरणहरूको प्रयोग गरी निर्माण गरिएको छ। यसमा नयाँ तरिकाले विभिन्न प्रकारका दृश्यांशहरू लिएका छन्, जुन 'लाहुरे' चलचित्रमा कम प्रयोग भेटिन्छ।

माथि चर्चित चारवटा चलचित्रहरूको नमुनास्वरूप गरिएको अध्ययन र विश्लेषणका आधारमा सिक्किमको चलचित्र उद्योगमा देखा परेका समस्या र चुनौतीहरू पनि प्रशस्तै छन्। तीमध्ये मुख्य समस्या र चुनौती भनेकै दर्शक दीर्घको अभाव, चलचित्र प्रदर्शनी भवनको अभाव, सुव्यवस्थित प्राविधिक पक्षको अभाव, उचित प्रचार-प्रसारको अभाव, उत्कृष्ट अभिनयको तालिम केन्द्रको अभाव आदि हुन्, जसबारे पहिल्यै विस्तृत चर्चा गरिसकिएको छ।

चौथो अध्यायमा चर्चा गरिएका सिक्किमको चलचित्र जगतका विद्यमान समस्या र चुनौतीहरूको समयमानै समाधान हुनसके सिक्किमको चलचित्र उद्योगको भविष्य उज्जवल नै रहेको अनुमान लगाउन सकिन्छ। आजको सन्दर्भमा सिक्किम जस्तो एउटा सानो भूपरिवेष्टित राज्यबाट पनि चलचित्र निर्माण गर्ने कार्यलाई अग्रगति प्रदान गर्दै नयाँनयाँ प्रविधि र प्रयोगका साथ सिक्किमका चलचित्र कर्मीहरूले निरन्तर प्रयास गरिरहनु एउटा सकारात्मक पक्ष हो। सिक्किममा नेपाली कथानक चलचित्रले व्यावसायिक रूपमा आफ्नो छुट्टै पहिचान, मूल्य र मान्यता स्थापना गर्न सक्ने सम्भावनाहरू प्रशस्तै देखा परेका छन्।

# सन्दर्भग्रन्थसूची

## नेपाली पुस्तकका आधारमा सन्दर्भग्रन्थसूची


गौतम, वन्दना, (सन् २०१३), **चलचित्रका तत्त्वहरूका आधारमा परालको आगो चलचित्रको प्राविधिक, सांस्कृतिक तथा संरचनाको अध्ययन** *(लघुशोध प्रबन्ध),* गान्तोक : नेपाली विभाग, सिक्किम विश्वविद्यालयद्वारा स्वीकृत।

ढुङ्गेल, माधव, (सन् २०१०), **चलचित्र सिद्धान्त**, काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा. लि।

त्रिपाठी, वासुदेव, (वि.सं.२०६७), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

न्यौपाने, सुभाषचन्द्र, (सन् २०१३), **नेपाली नाटक र चलचित्र सिद्धान्त** *(समालोचना),* धरान: एन.बी.डी प्रकाशन।

प्रधान, कुमार र मल्लिकार्जुन, बि.,(प्र. सम्पा), (सन् २०११), **नेपाली लेखन शैली**, मैसुर : भारतीय भाषा संस्थान।

शर्मा, मोहनराज, र लुइटेल, खगेन्द्रप्रसाद, (सन् २००९), **शोधविधि**, ललितपुर : साझा प्रकाशन।

शर्मा, लक्ष्मीनाथ, (सन् २०१०), **चलचित्रकलाः सिद्धान्त, शैली र प्रवृत्ति**, ललितपुरः जगदम्बा प्रकाशन।

सायमी, प्रकाश, (सन् २००४), **चलचित्र : कला र प्रविधि**, काठमाडौं :पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर।

सुवेदी, राजेन्द्र, (सन् २०१२), **चलचित्र सिद्धान्त र नेपाली चलचित्र**, काठमाडौंः कञ्चन प्रिन्टिङ प्रेस।

## अंग्रेजी पुस्तक

Dix, Andrew, (2015), **BEGINNING FILM STUDIES**, New Delhi: Viva Books.

Lowndes, Douglas, (1968), **FILM MAKING IN SCHOOLS**, London: Watson-Guptill Publications.

Reisz, Karel and Gavin Millar, (1975), **THE FILM EDITING**, London: Focal Press

Stam, Robert, (2000), **FILM THEORY AN INTRODUCTION**, USA : Blackwell Publishers.

**हिन्दी पुस्तक**

जोशी, मनोहर श्याम, (सन् २०१३), **पटकथा लेखन एक परिचय** *(दोस्रो)*, नई दिल्ली : राजकमल प्रकाशन।

**पत्रपत्रिका**

घिमिरे, चुनिलाल, (सन् २००५), *'चलचित्रको संक्षिप्त इतिहास र सिक्किमेली चलचित्रको पृष्ठभूमि*, **कला अनि कलाकार,** भाग-१, (चुनिलाल घिमिरे, सम्पा), गान्तोक : च्यानल ए.सी.ई.प्रोडक्सन्स्।

ढुङ्गेल, माधव, (असोझ-२०६६), *'राष्ट्र चलचित्रको पहिचान*, **भृकुटी**, वर्ष १, अङ्क ४, (रमेशप्रसाद भट्टराई, प्र. सम्पा), काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्।

भट्टीराई, प्रदीप, (फागुन २०६४), *'चलचित्र र समाज*, **भृकुटी**, वर्ष १, अङ्क १, (रमेशप्रसाद भट्टराई, प्र. सम्पा), काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्।

सायमी, प्रकाश, (भदौ-२०६५), *'कला-चलचित्रका कथा-पटकथा : संरचनात्मक विशिष्टताहरू*, **भृकुटी**, वर्ष १, अङ्क ३, (रमेशप्रसाद भट्टराई प्र. सम्पा), काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्।

## परिशिष्ट- (क)

चलचित्र निर्देशक चुनिलाल घिमिरेसँग अन्तर्वाता लिँदाको तस्वीर



**स्थान**: नाम-नाङ गान्तोक **समय** : १:३७ बजी दिउँसो **दिनाङ्क** : १५/०१/२०१७

# परिशिष्ट- (ख)

निर्देशक चुनिलाल घिमिरेसँगको अन्तर्वार्ता उनको आफ्नै हस्ताक्षरमा

**प्रश्नावली**

**चलचित्र निर्देशक श्री चुनिलाल घिमिरेसँगको अन्तर्वार्ता**

1. सिक्किमबाट निर्मित पहिलो नेपाली कथानक चलचित्र कुन हो र यसका कास्ट एण्ड क्रु को-को थिए ?

उत्तरः सिक्किमबाट निर्मित पहिलो व्यवसायिक कथानक चलचित्र 'मशाल' हो। यसका निर्माता 'सिक्किम फिल्म कर्पोरेशन' हुन् जसमा केही प्रतिष्ठित व्यक्तिहरूको लगानी छ। यसका निर्देशक प्रताप सुब्बा हुन् अनि स्व० किशन शेकाले कथा लेखेका हुन्। यसमा रञ्जित गजमेरको संगीत छ अनि डेन्नी डेन्जोङ्पा आशा भोंसले आदिले गीत गाएका छन्। 'मशाल' मा सिक्किमका युवा नायक (तत्कालीन) तेज रसाइली र रजनी शर्माले नायक-नायिकाका भूमिका निर्वाह गरेका छन् अनि अन्य मुख्य भूमिकामा डेन्नी डेन्जोङ्पा, सुनील थापा, सुशीला रायमाझी, दिलु जैद, पुकार गुरुङ, बी०के० श्रेष्ठ फुर्बा शेर्पा आदिले अभिनय गरेका छन्। यसमा सम्पूर्ण प्राविधिक सहयोग नेपालबाट र मुम्बईबाट भिकाइएका थिए। चलचित्रको सम्पूर्ण छायांकन सिक्किमको विभिन्न स्थानमा गरिएको थियो।

मिति
२९/०९/२०१२.

हस्ताक्षर

2. सिक्किममा कथानक चलचित्र निर्माणको इतिहास कहिले देखि सुरु भएको हो? रोमियो इन सिक्किमबाट इतिहास सुरु भएको मान्नु हुन्छ कि मशाललाई नै मान्नु हुन्छ?

उत्तर– ज्यू! जहाँसम्म कथानक चलचित्रको सवाल छ, 'मशाल' नै प्रथम हो। ७० कै दशकमा निर्माण भए तापनि 'रोमियो इन सिक्किम' हिन्दी चलचित्र हो जसका निर्माता तथा नायक सिक्किमकै हुन्।

दुःख पनि लाग्छ एस० के० डी० प्रधान (रोमियो इन सिक्किमका निर्माता) ले नेपाली चलचित्र बनाएका भए असल हुन्थ्यो होला। अहिलेलाई चाहिँ 'मशाल' नै प्रथम कथानक चलचित्र हो र यसैलाई मानिन्छ।

मिति

२१/१/२०७२

हस्ताक्षर

३.चलचित्र र साहित्यबिचको सम्बन्धलाई तपाईंले कसरी देखाउनु हुन्छ?

उत्तर - साहित्य बिना चलचित्रको कल्पना पनि गर्न सकिन्न।
साहित्यलाई व्यापक रूपमा ज्ञानको शास्त्रको रूपमा लिइन्छ, साहित्यमा कथा, कविता, गीत, उपन्यास, नाटक र चलचित्र पनि पर्दछन्। साहित्यमा शब्द सौंदर्य र भाव सौंदर्यको दर्शन हुन्छ। हामीसँग अर्थात मानिससँग अनेकौं प्रकारका अनुभवहरू छन्, खुशीहरू छन् पीडाहरू छन्। जीवन बाँच्ने क्रममा, जीवनलाई सौंदर्यमय - कलामय बनाउँदा सृजना गरिएका संस्कृति र परम्पराहरू छन्। यी यावत कुराहरूलाई व्यक्त गर्न मानिसले विभिन्न माध्यमहरू चुने जस्तै कथा - कविता - उपन्यास नाटक। विज्ञान र प्रविधिको विकास सँगसँगै सन् १८२४मा लण्डनका पीटर मार्क रोजेटले दृश्य स्थायीत्व सिद्धान्त अर्थात Persistant of visiin theory को आविष्कार गरे भने १८८४मा न्युयोर्कमा थोमस एडिसनले मुवी क्यामेरा आविष्कार गरे। सन् १८९१ देखि चलचित्र उद्योगको विकासमा विद्युतीय प्रवाह होएको। तर चलचित्र बनाउन अघि कथा चाहियो भने साहित्य बिना कथा लेखिन्न। यसैले चलचित्र र साहित्यको सम्बन्ध अक्षुण्ण छ। साहित्य जीवनको पर्याय हो, जीवन सबभन्दा महत्वपूर्ण छ, महान् पनि। साहित्यले त्यही महत्वपूर्ण जीवन जीउने कलाको अन्वेषण चलचित्रको माध्यमद्वारा गर्दछ। चलचित्रलाई हामी 'दृश्यश्रव्य' साहित्य भन्न सक्छौं तर साहित्यमा जस्तो कागज र कलमले मात्रै चलचित्र निर्माण हुँदैन, यसको लागि उचित प्रविधिहरू, कलाकार - प्राविधिक विशेष र तकनीकि ज्ञानको आवश्यकता पर्दछ। कथा मात्र भएर हुँदैन, पटकथा - सम्वाद, दृश्य र शट विभाजन, गीत संगीत हुँदै चलचित्र निर्माण हुन्छ तर चलचित्र चाँहि भाव माध्यम भन्दा सशक्त, आकर्षक र मनोरञ्जनपूर्ण हुन्छ।

हस्ताक्षर

मिति
२१/१/२०७२

४.तपाईंले आजसम्म निर्देशन गर्नु भएका चलचित्रहरू कुन-कुन हुन् र तीनको सफलता र असफलताबारेमा संक्षेपमा बताई दिनु हुन अनुरोध छ।

उत्तर : मैले व्यावसायिक र कथानक चलचित्र तीनवटा बनाएको छु 'महायात्रा' (२००५) 'किन मायामा' (२०१०) निशान तथा इन सिक्किम (२०१२) निर्माताको रूपमा। अरू लेखन तथा निर्देशन। यस बाहेक दसवटा चलचित्रहरू व्यवसायिक रूपमा होइन तर विभागहरूले प्रायोजन गरेर बनाएको छु। यी सबै कथानक चलचित्र भए तापनि सिनेमा हलमा चलाउनु नपर्ने भएकोले कथानक चलचित्र हुँदा हुँदै पनि सफलता/असफलता भन्ने वर्गीकरण हुँदैन। मैले प्रत्येक चलचित्रमा समाजलाई केही न केही सन्देश दिने प्रयास गरेको छु। सफलताको प्रसंगमा 'किन मायामा' लाई सफल मान्छु, यसले नेपाल अधिराज्यबाट केही उत्कृष्ट पुरस्कारहरू प्राप्त गर्न सफल भयो।

मलाई लाग्छ मेरो कर्तव्य सफल/असफल चलचित्र निर्माण गर्नु मात्र होइन, चलचित्र निर्माण गर्ने परिवेश बनाउनु पनि हो त्यस दृष्टिकोणले हेर्दा म आफूलाई धेरै हदसम्म सफल भएको ठान्छु। यस बाहेक चौबीसवटा (५० भन्दा बेसी) डकुमेन्ट्री, सय भन्दा बढी म्युजिक भिडियो २०० जति विज्ञापन फिलम र दुरदर्शनबाट नेपाली र हिन्दी भाषामा धारावाहिक (Serials) लेखक अनि निर्देशक भएर काम गर्न पाउनु मेरो जीवनको व्यवसायिक नभएर सन्तुष्टिको सफलता हो भन्ने मेरो ठहर छ।

मिति
२१/१/२०१२

हस्ताक्षर

5. तपाईंको विचारमा सिक्किममा चलचित्रको भविष्य के कस्तो छ?

उत्तर: सिक्किममा नेपाली चलचित्रको भविष्य बारे धेरै मत मिल्दैन, सिक्किम सरकार र मुख्यमन्त्री पवन चामलिङ साहबको सोच सकारात्मक छ। यहाँ धेरै जना नयाँ-पुराना चलचित्र कर्मी- निर्माता, निर्देशक, कलाकारहरू पनि छन् तर उचित मेकानिज्म तयार भएको छैन - पूर्वाधारहरू निर्माण भएको छैन। सिक्किम सरकारले चलचित्र र संगीत नाटकको विकासको लागि विकास बोर्ड गठन गरे तापनि बोर्ड निष्क्रिय छ। चलचित्रको विकासले सिक्किम राज्यमा धेरै युवा-युवतीहरू स्वरोजगार बन्न सक्छन् - ठूला साना चलचित्र बनाएर सिक्किमलाई विश्वमा चिनाउन सक्छन् तर यहाँ एउटै 'फिल्म स्टुडियो' (फिल्म सिटी) निर्माण भएको छैन - चलचित्र सुटिङ गर्दा प्राकृतिक सुन्दरता, शान्त परिवेशले मात्रै पुग्दैन पूर्वाधारहरूको विकास गर्नुपर्छ, equipments हरू चाहिन्छ, प्रशिक्षित तकनीकि म्यानपावर चाहिन्छ जुन सरकारको सहयोग बिना सम्भव छैन। सिक्किममा भएको अर्को समस्या 'परमिशन' को पनि छ, कुनै चलचित्र छायाँकन गर्नको लागि विभागीय अनुमति चाहिन्छ तर यसलो अनुमति पत्र सूचना तथा जनसम्पर्क विभागले मात्र दिएर पुग्दैन, पर्यटन विभाग, गृह विभाग, शहरी विकास विभाग, वन विभाग - नगरपालिका, उच्च क्षेत्रको लागि सेना, पुलिस ... यी सबै ठाउँबाट अनुमति निकाल्दा निकाल्दा समय खेर जान्छ। यसको लागि Single window System बनाउनु पर्छ। सरकारले स्थानीय निर्माता/निर्देशकलाई प्रोत्साहन स्वरूप सहयोग पुऱ्याउनु पर्छ, कलाकारहरूलाई उचित कदर गर्नु पर्छ, बाहिरका निर्माता-निर्देशकहरूलाई प्रोत्साहन दिनु पर्छ। यी कामहरू भएको खण्डमा चलचित्रको भविष्य उज्ज्वल हुनेछ।

मिति

२१/१/२०७२

हस्ताक्षर

[signature]

6. सिक्किमबाट निर्मित नेपाली कथानक चलचित्रहरू पूरानै प्रविधि र शैलीका छन् कि तीनमा बलिहुड र हलिहुडको प्रभाव परेको छ?

उत्तर- नेपाली चलचित्र उद्योग अंग्रेजी वा हिन्दी (बलिउड-हलिउड) भन्दा धेरै कान्छो हो। अझ सिक्किमको चलचित्रको इतिहास त पचास वर्ष भन्दा कम उमेरको छ, यस्तो अवस्थामा हाम्रो प्रविधि र शैलीहरूमा बलिउड र हलिउडको प्रभाव छैन भन्न मिल्दैन। भनौं भने हिन्दी चलचित्रहरू हेर्दै हामीहरूले पनि काम गरेका छौं-सिकेका छौं यति मात्रै होइन कतिपय प्राविधिक र औजारहरू जस्तै क्यामेरा, ट्रली, विद्युत सबै उहाँबाट झिकाएर गरिन्थ्यो। वर्तमान अवस्थामा आइपुग्दा पनि हामीसँग पर्याप्त पूर्वाधारहरू छैन। हिन्दी चलचित्रको बजार कैयौं गुणा ठूलो छ, हिन्दी चलचित्रको एउटा गीत छायांकनमा जति खर्च हुन्छ त्यसले एउटा नेपाली चलचित्र बनिन्छ। हिन्दी सिनेमामा कमसेकम डेढ सयदेखि दुईसय क्रु सदस्य हुन्छन् हामी तीस चालीस जनाले (अधिकतम) काम चलाउँछौं। नेपाली चलचित्र उद्योगमा अझै पनि मनग्गे लेखक, सिनेम्याटोग्राफर, निर्देशक, संगीतकार र कलाकारहरू आउन सकेका छैनन्, पेशागत होइन शौखले मात्र आउँछन्, तर पनि सिक्किममा निर्मित कतिपय चलचित्रहरू नयाँ प्रविधि र शैलीका छन् भने कतिपय चाहिँ बाल्य अवस्थामा छन्। डिजिटल र विवाहमा प्रयोग गरिने क्यामेराले 'शुट' गरेर कथानक चलचित्र भन्दै ठेल्ने पिँढीहरू पनि कम छैनन्। शोक पुरा गर्नेलाई होइन सिनेमाको 'एबिसि' लाई बुझेर फिल्म बनाउनु पर्ने हो यसमा सिक्किम पछाडि नै छ।

हस्ताक्षर

मिति
२१.१.२०७२